नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शुक्रबार साउन १८, २०७५ | Friday, August 3, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लागा ६ | वर्ष २४, अंक २०५ | पृष्ठ १२ | मूल्य रू १०/–

२ { फुटबलको कायापलट गर्ने ट्रान्सफर विन्डो
५ { 'नेपालीका दु:खका दिन गए'
९ { सरकारको ६ महिने कार्यकाल निरासाजनक
१० { दिगो विकासको लक्ष्य हासिल गर्न सम्भव



डल्लुनजिकै गुह्येश्वरी फाँटकी एक महिला नजिकैको धारामा पानी नआएकाले खाली भाँडा बोकेर घर फर्किंदै । यस ठाउँमा खानेपानीको उचित व्यवस्थापन नभएको र सडक निर्माण कार्य ढिलो भएका कारण सर्वसाधारणले सास्ती खेप्नुपरेको बताउँछन्। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# हात-हातमा बेचिन्छन् नेपाली महिला

**नेपाल समाचारपत्र**
बाँके

बाँकेकी ३४ वर्षीया रामकली (नाम परिवर्तन) लाई स्थानीय दलबहादुरले ३० हजार रुपियाँ लिएर काठमाडौंस्थित राजु भन्नेकहाँ पुर्‍याए। काठमाडौंका राजुले दिल्लीका एजेन्ट जगतलाई ३ लाखमा रामकलीलाई बेचे।

दिल्लीका जगतले कुवेतमा रहेका बंगालीबाट ८ लाख रुपियाँ लिएर रामकलीलाई सुम्पिए। बंगालीबाट अरबीले कति रुपियाँमा किनेर लगे, त्यो कुरा रामकलीलाई थाहा भएन। रामकलीले यत्तिमात्रै देखेकी थिइन् कि बंगालीको कोठाबाट अरबीले उनलाई लैजाँदा १ हजार ५ सय केडी अर्थात् ७ लाख ८० हजार रुपियाँ गनेर दिएको थियो।

एक नेपाली महिला खाडीमा पुग्दासम्म कति ठाउँमा बिक्री हुन्छिन् भन्ने यो एउटा उदाहरणमात्र हो।

गत माघ ११ गते नेपालगन्ज हुँदै दिल्ली जाने बसमा गएकी रामकली १२ गते दिल्ली पुगेकी थिइन्। उनी त्यही दिन दिल्लीबाट दुबई उडिन्। दिल्ली एयरपोर्टसम्म रामकलीलाई पुर्‍याउन श्रीमान्समेत गएका थिए। दुबईमा ३ घण्टा रोकिएपछि जहाज कुवेत पुग्यो। कुवेतमा रामकलीलाई ६ दिनपछि एक जोडी अरबी आएर किनेर लग्यो।

दलालले रामकलीलाई घरमा काम गर्ने हो, झाडु, पोछा, खाना पकाउने, बच्चा हेर्नुपर्छ भनेका थिए। त्यसबापत उनलाई मासिक ५० हजार नेपाली मिल्छ भनिएको थियो। अरबीले घरमा लगेपछि '८ लाखमा किनेर ल्याएको हो, जे भन्छु त्यही गर' भन्दै कुटपिट र हिंसा गर्न थाल्यो।

६ दिनपछि रामकली त्यो घरबाट भागेर बंगालीको कोठामा आइन्। नराम्रो काम परेको गुनासो गरिन्। त्यसपछि बंगाली एजेन्टले अर्को घरमा काम गर्न

> पैसा सकिएपछि श्रीमान्ले रामकलीलाई 'तँ अरबीको श्रीमती, मसँग नजिक नआइज, एड्स सर्छ' भनेर कुटपिट गर्न थाले। एकै ठाउँमा सुत्न पनि छोडे।

पठायो। त्यो घरमा ३ दिन बस्दा पनि त्यस्तै हिंसा भयो। त्यहाँबाट पनि भागेर पुन: त्यही आइन्। बंगाली एजेन्टले फेरि अर्को घरमा पठायो। त्यो घरमा ७ दिन बस्दा पनि रामकलीमाथि हिंसाले निरन्तरता पायो। यो घरका साहुले त एकतलाबाट तल फालिदिए।

तेस्रो घरबाट पनि भागेर आएपछि रामकलीलाई बंगाली एजेन्टले चौथो घरमा काम गर्न पठायो। एवं रीतले रामकलीले ७ महिना कुवेतमा बस्दा ६ वटा घर चाहारिन्। शुरूका तीनवटा घरमा नराम्रो काममा परेपछि उनले घरमा श्रीमान्लाई फोन गरेर 'उद्धार' गर्न भनेकी थिइन्। श्रीमान्ले पनि स्थानीय दलालमार्फत उद्धारको प्रक्रिया अघि बढाएका थिए।

रामकलीले कुवेतमा ७ महिना काम गरिन्। ३ महिनाको मात्रै तलब पाइन्। त्यो पनि २७ हजार ५ सयको दरले। दु:ख सहेर पनि उनले ९० हजार रुपियाँ घरमा पठाइन्। रामकलीका श्रीमान्ले २०७५ वैशाख २४ गते केआई नेपालमा उद्धारका लागि निवेदन दिएका थिए। त्यही निवेदनलाई आधार मानेर केआई नेपालले परराष्ट्र मन्त्रालय हुँदै कुवेतस्थित नेपाली दूतावाससँग समन्वय गरेर रामकलीलाई नेपाल झिकाएको छ।

साउन ७ गते काठमाडौं आइपुगेकी रामकलीलाई लिन श्रीमान् पनि एयरपोर्टमा पुगेका थिए। ३४ हजार साथमा लिएर आएकी रामकली र श्रीमान् त्यो दिन काठमाडौंकै एक होटलमा बसे।

रामकलीसँग भएको पैसाले घरमा पंखा हाल्नेदेखि श्रीमान्का जेठी श्रीमतीतर्फका छोराछोरीलाई कपडा किनियो। पैसा सकियो। पैसा सकिएपछि श्रीमान्ले रामकलीलाई 'तँ अरबीको श्रीमती, मसँग नजिक नआइज, एड्स सर्छ' भनेर कुटपिट गर्न थाले। एक ठाउँमा सुत्न पनि छोडे। विदेशमा दु:ख पाएर आएकी रामकलीलाई यतिबेला घरपरिवारले पनि कष्ट थपिदिएको छ।

स्थानीयदेखि काठमाडौंका दलालविरुद्ध मानव बेचबिखन तथा ओसारपसार मुद्दा दायर गरेर कारबाही प्रक्रिया अघि बढाएकी रामकलीलाई घरपरिवारले उल्टै पीडा थपिदिएको छ। 'अब म श्रीमान्सँग सम्बन्ध बिच्छेद गर्छु र दलाललाई कारबाही गराउँछु।' -रामकलीले भन्नुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# पाँच महिनापछि समिति गठन

**नेपाल समाचारपत्र**
काठमाडौं

संघीय संसद्को बैठक शुरू भएको झन्डै ५ महिनापछि प्रतिनिधिसभा र राष्ट्रियसभाको विषयगत समिति गठन भएको छ। संसद्को पहिलो अधिवेशन फागुन २१ गते बसेको थियो। वैशाख २३ गतेदेखि शुरू भएको संसद्को दोस्रो अधिवेशन अहिले पनि जारी छ।

बिहीबार बसेका दुवै बैठकमा समितिमा रहने सदस्यको नाम सुनाइएको थियो। प्रतिनिधिसभाको बैठकमा सभामुख कृष्णबहादुर महराले प्रस्तुत गर्नुभएको विषयगत समितिमा रहने सदस्यको नामलाई सभाले बहुमतले अनुमोदन गरेको थियो। प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले सदन अवरोध गरिरहेका बेला सभामुखले विपक्षीको आवाज नसुनेर नै समितिमा रहने सांसदको नाम प्रस्तुत गर्नुभएको थियो। नामावली सुनाउँदा गृहमन्त्रीको जवाफ चित्त नबुझेको भन्दै कांग्रेसले गृहमन्त्रीसँग थप प्रश्नको जवाफ मागिरहेको थियो।

प्रतिनिधिसभामा अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, कानुन, न्याय तथा मानवअधिकार समिति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक समिति, राज्य व्यवस्था समिति, विकास तथा प्रविधि समिति, शिक्षा तथा स्वास्थ्य समिति र सार्वजनिक लेखा समिति रहेका छन्।

सबैभन्दा बढी सदस्य विकास तथा प्रविधि समिति र सार्वजनिक लेखा समितिमा रहेका छन्। यी समितिमा २७ जना सदस्य छन् भने कानुन, न्याय तथा मानव अधिकार समितिमा २३ जना मात्र छन्। राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले बिहीबार बसेको राष्ट्रियसभाको बैठकमा ४ वटा समितिका सदस्यको नाम मनोनयन गर्नुभयो। तिमल्सिनाले बैठकमा नाम घोषणा गर्दा कांग्रेस भने मौन बसेको थियो।

कांग्रेसले राष्ट्रियसभाका चारमध्ये कम्तीमा एउटा समिति सभापति दाबी गर्दै आएको छ।

(क्रमश: पृष्ठ ९ मा)

## गृहमन्त्री कड्किए

गृहमन्त्री रामबहादुर थापाले प्रतिनिधिसभाको बैठकमा पछिल्लो समयमा भएका आपराधिक घटनाबारे संसद्लाई जानकारी दिनुभएको थियो।

बिहीबारको बैठकमा प्रमुख प्रतिपक्षी दलका सांसदहरूले विभिन्न ठाउँमा भएका बलात्कार र जघन्य अपराधका घटनाबारे सरकारको जवाफ मागेका थिए।

गृहमन्त्रीले सरकार अपराध नियन्त्रण गर्न सचेत रहेको भन्दै शान्ति-सुरक्षामा ध्यान दिने बताउनुभयो। कञ्चनपुरको भीमदत्त नगरपालिकाकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको अनुसन्धानले देखाएको र जाहेरीका आधारमा शंकास्पद व्यक्तिलाई पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको गृहमन्त्रीले जनाउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# जोशीको सुनुवाइ आज

काठमाडौं, (नेस)



प्रस्तावित प्रधान न्यायाधीश दीपकराज जोशीको सुनुवाइ आज शुक्रबार हुँदै छ। संसदीय सुनुवाइ समितीले जोशीका बारेमा आज निर्णय गर्ने समिति सदस्य पूर्णकुमारी सुवेदीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

प्रस्तावित प्रधानन्यायाधीश जोशीको सुनुवाइ पटकपटक सर्दै आएको छ। गत बिहीबारदेखि संसदीय सुनुवाइ प्रक्रिया थालिए पनि अहिलेसम्म प्रस्तावित प्रधानन्यायाधीश जोशीको नाम अनुमोदन गर्ने या नगर्ने भन्ने विषय अन्योलमै छ। सुनुवाइको क्रममा जोशीको शैक्षिक प्रमाणपत्र, फैसला र उनका इजलासले गरेका आदेशहरूमा देखिएका विवादका विषयमा उजुरी दर्ता भएका थिए।

कांग्रेस र राजपा जोशीका पक्षमा सकारात्मक देखिएका छन् भने सत्तापक्ष नेकपा शैक्षिक प्रमाणपत्र विवादमा परेको भन्दै अनुमोदन गर्न आनाकानी गरेका छन्। तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली चैत्र १ गते बर्खास्ती भएपछि अहिलेसम्म प्रधानन्यायाधीश पद रिक्त छ।

# काठमाडौं महानगरमा बेथिति

## उपहार किन्न ७५ लाख

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले विदेशी र स्वदेशी पाहुनाका लागि उपहार किन्न चालू आर्थिक वर्षमा ७५ लाख रुपियाँ विनियोजन गरेको छ।

कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत (सचिव), अन्य जनप्रतिनिधिहरू विदेश भ्रमण जाँदा र विदेशी पाहुना नेपाल आउँदा किन्नुपर्ने उपहारका लागि उक्त रकम विनियोजन गरिएको जानकारी दिनुभयो।

उहाँले विदेशी राष्ट्राध्यक्ष, प्रधानमन्त्री, मन्त्री, उच्च ओहदाका प्रतिनिधि, कूटनीतिक नियोगका प्रतिनिधिलगायतका पाहुनालाई उपहार दिने प्रचलन रहेको दाबी गर्नुभयो। कामनपाले स्वागत तथा अतिथि सत्कारमा २ करोड २५ लाख, अतिथि सत्कार तथा जलपानमा १ करोड ५० लाख, पूजामा ८ लाख, विविधमा ३ करोड रुपियाँ विनियोजन गरेको छ।

यस्तै मसलन्द र छपाइमा २ करोड २५ लाख, जनशक्ति तालिममा २ करोड, बैठक तथा समिति भत्तामा १ करोड ५३ लाख, बैठक तथा समिति खर्चतर्फ ३५ लाख, परामर्श शुल्कतर्फ ३० लाख, भ्रमण र दैनिक भत्तातर्फ १ करोड ६० हजार रुपियाँ विनियोजन गरिएको छ। जनप्रतिनिधिले स्थानीय निकाय सञ्चालन गरेपछि यो वर्ष अधिकांश शीर्षकमा रकम बढाइएको हो।

### ६० वर्षदेखि म्याद थपेको थप्यै

# अझै बनेन कान्ति लोकपथ

सुरेश मार्फा, काठमाडौं

कान्ति लोकपथ यस वर्ष पनि सम्पन्न हुन सकेन। तोकिएको समयमा काम नसकिएपछि कान्ति लोकपथ निर्माण योजनाको म्याद थप्न माग गरिएको छ। १ वर्ष म्याद थप्न सडक विभागसँग प्रस्ताव पठाएको उक्त योजनाका इन्जिनियर नरेन्द्र भट्टले जानकारी दिनुभयो।

'लगभग सम्पूर्ण काम अन्तिम अवस्थामा पुर्‍याइएको छ। केही काम बाँकी रहेकोले म्याद थप्नुपरेको हो।' -इन्जिनियर भट्टको दाबी थियो।

आगामी दुई हप्ताभित्र १ वर्षकै म्याद थपिने बताउँदै उहाँले अघिल्लो आर्थिक वर्षभित्र नै काम सकी काठमाडौं-मकवानपुर (हेटौंडा)मा सवारी गुडाउने लक्ष्य भए भए पनि पूरा नभएको स्विकार्नुभयो।

छोटो दूरी भएकाले कम समयमै आउन जान सकिने हुँदा सरकारले यसलाई वैकल्पिक मार्गको रूपमा विशेष प्राथमिकतामा दिँदै आएको छ।

स्थानीय बासिन्दाले भने म्याद थपिए पनि अझै सडक निर्माण कार्य पूरा हुनेमा आशंका गरेका छन्। उनीहरू भन्छन्- 'सुखा पहिरो, कडा चट्टानी भू-बनोट, अहिलेको ठूल्ठूलो पहिरोजस्ता समस्याले यस्तो शंका उब्जाएका हो।'

तीनपाने भञ्ज्याङदेखि झाँक्रीडाँडा हुँदै भट्टेडाँडासम्म सुखा पहिरो खसिरहँदा काम प्रभावित भइरहेको छ भने भट्टेडाँडादेखि करिब ७ किमि खण्डमा कडा चट्टान फुटाउन नसकिँदा अहिले पनि सिंगल लेनमा सवारी साधन गुडाउनुपरेको छ। उक्त खण्डमा रहेको कडा चट्टानको भाग फुटाउन ५ मेट्रिक टन विस्फोटक पदार्थ चाहिने बताइन्छ।

कुल ९० किमि सडक खण्ड योजनाको भनिए पनि योजनाले ललितपुरको टीकाभैरव पुलदेखि मकवानपुर खण्डको बुद्धचोकसम्म ७९ किमि सडक विस्तार गर्नुपर्दछ। त्यसमध्ये २० किमि कालोपत्रे भएको योजनाले जनाएको छ। साढे १७ किमि मकवानपुर र साढे २ किमि ललितपुर खण्डमा कालोपत्रे भएको छ। ६० किमि सडक खण्ड कालोपत्रे गर्ने तयारीमा रहेको इन्जिनियर भट्टले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# दुर्लभ डल्फिन कैलालीमा बाक्लै

टीका बन्धन, काठमाडौं

नेपालका लागि लोपोन्मुख र दुर्लभ सूचीमा सामेल डल्फिनको चहल-पहल कर्णालीको सहायक नदी मोहना र आसपासका जलप्रणालीमा बाक्लै देखिएको छ। मोहनाका सहायक नदीहरू काँडा, कान्द्रा, पथरिया र आसपासमा ४७ वटा डल्फिन भेटिएका छन्।

नेपाल जैविक विविधता अनुसन्धान समाजले ती क्षेत्रमा स्थलगत अध्ययन/अवलोकन गर्दा ७ वटा वयस्क भाले फेला परेका छन् भने १२ वटा बच्चा र बाँकी २८ मध्ये धेरै पोथी भेटिएका छन्। २८ मध्ये केहीको लिङ्ग पहिचान नभएको वन्यजन्तुविद् प्राडा मुकेश चालिसेले जानकारी दिनुभयो।

चालिसे नेतृत्वको टोलीले गत शुक्रबार र शनिबार मोहना र आसपासका जलप्रणालीमा डल्फिनको वस्तुस्थिति अध्ययन गरेको थियो। मोहना नदीका करिब ५० मध्ये ३७ वटा घाटमा सूक्ष्म अध्ययन/अवलोकन गर्दा पथरिया र मोहनाको दोभान (ढुंगाना टोल)को एउटै घाटमा ७ वटा डल्फिन देखिएको उहाँले जानकारी दिनुभयो।



'पथरिया र मोहना दोभानबाहेक अन्यत्र एकै साथ त्यस्तो ठूलो संख्या भेटिएन, ३७ वटा घाटको अवलोकन गर्दा २४ ठाउँमा डल्फिन भेटिए', चालिसेले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'बाँकी १३ वटा घाटमा भने देखिएन।' गणनाका क्रममा वर्षा नभएकाले जलसतह घट्दा अपेक्षा गरिएका भेगमा सो जन्तुको चहल-पहल नदेखिएको उहाँको भनाइ छ। डल्फिन गणना कार्यका लागि ६३ जनशक्ति परिचालन गरिएका थिए भने स्थानीय डल्फिन संरक्षण केन्द्रका अध्यक्ष ८४ वर्षीय भोजराज श्रेष्ठसहितको टोलीले पनि सघाएको थियो।

एउटा घाटदेखि अर्को घाटसम्मको दूरी कम्तीमा एक किलोमिटर तय गरेर गणना गरिएको र त्यस क्रममा देखिएका/भेटिएका डल्फिन एउटै हो होइन भनेर पटक-पटक परीक्षण गरिएकाले संख्यामा शंका गर्न नपर्ने गणक टोलीको दाबी छ। गणनास्थल कैलालीको टीकापुर र भजनी नगरपालिका आसपासको क्षेत्र हो। डल्फिनको गणनाका अतिरिक्त विचरण क्षेत्र, बासस्थान र बासस्थानको गुणस्तर परीक्षण गर्न पानीको नमुना संकलन गरिएको र केही दिनमा विस्तृत पक्ष थाहा हुने गणना टोलीका अर्का विज्ञ सुनिल खतिवडाले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)



# फुटबलरको कायापलट गर्ने ट्रान्सफर विन्डो

> इंग्लिस प्रिमियर लिगमा मे १६ देखि ट्रान्सफर बजार खुलेको थियो। जुन अगस्ट ९ सम्म खुला रहनेछ। नियमअनुसार इंग्लिस टोलीले अगस्ट ३१ सम्म मात्र खेलाडी बेच्न पाउँछन्, तर किन्न भने पाउँदैनन्। अन्य युरोपियन टोलीका लागि भने जुन १ देखि बजार खुलेको थियो। जसका कारण ती क्लबले भने अगस्ट ३१ सम्म खेलाडी किनबेच दुवै गर्न पाउनेछन्।

कविरस शर्मा
kabirash2006@gmail.com

विश्व फुटबलको सर्वोच्च निकाय फिफाको नियमअनुसार युरोपेली फुटबल क्लबहरूलाई वर्षको २ पटक खेलाडी किनबेच गर्ने नियम तोकिएको छ। जुन ट्रान्सफर विन्डोको नामले परिचित छ। व्यावसायिक फुटबलमा गर्मी (समर) र जाडो (विन्टर) याम गरी दुईपटक ट्रान्सफर विन्डो खुल्ने गर्दछ। यद्यपि कारोबार शुरू र बन्द गर्ने समय भने सम्बन्धित देशका फुटबल संघले निर्धारण गर्ने गर्छ। अहिले समर विन्डो ट्रान्सफर बजार खुला छ। ट्रान्सफर विन्डो खुलेसँगै फुटबल व्यवसायमा अर्बौं रूपियाँ कारोबार भइरहेको छ।

इंग्लिस प्रिमियर लिगमा मे १६ देखि ट्रान्सफर बजार खुलेको थियो। जुन अगस्ट ९ सम्म खुला रहनेछ। नियमअनुसार इंग्लिस टोलीले अगस्ट ३१ सम्म मात्र खेलाडी बेच्न पाउँछन्, तर किन्न भने पाउँदैनन्। अन्य युरोपियन टोलीका लागि भने जुन १ देखि बजार खुलेको थियो। जसका कारण ती क्लबले भने अगस्ट ३१ सम्म खेलाडी किनबेच दुवै गर्न पाउनेछन्।

समर ट्रान्सफर विन्डो क्लबहरूका लागि आगामी सिजनमा बलियो टोली बनाउनका लागि महत्त्वपूर्ण हुन्छ। सिजनको मध्येमा अर्थात् जनवरीमा खुल्ने विन्डोमा भने तुलनात्मक रूपमा त्यति धेरै कारोबार भएको देखिँदैन। अहिले क्लबहरूले खेलाडी भित्र्याउने र बेच्ने काम गरिरहेका छन्। यस सिजनको समर विन्डो शुरू भए यता रियल मेड्रिडका स्टार स्ट्राइकर क्रिस्टियानो रोनाल्डो १ सय मिलियन पाउन्डमा इटालियन महारथी क्लब युभेन्टस पुगिसकेका छन्।

यस्तै रोमका गोलकिपर एलिसन बेकर पनि ६५ मिलियन पाउन्डको कीर्तिमानी रकममा लिभरपुलमा अनुबन्धित भएका छन्। गोलकिपर किनबेचमा अहिलेसम्मकै यो सर्वाधिक महँगो ट्रान्सफर बन्यो।

## यसरी हुन्छ खेलाडी स्थानान्तरण

खेलाडी किनबेचमा एजेन्ट भूमिका महत्त्वपूर्ण हुन्छ। एजेन्टको प्रमुख काम खेलाडीहरूलाई स्थानान्तरणमा सहयोग गर्नु हो। प्रायःजसो खेलाडी एजेन्टमार्फत् नै स्थानान्तरण हुँदै आएको छ। कुनै एक क्लबले आफूलाई उपयुक्त खेलाडीलाई अनुबन्ध गर्न चाहेमा उसले सबैभन्दा पहिला ती खेलाडीको एजेन्टसँग कुरा गर्छ। त्यसपछि मात्र एजेन्टले खेलाडी अनुबन्धित क्लबसँग कुरा अघि बढाउँछ।

त्यसपछि एजेन्टले खेलाडीसँग प्राप्त प्रस्तावका बारेमा छलफल गर्छन्। खेलाडी मात्रै अर्को क्लबमा जान चाहेर पनि हुँदैन। सम्बन्धित क्लब पनि खेलाडी बेच्न सहमत हुनुपर्छ। किन्न चाहने र बेच्न चाहनेबीच खेलाडीको मूल्यमा सहमति जुट्नसमेत आवश्यक हुन्छ। यो ट्रान्सफर विन्डो खुला रहेको बेला मात्रै सम्भव हुन्छ। योबाहेक खेलाडी, एजेन्ट, दुई क्लब र वकिलबीच अनुबन्धको कुरा टुंगो लाग्न आवश्यक हुन्छ। नयाँ सम्झौतामा तलब र बोनसको विवरणसमेत समावेश गरिन्छ।

## एजेन्टको भूमिका

खेलाडीले आफ्नो अनुकूल आम्दानीलाई सहज बनाउन एजेन्टलाई भाडामा लिन्छन्। अनुबन्धको विषय क्लबमा होस् या कम्पनीमा, एजेन्टले नै सबै हेर्छन्। खेलाडी केवल फुटबलमा मात्रै ध्यान दिन्छन्। यद्यपि खेलाडी र एजेन्टबीच यो विषयमा छलफल भने हुने गर्छ। खेलाडीले काम गरेवापत एजेन्टलाई भुक्तानी गर्ने गर्छन्। कुनै खेलाडीले उच्च स्तरको प्रर्दशन गरिरहेको छ भने ऊ ठूला-ठूला टिमको नजरमा पर्छ। ती टिमले उसलाई अनुबन्ध गर्न खोज्नु स्वभाविकै हो। ती क्लबले खेलाडीलाई लोभलाग्दो तलब, बोनस र अन्य सुविधा दिने प्रस्ताव राख्छन्। केवल ठूला क्लब मात्रै होइन मार्केटिङ कम्पनी पनि त्यस्ता खेलाडीप्रति आकर्षित हुन्छन्। उनीहरूबाट ती व्यापारिक संस्थाले आफ्ना उत्पादनको विज्ञापन गरिदेओस् भन्ने चाहन्छन् र आकर्षक पारिश्रमिकसमेत दिन्छन्।



यदि कुनै क्लब खेलाडी बेच्न तयार छ भने दुई क्लब र खेलाडीका एजेन्टसँग स्थान्तरण शुल्कका बारेमा कुराकानी हुन्छ। एजेन्टले तलब, प्रर्दशन बोनस, रिलिज क्लोज, म्याच बोनस आदिका बारेमा छलफल गर्छ। कुरा मिलेमा एजेन्टको निर्देशनपछि खेलाडीले आफूले खेल्ने गरेको क्लबमा आफ्नो अनुबन्ध समाप्त गरिदिन्छ र नयाँ क्लबमा स्थान्तरण हुन्छ।

वास्तवमा खेलाडी स्तान्तरण सबैभन्दा विवादास्पद विषय पनि हो। मेसी, रोनाल्डो, नेयमारजस्ता अन्य चर्चित खेलाडीलाई अनुबन्ध गर्दा क्लबले पनि बलियो प्रायोजकसमेत पाउने गर्छ। जसका कारण जर्सी बिक्रीका साथै अन्य मर्केन्डाइज आइटमको बिक्री बढ्ने गर्छ। क्लबले उनीहरूका एप, भिडियो, साइटको तस्वीर प्रयोग गर्छ।

टिमको किट रिलिज गर्दा उनीहरूको तस्वीर प्रयोग गरिन्छ। यसले क्लबलाई वित्तीय फाइदा पुऱ्याउँछ। यी सबै कुरा इमेज राइट्सभित्र पर्छन्। अनुबन्धको समयमा यो अधिकार स्पष्टरूपमा उल्लेख गरिन्छ। क्लबले प्रायोजकसमक्ष अधिकतम् इमेज राइट्स माग राख्ने गर्छ। तर, यो राइट्सको विषयमा निकै विवादसमेत हुने गरेको छ। कहिलेकाहीँ इमेज राइट्स अथवा तलबको कुरा नमिल्दा खेलाडीले क्लबसँग सम्झौता थप गर्न मान्दैनन्।





दुश्मनका लागि यो हात फलाम हो

अभिनेता राजेश हमाल यूकेमा रमाइलो मुडमा।

PAGE3

पूजाआजा

नायिका तथा निर्मात्री पशुपतिमा पूजाअर्चना गर्दै।



# पत्नीको मिर्गौलाले काम नगरेपछि
# गायक कार्की तनाबमा

रश्मी थापा

२ दशकदेखि मधुर स्वर तथा फरासिलो र हँसिलो व्यवहारबाट सबैलाई खुसी दिँदै आएका लोकप्रिय गायक आनन्द कार्की अहिले भने आफै दुःखी बन्न पुगेका छन्। उनी त्यति बेला छाँगाबाट खसेझैं भएर पीडामा परे, जब उनकी पत्नी ईश्वरी कार्कीको मिर्गौलाले काम गर्न छोडेको छ भन्ने कुरा डाक्टरबाट थाहा पाए।

ईश्वरीको मिर्गौलाले काम गर्न छोडेको पत्ता लागेपछि हाल उनी डाइलसिस पद्धतिमा गएका छन्। ९ वर्षदेखि मधुमेह र उच्च रक्तचापबाट समेत पीडित ४९ वर्षीया ईश्वरीको केही समय अघिदेखि नै स्वास्थ्यमा समस्या देखिएको थियो। विभिन्न चिकित्सककहाँ गएर स्वास्थ्य परीक्षण गर्दा पनि केही पत्ता नलागिरहेको बेला अचानक हात खुट्टा सुन्निएका कारण भारतको दिल्ली पुगेर परीक्षण गर्दा ईश्वरीको दुवै मिर्गौलाले काम गर्न छोडेको पत्ता लागेको आनन्दले बताए। 'अचानक डाक्टरले भारतको दिल्ली लैजानुपर्छ भनेपछि हामीले दिल्ली लग्यौं। अनि मात्र उनको दुईओटै मृगौला ड्यामेज भइसकेको कुरा थाहा भयो र नेपालमै ल्याएर डाइलसिस शुरू गरियो।' -आनन्द भन्छन्। पटकपटक स्वास्थ्य परीक्षण गर्दा पनि डक्टरले गम्भीरतापूर्वक नलिएका कारण ईश्वरीको मिर्गौलाले काम गर्न छोडेकोबारे ढिला थाहा भएको आनन्दले बताए। 'अब छिट्टै मिर्गौला प्रत्यारोपण गर्नुपर्ने भएकोले साथीभाइ आफन्त तथा शुभचिन्तकको सहयोगको अपेक्षा गरेको छु। हप्तामै ३ पटकसम्म डाइलसिस गर्नुपर्छ। त्यसका लागि धेरै शुल्क लाग्ने रहेछ', आनन्द भन्छन्- 'कसैले किड्नी डोनेट गर्दा हामीलाई निकै सहयोग हुनेछ।'

भारत तथा नेपालमा ईश्वरीको उपचार गर्ने क्रममा आनन्दले पटकपटक ईश्वरीलाई डायलसिस गराइसकेका छन्। यसबाट धेरै आर्थिक भार पर्न गएकोले अहिले आर्थिक कठिनाइसमेत भगिरहेका कारण गायक कार्कीले आफूलाई सहयोग गर्न चाहनेले सहयोग गर्न सक्ने बताएका छन्। 'मैले पनि फ्रि अफ कस्ट धेरै सामाजिक ठाउँमा सहयोग गरेको छु। सरकारले गरेका विभिन्न कार्यक्रममा पनि मैले सहयोग गर्दै आएको छु। कलाकारलाई राष्ट्रको गहना भन्ने गरिन्छ, त्यसैले सरकारबाट पनि केही सहयोगको अपेक्षा गरेको छु। यो समय मलाई सहयोग गर्नुपर्ने भएको छ। सबैजनाको सहयोग, आशीर्वाद र शुभकामनाको अपेक्षा गरेको छु।' -उनले भने। ईश्वरीको मिर्गौला फेल भई समस्यामा परेपछि गायक कार्कीको अहिलेको दैनिकी नै उनको उपचारका लागि अस्पताल धाउने भएको छ। मिर्गौला प्रत्यारोपणको प्रतीक्षामा रहेकी ईश्वरीको हाल राष्ट्रिय मिर्गौला केन्द्रमा डायलसिसलगायतको उपचार चलिरहेको छ। नेपालको कानुनअनुसार मिर्गौला आफन्तले दिनुपर्ने तथा दुर्घटनाका कारण निधन भएकाबाट मिर्गौला लिन सकिने प्रावधान रहेको छ। तर आनन्द दम्पतीले हालसम्म मिर्गौलादाता भेटिसकेका छैनन्। 'कसैले एउटा किड्नी दान गरिदिए ईश्वरीले नयाँ जीवन पाउनेछिन्। मिर्गौला प्रत्यारोपण गर्नका लागि नेपालमा ३०/४० लाख रुपियाँ खर्च हुने रहेछ', आनन्दले भने- 'म कलाकार मान्छेका लागि यो धेरै रकम हो। त्यसैले सबैको सहयोगको अपेक्षा गरेको छु।' आनन्दले भावुक हुँदै भने- 'म सधैं रोमान्टिक गीत गाएर हिँड्थे। तर अचानक नसोचेको वज्रपात पर्न गयो।'



**हरायो हाँसो**
ईश्वरीको मिर्गौला फेल भएपछि गायक आनन्द कार्की दम्पतीको यो खुसी र हाँसो दुःख र चिन्तामा परिणत भएको छ।

# मोनिका मिस क्विन लमजुङ



लमजुङ, (नेस)। जिल्ला सदरमुकाममा आयोजित सौन्दर्य प्रतियोगितामा बेसीशहरकी मोनिका गुरुङ *मिस क्विन लमजुङ* २०१८ भएकी छिन्। उनले *मिस क्विन लमजुङ*को ताजका साथमा ५० हजार रुपियाँ पाएकी छन्। मोनिकाले *मिस ब्युटिफुल* उपाधि पनि आफ्नो बनाएकी छिन्।

प्रतियोगितामा १५ हजार रुपियाँ पुरस्कारसहित सारा तामाङ *फस्ट* तथा मोनिका श्रेष्ठ १० हजार रुपियाँसहित *सेकेन्ड रनर्सअप* भइन्। साराले *मिस क्याटवक* र मोनिकाले *बेस्ट मिस फिगर* टाइटल अवार्डसमेत जिते। प्रतियोगितामा शर्मिला परियार *मिस ट्यालेन्ट* र मिस फ्रेन्डली, सिम्रन श्रेष्ठ *मस्ट पपुलर* र *बेस्ट स्माइल*, सुमीना श्रेष्ठ *मस्ट डिसिप्लिन*, सलिना पराजुली *मिस फोटोजेनिक* र पुनम तामाङ *बेस्ट स्किन* उपउपाधिका विजेता भए। विजयीहरूलाई प्रमुख अतिथि गण्डकी प्रदेशका सांसद मधु अधिकारी, निर्णायक समितिका संयोजक डा. रामचन्द्र ठकुरी, आयोजक संस्थाका अध्यक्ष सरीता थापा मगरसहितले पुरस्कार प्रदान गरेका थिए। प्रतियोगिता तनहुँ इभेन्ट म्यानेजमेन्ट दमौलीले आयोजना गरेको हो।

# पूजाको भूत अवतार



तस्वीर : रंगराज आचार्य



'यो के सधैं प्रेमकथाको फिल्म बनाउने हिरो निर्देशक सुदर्शन थापाले यसपालि भूतको फिल्म बनाए?' आगामी भदौ २२ गते अल नेपाल रिलिज हुने फिल्म *रामकहानी*को ट्रेलर हेरेपछि आउने प्रतिक्रिया हो यो।

बिहीबार राजधानीमा आयोजित *रामकहानी*को ट्रेलर शोबाट पनि यस्तो प्रतिक्रिया सुनियो। आफै हिरोका रूपमा समेत प्रस्तुत भएका सुदर्शनले *रामकहानी*मा नायिका पूजा शर्मालाई भूत अवतारमा प्रस्तुत गरेपछि बाहिरिएको प्रतिक्रिया हो यो। प्रेमकथामै बनेको *रामकहानी*को ट्रेलरमा सुदर्शनले राम र मायाको कथाका साथमा हास्य कलाकारहरुको रमाइलो कमेडी र भूतको कथा अटाएका छन्। निर्देशक थापाले *रामकहानी* प्रेमकथाकै फिल्म भएको र प्रेमभित्र अन्य उपकथा जोडिएको खुलाए।

पूजा शर्मा, आकाश श्रेष्ठ, राजाराम पौडेल, केदार घिमिरे, जितु नेपाल, रवीन्द्र झा, विल्सन विक्रम राईलगायतका कलाकार प्रमुख भूमिकामा अभिनय गरेको फिल्ममा अर्जुन पोखरेलको संगीत, सौरभ लामाको छायांकन रहेको छ। फिल्म निर्देशक सुदर्शन र नायिका पूजा शर्माले निर्माण गरेका हुन्।

# कायरा आर्यनको परीक्षा !



नायक तथा निर्माता आर्यन सिग्देलका लागि अबको साता परीक्षाको साता हुने भएको छ। यो आजबाट उनीद्वारा निर्मित तथा अभिनित पछिल्लो फिल्म *कायरा* देशभर रिलिजमा आएसँगै उनको परीक्षा शुरू हुने भएको हो। आर्यनको यसअघिका फिल्मले आशातीत सफलता पाउन सकेका छैनन्। त्यसैले आज अल नेपाल रिलिज हुने *कायरा* उनका लागि परीक्षा हुने भएको हो।

सिग्देलको निर्माण र अभिनयसँगै लेखन र गीत लेखनसमेत रहेको *कायरा*लाई उनी स्वयंले पनि परीक्षा मानेका छन्। आर्यनको होम प्रोडक्सन आर्यन सिग्देल इन्टरटेन्मेन्ट र आर एन्ड आर प्रोडक्सनको ब्यानरमा निर्माण भएको *कायरा* फरक खालको प्रेम कथामा निर्माण भएको फिल्म हो।

माया, रोमान्स र विछोडमा आधारित फिल्ममा आर्यनको साथमा साम्राज्ञी राज्यलक्ष्मी शाह मुख्य भूमिकामा छिन्। लक्ष्मण रिजालले निर्देशन र निर्माणसमेत रहेको फिल्ममा शिशिर राणा, हितेश शर्मा, सुरेश न्यौपाने, मरिषा श्रेष्ठलगायतका कलाकार प्रमुख भूमिकामा छन्। केदार भुसालको पटकथा तथा संवाद रहेको फिल्ममा कोसिस क्षत्री, अर्जुन पोखरेल र कल्याण सिंहको संगीत, प्रवीण सिंहको कोरियोग्राफी, शिवराम श्रेष्ठको छायांकन, बनिष शाह र मिलन श्रेष्ठको सम्पादन रहेको छ।

आर्यनको प्रतिक्षीत फिल्म *कायरा*सँगै आजैबाट *झमकबहादुर* नामक अर्को फिल्म पनि रिलिजमा आउने भएको छ। यूबी फिल्मस् ग्यालरी र दियालो इन्टरटेन्मेन्टको प्रस्तुति रहेको *झमकबहादुर* महलमा बस्ने र झुपडीमा बस्नेहरूको कथालाई कमेडी शैलीमा प्रस्तुत गरिएको बताइएको छ। फिल्ममा नायक अनुपविक्रम शाही मुख्य भूमिकामा छन्। भोमन कटुवालले निर्देशन गरेको फिल्ममा अनुपविक्रमको साथमा यादव देवकोटा, सरापे राजु कमेडी, सुजता थापा, मीनकुमार तामाङलगायतका कलाकारको मुख्य भूमिका रहेको छ। मीनकुमार तामाङको निर्माणमा बनेको फिल्ममा रनजित गजमेर र ओम सुनारको संगीत, जीवन थापा, राजन, सूर्य र सलिनाको कोरियोग्राफी, राजु किरातको द्वन्द्व, पवन गौतमको छायांकन तथा अनिलकुमार मर्हजनको सम्पादन रहेको छ।

फ्राइडे फिल्म



कामना GAIJATRA 35Th EDITION ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लड्डिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र
यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

प्रेम त्यो हतियार हो, जसको
प्रयोगले शत्रु पनि मित्र बन्दछ।
– महात्मा गान्धी

स्वतन्त्रतापूर्वक कुनै आनन्द
मनाउनुभन्दा बढी आनन्द मानिसको
निम्ति अन्य कुनै हुन सक्दैन।
– स्पेन्सर

## सम्पादकीय

नेपाल समाचारपत्र

## भूकम्पपीडित आवास कर्जाको ब्याज नबढाऊ

सरकारबाट भूकम्पपीडितका लागि २ प्रतिशत ब्याजदरमा आवास कर्जा उपलब्ध गराउने भनिए पनि अधिकांश भूकम्पपीडित झन्झटिलो प्रक्रियाले गर्दा यो सुविधा लिनबाट वञ्चित भएका छन् । उनीहरूलाई यो सुविधा लिन 'आकाशको फल आँखा तरी मर्' जस्तै भएको छ । यता बल्लतल्ल यस्तो कर्जा लिन सफल भएका भूकम्पपीडितहरू पनि अहिले आएर मारमा परेका छन् । बैंक तथा वित्तीय संस्थाहरूले भूकम्पपीडितका लागि २ प्रतिशत ब्याजदरमा उपलब्ध गराउँदै आएको आवासीय कर्जा सुविधामा ब्याजदर बढाएपछि अहिले त्यस्तो कर्जा लिने भूकम्पपीडितहरू अन्योलमा परेका हुन् ।

विडम्बना नै भन्नुपर्छ, लोकप्रियताका लागि विनातयारी निर्णय गरिँदा अहिले सरकार, कर्जा उपलब्ध गराउने बैंक तथा वित्तीय संस्था एवम् भूकम्पपीडितसमेत अप्ठ्योरामा परेका हुन् । न्यूनतम कर्जा अवधि ५ वर्षका लागि भनेर २ प्रतिशत ब्याजदरमा ऋण लिएका भूकम्पपीडितलाई बैंक तथा वित्तीय संस्थाले कर्जा उपलब्ध गराएको तेस्रो वर्षदेखि अन्य आवासीय कर्जासरह १५ प्रतिशतसम्म ब्याज असुल्न थालेपछि भूकम्पपीडित समस्यामा परेका हुन् । २ प्रतिशत ब्याजदरमा आवासीय कर्जा लिएका भूकम्पपीडितले १५ प्रतिशत ब्याज तिर्न नसकेर धितोस्वरूपको घरजग्गा नै लिलाम हुने अवस्था आएकाले पनि समस्या उत्पन्न भएको हो ।

खासमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई शून्य ब्याजदरमा पुनर्कर्जा उपलब्ध गराएको र सोही कर्जा भूकम्पपीडितलाई २ प्रतिशत ब्याजमा ती बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराउँदै आएका हुन् । राष्ट्र बैंकले जारी गरेको 'भूकम्प प्रभावित परिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनर्कर्जा कार्यविधि २०७२' मा नै कर्जाको अवधि न्यूनतम ५ वर्ष हुने उल्लेख गरिएको भए पनि दोस्रो वर्षदेखि उक्त सुविधा उपलब्ध गराउन छाडेपछि भूकम्पपीडितले चर्को ब्याज तिर्नुपरेको हो । तर अहिले राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को धारा ४९ अनुसार पुनर्कर्जाको अवधि एकवर्ष मात्र हुने भए पनि नवीकरणमार्फत एक वर्ष थप गरी अधिकतम दुई वर्षका लागि मात्र उपलब्ध गराउन सकिने व्यवस्थालाई आधार मान्दै पुनर्कर्जा अवधि २ वर्ष नै हुने जानकारी गराएको छ ।

बैंक तथा वित्तीय संस्थाले भूकम्पपीडितलाई उपलब्ध गराउने आवासीय कर्जामा पुनर्कर्जाको अवधि २ वर्ष मात्र हो भनी बुझाउन नसकेका कारण समस्या आएको राष्ट्र बैंकको भनाइ छ । तत्कालको समस्या समाधानका लागि ऋण तिर्न नसकेका भूकम्पपीडितको सम्पत्ति अर्को व्यवस्था नभएसम्म लिलाम नगर्न बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले निर्देशन दिएको छ । तत्कालका लागि लिलाम हुनबाट रोकिए पनि दीर्घकालीन उपाय सुझाउनै पर्छ । अब एकले अर्कोलाई दोष दिएर उम्कन खोज्नुहुँदैन । राष्ट्र बैंकले भूकम्पपीडितको प्रयोजनका निम्ति बैंक तथा वित्तीय संस्थालाई तोकिएको अवधिका लागि पुनर्कर्जा उपलब्ध गराउनुपर्छ । यो पुनर्कर्जाको अवधि २ वर्षबाट ५ वर्ष बनाउन सरकारले पनि कुनै कसरत बाँकी राख्नुहुँदैन । भूकम्पपीडितलाई दिइएको वा दिइने २ प्रतिशत ब्याजको आवास कर्जासम्बन्धी अन्योलता हटाउनै पर्छ ।

# नारीवाद र समसत्ताको आशा



कमला रेग्मी भट्टराई

देशले परिवर्तनकारी सोचको सिँढी चढ्दै जाँदा स्थानीय चुनावसँगै नवीन नेतृत्वका मुहारलाई स्वागत गरिरहेको छ। गाउँ-टोलले परिवर्तनको अनुभूत गरिरहेको छ। समाजले अलिकति महिला नेतृत्वलाई नीतिगत बाध्यताले वा देखेर अर्थात् रहरमा या त बुझेर जे होस्, अलिकति स्थान दिएको छ। थोरै नारीवादी सिद्धान्तले उठ्ने बाटो पाएको भान भइरहँदा अवसर र चुनौतीका दुवै खाले विपरीत ध्रुवले कुस्ती खेल्दै छ। चुलोचौको र घाँसदाउरा अनि मेलापातमा जीवनको सर्वस्व देख्ने नारीहरूले पनि समाजमा बसेर देशोन्नतिको बारेमा चासो राख्न थाले। हँसिया समातेर घाँसदाउरा, स्याउलालाई भेला पार्ने गाउँले नारीले अलिकति देशतिर पनि आँखा लम्काउन थालिन्। राज्यले अवसर दियो, समाजले हौसला दियो अनि नारीले आँट जन्माए। वर्तमानका नेतृत्वले भावी नारीमा शिक्षा र जोश बढाइदिए।

सामाजिक सञ्जालमा गुन्जिएका हरेक आवाजले देशको राम्रै व्याख्या गरे- देश नयाँ परिणाम र दिगो शान्तिको बिगुल घन्काउन दौडिँदै छ। विश्व इतिहासतिर ढल्कँदा नारीवादी सोचले विकासको ढोका ढक्ढक्याएको इतिहास लामो पनि त छैन। बीसौं शताब्दीको उपज बनेको विशुद्ध नारीवाद र समाजवादी नारीवादको दुई धारले नारीवादी समसत्तामा पितृत्तात्मक सोच तथा सहकार्य खोज्यो। लैङ्गिक आधारबाट खोसिएका, दमन गरिएका, कुण्ठित भाव, व्यवहार तथा अधिकारका बारेमा वैचारिक सङ्घर्षका रूपमा नारीवादी सोचले विकसित रूपधारण गरेको बुझ्न सकिन्छ। नारीहरू अक्षम हुन्छन्, पुरुषको तुलनामा कार्यसम्पादन गर्न सक्दैनन् अर्थात् नारीमा नेतृत्व क्षमता कमजोर हुन्छ भन्ने सोचसँग जन्म्यो -नारीवादी हक र अधिकारको आवाज। अपूर्ण शारीरिक बनोटको सोचमा अड्केको भावका विरुद्धमा उर्लिएको आवाज रहेछ नारी सहभागिता। त्यसो त नारीलाई केवल पुरुषले दमन गरेको होइन रहेछ। सासूले बुहारीलाई दमन गरिन्, जेठानीले देउरानीलाई दमन गरिन्, घरेलु हिंसाको सिकार बन्नुपर्‍यो। आखिर नारीवादी सोचमा संस्कारले प्रहार गर्‍यो। त्यहाँ सामाजिक व्यवस्थाले सिकायो, दुनियाले अन्धाधुन्ध अपनायो। ईर्ष्या र घृणा सिक्यो तर प्रेम र मानवीय सोचलाई चिन्न र बुझ्न सकेन।

परिवर्तनको दौडाहामा नारी जागरण, नारी सबलीकरणको सुसमाचारले देशमा परिवर्तनको आभास हुँदै छ। त्यसो त यसअघि पनि नारी हक र अधिकारका कुरा, अवसरका आधारबाट अघि दौडाउने व्यवस्था नभएका पनि होइनन्। तथापि उत्तरआधुनिक समाजको परिकल्पनासँगै नियाल्दा विगतको तुलनामा पिछडा, दमित, अल्पसङ्ख्यक, प्रताडित वर्गका नारीले समेत कमसेकम देश र परिवर्तनमा टाउको उठाएको भान यो स्थानीय चुनावले गराएको बुझ्न पाइन्छ। अब एउटा आशा सचेतनाको वृद्धिसँग जोडियो, अर्को निरीहलाई बोक्सीको आरोप लाग्ने, यौनशोषणको सिकार बन्नुपर्ने, बहुविवाहजस्ता कुसंस्कारले नारी सक्रियतासँगै सुध्रने दर्बिलो मार्ग भेट्टाएको भान हुँदै छ। सामाजिक भूमिकामा जुटेका नारीले न्याय खोज्न भन्दा न्यायिक बाटो बनाउँदै अघि बढ्नु उत्तिकै आवश्यकता हो। समभावमा सहकार्य गर्ने नारी सहभागिताको महत्वलाई बुझ्न नसक्दा नारीवादी सक्रियता भन्नेबित्तिकै पुरुषको विरोध हो भन्ने भ्रम यदाकदा नभएको पनि होइन। वास्तवमा नारीले चुलोचौकोको दुनियाँबाट उक्सनु भनेको घरको सुव्यवस्था भत्काउनुभन्दा पनि नारी हकलाई सुनिश्चित पार्दै परिवार, समाज र सिङ्गो राष्ट्रका लागि सुधारको बिगुल फुक्नु हो, विकासको ढोका खोल्नु हो अनि समाजलाई परिवर्तनमा उदाहरण बनेर देखाउनु हो। आज जति भ्रष्टाचार र अन्यायपूर्ण कर्म भएका छन्, तुलनात्मकरूपमा पुरुषकै लोभानी-पापानी भावमा भएका छन्।

अलिकति हाम्रै देशको सांस्कृतिक इतिहासतिर हेर्दा केही अपव्याख्या र पछिल्लो समयका दमनकारी भावबाहेक हिन्दू दर्शनको सारमा हेर्दा ब्रह्मा, विष्णु र महेश्वरले आपत्को अन्तिम विकल्पको रूपमा भगवती दुर्गाशक्ति जसलाई सर्वशक्तिको स्वरूपमा पुकारा गर्छन् अर्थात् संसारमा नारीको सम्मान उच्च रहेको तथ्य हिन्दू दर्शनमा भेटिन्छन्। गाईलाई पुजिन्छ तर गोरुलाई जोतिन्छ, बोकोलाई बलि दिइन्छ तर बाख्रीलाई पालिन्छ। कुमारीको पूजा गरिन्छ तर कुमारको नाम त्यहाँ अटाउँदैन। नारी शक्तिलाई सर्वशक्तिमान् मानेर त्रिदेव, इन्द्रादि देव, ऋषिगणले प्रार्थना गरेका हुन्छन्। हिजो पनि गार्गी, विद्योत्तमाजस्ता विदुषी नारीहरूले शास्त्रार्थ गर्थे। नारीशक्ति नै जटिल क्षणमा निर्णायक बनेर उभिए। बुद्ध दर्शनमा अहिंसा नै धर्म हो भन्ने भाव छ। मुन्धुममा पनि नारी र पुरुषको समभाव र समकर्मशीलता छ। द्रौपदीको शक्तिका कारण महाभारतमा पाण्डवको विजय भएको प्रसङ्ग वा महिसासुरलाई महाकालीले मात्र वध गर्न सकेको विषय, आखिर नारीको उच्चस्तरीय सम्मान नभएको भने होइन। तथापि नारीलाई भोग्या, कामनापूर्तिको साधन, रखौटी बनाइएका अत्यन्तै भयावह विषय पनि पूर्वीय दर्शनका कथाहरूमा जोडिएका छन्। यसरी हेर्दा त्यहाँ गरिब, अक्षम, पिछडा नारीमाथि धनीवर्गले प्रताडना दियो। बाध्यताका कारण निरीह नारीले मुक्तिको आवाज बोल्न सकेनन्। त्यहाँ शक्ति र सामर्थ्यबाट नारी शोषण भयो। त्यसो त सिङ्गो गरिब वर्गमाथि राजामहाराजाले अत्यन्तै दयनीय प्रहार गरे। यही तुस बोकेर हिँड्दा नारीलाई शारीरिक आकर्षण र घरभित्र सजाइने सुँगा बनाइएका तीता पीडा बने। अन्धविश्वासमा अनावश्यक अमानवीय प्रताडनाको सिकार बनाइए। विभिन्न खाले प्रथाबाट नारीमाथि प्रहार हिजोभन्दा आज धेरै हदमा कम भए पनि अद्यापि कता न कता छँदै छन्।

> द्रौपदीको शक्तिका कारण महाभारतमा पाण्डवको विजय भएको प्रसङ्ग वा महिसासुरलाई महाकालीले मात्र वध गर्न सकेको विषय, आखिर नारीको उच्चस्तरीय सम्मान नभएको भने होइन। तथापि नारीलाई भोग्या, कामनापूर्तिको साधन, रखौटी बनाइएका अत्यन्तै भयावह विषय पनि पूर्वीय दर्शनका कथाहरूमा जोडिएका छन्। यसरी हेर्दा त्यहाँ गरिब, अक्षम, पिछडा नारीमाथि धनीवर्गले प्रताडना दियो। बाध्यताका कारण निरीह नारीले मुक्तिको आवाज बोल्न सकेनन्।

गहिरिएर हेर्दा नारीलाई शारीरिक, अनुभूतिगत, भाषागत, मनोविश्लेषणगत, सामाजिक-आर्थिक आदि आधारबाट भिन्नता प्रकट गरिएकाले नारीवाद आन्दोलनको रूपमा पाश्चात्य संस्कृतिबाट विकसित वाद हो। नारीवादी सोच केही रूपमा मार्क्सवादी विचारतिर ढल्केको पाइन्छ। समाज विकासका क्रममा मार्क्सले पुरुषले बल पर्ने कामहरू आफूले गर्दै गएर महिलालाई कमजोर पार्दै गएको तथ्य अघि सारेको पाइन्छ। शक्तिको कुरासम्म पुगेर हेर्दा दार्शनिक फुकोल्डको शक्ति सिद्धान्तसँग ठोकिन पुग्छ। साथमा वर्तमान युगीन परिवेशमा विकसित बनिरहेको उत्तरआधुनिक युगसम्म आएर जोडिन्छ। यही नारीवादी चिन्तनसम्म आउँदा हाम्रो समाजमा पनि विभेदको ठूलो रूपले अद्यापि जरा गाडेकै छ। असारमा रोपाहारलाई दिने ज्याला र हली, बाउसेलाई दिने ज्याला फरक हुनु, खानपानमा विभेद गरिनु, बाहिरी काम मात्रै ठूलो ठानेर घरायशी कामलाई नहेरिनुजस्ता अनेकौं असमानता आजसम्म उत्तिकै छन्। अद्यापि होला नहोला, हिजोको समाजमा छोरा-बुहारीको खाना नै फरक गरिन्थे, छोरो जन्माए स्याहार राम्रो गर्ने, छोरी जन्मिएमा हेपिन्थे, बुहार्तनको प्रताडना, बोल्ने अनुमति नपाइने कडा शासनमा भिज्नै पर्ने विवशता थियो। नारी बिलौनामा माइती जान पाउँदाको खुशी अनि माइती छोड्नुपर्दाको पीडा कति हृदयविदारक हुन्थे। त्यहाँ अमानवीय मनोवैज्ञानिक दमन नै थियो। छोरी र बुहारीमा आकाश-पातालको फरक व्यवहार गरिन्थ्यो। हाम्रो समाजलाई राम्ररी नियाल्ने हो भने करिब दुई दशकयता अर्थात् राज्यमा भएका क्रान्तिकारी कदमले समाज सुधारमा टेवा पुर्‍याएको हो भन्न सकिन्छ। यसरी गहिराइसम्म पुगेर हेर्दा देशले परिवर्तनको धारमा नेपालको उपल्ला स्थानमा महिला नेतृत्वलाई स्वागत गरिरहेको खुशी जोडिन्छ।

केही समय पहिलाको तथ्याङ्कलाई मात्र हेर्दा युरोपजस्ता विकसित भनिएको मुलुकमा समेत ५ लाख ७० हजार यौनशोषणका मुद्दा परेको खबरले पनि महिलामाथिको कहाली लाग्दो अत्याचारलाई बोध गराउँछ। हुन त हाम्रो मुलुकले इतिहासमा पहिलो महिला राष्ट्रप्रमुख पाएको छ, पहिलो महिला सभामुख पाएको छ, पहिलो महिला प्रधानन्यायाधीश पायो, अन्य क्षेत्रमा समेत नेतृत्व पाएका हुँदा हुन् तर समाजले अझै पनि बदल्नुपर्ने थुप्रै परम्पराका नाममा अडेका विकृति छन्, शोषण छन्, अन्धविश्वासका पोकाहरू छन्। यसो भनिरहँदा सबै नारी दोषरहित छन् अनि पुरुष नारीबाट दमित छैनन् भन्ने पनि होइन। यसर्थ अबका महिला नेतृत्वले ग्रामीण स्तरदेखि नै नारी र पुरुषको ध्रुवीयतालाई हटाएर लैङ्गिक समतामा हात थाम्नुपर्छ। पारिजातले उद्घोष गरेको मानुषी कवितामा झैं एकताबद्ध भएर जुट्नुपर्छ। नारीको सत्तामा पुरुषको विरोध होइन नारी जागरण, सहभागितामूलक भाव, समतामूलक सोच, विभेदरहित निष्पक्ष र स्वतन्त्र शासन र अधिकारको मार्गचित्रमा अबका नारीले हिँड्नुपर्छ। सकारात्मक पारिवारिक जीवनलाई बेवास्ता गर्नु नारीवादी सोच हो भन्न सकिन्न। न त श्रीमान् र घरको विरोध गर्ने भावना नारीवाद हुन सक्छ। नारीवादले त भएको राम्रो भत्काएर नभएको खोज्नेभन्दा राम्रो अँगालेर नराम्रोको विरुद्धमा एकताले लड्नुमा बुद्धिमानी ठहर्ला। हो, परिवर्तन एकैपटक हुने जादुको छडी होइन तर अन्धविश्वास, रुढिवादी सोचमा संयमता तथा चेतनासँग प्रेमभावकै विजय हुनेमा भने बढी आशा गर्न सकिन्छ। अतः अबका नारीवादी सोचमा नवीन चेतनाको भाव जाग्नु पनि उत्तिकै आवश्यक छ। कसैको विरोध गर्नु नै प्राप्तिको बाटो पनि त होइन। तब, साँचो परिवर्तनको आशालाई सजाउन सकिएला।

## पाठक पत्र

### करले ढाड सेक्यो

कम्युनिस्ट सरकारले नेपाली जनतालाई सुखी र खुशी बनाउने बाटोमा लाग्नुपर्ने ठाउँमा उल्टै सबै क्षेत्रमा कर मात्र बढाउने काम भएको छ। धेरै कार्यालय, संघसंस्थामा अनियमितता छ। एनसेलजस्ता कम्पनीले करोडौं कर छली गरेका छन्। क्यासिनोहरूले करोडौं कर छली गरेका छन्। ठूला-ठूला पाँचतारे होटलले पनि कर छली गरिरहेका समाचार आइरहेका छन्। त्यस्तै प्राइभेट बैंकहरूले प्रत्यक्षरूपमा ऋणीहरूलाई ठगी अत्यधिक नाफा कमाइरहेका खबर छन्। यतातर्फ ध्यान गएको खै ?

गाउँका किसानका छाप्राको घरधुरी कर किन लगाउनुपर्‍यो ? केवल शहर बजारमा चार-पाँचतले पक्की घरको कर उठाउँदा मात्र पनि करोडौं राजस्व संकलन हुन्छ। कर लगाउँदा हुने, खाने, धनाढ्य, कालाबजारी वा माफिया, ठेकेदार, पुँजीपति, दलाली, मदिराप्रेमी, जुवातासजस्ता खेलप्रेमीलाई मात्र राम्रोसँग लगाउन र लिन सके सोचेको कर वा राजस्व संकलन हुन्छ। कर मध्यवर्गीय किसान, निम्नवर्गका मजदुर, दैनिक उपभोग्य सामान, सञ्चार, पत्रपत्रिका, इन्टरनेट आदिमा कर छुट गर्दा कसो होला ?

अर्थमन्त्रीज्यू, सभासद, मन्त्री, मन्त्रालयका सचिव, विभिन्न आयोगका प्रमुखलगायत उच्चपदस्थको तलब बढाउनुहुन्छ तर सुरक्षा निकायका निम्नवर्गका व्यक्तिको तलब, शिक्षक तथा तल्लो तहका कर्मचारीको तलब बढाउनुहुन्न। यो कस्तो खालको नीति हो ? राज्यले राजस्व संकलन गर्दा राज्यका हरेक तहको मन नदुख्ने गरी संकलन गर्नुपर्छ। जथाभावी कर मात्र बढाउँदा तल्लो स्तरका जनतालाई मार पर्छ। तल्लो तहका काम गर्ने र निमुखा जनतालाई मार पर्ने गरेर हैन, सबैको हित हुने गरेर करको दर र दायरा कायम हुनुपर्छ। जथाभावी कर असुलेर जनतामा भोलि पर्न जाने असरको विषयमा अर्थमन्त्रीज्यूलाई हेक्का होस्। जनता मौन हुनुको अर्थ यसरी नबुझियोस्।

*- हेमन्त केसी, रुकुम।*

### एनजीओका गतिविधि नियन्त्रित हुन्

नेपालमा एनजीओका गतिविधि आक्रामकरूपमा देखिने गरेका छन्। सरकार बनाउनेदेखि सरकार ढाल्नेसम्म भूमिका खेल्ने गरेको देखिन्छ। सरकारले नेपालमा रहेका गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) माथि नियन्त्रण गर्ने तयारी गर्न जरुरी रहेको छ। दाताबाट विनाउद्देश्य रकम ल्याएर मुलुकमा सामाजिक सद्भाव भड्काउने काममा लागेका यस्ता संस्थालाई नेपालमा गतिविधि गर्न दिनुहुँदैन। मुलुकमा आईएनजीओ र एनजीओले शिक्षा, स्वास्थ्य, सरसफाइ, जनचेतना र विकासमा आफूखुशी विदेशबाट रकम ल्याएर धर्म प्रचार, जातीय सद्भाव विरोधी काम गरेको देखिन्छ। धर्ममा असर पार्नेदेखि हरेक गतिविधिमा यस्ता संस्था संलग्न छन्। सरकारले एकद्वार प्रणालीबाट मात्रै रकम आउने कानुनी व्यवस्थासहितको गृहकार्य गर्न जरुरी देखिन्छ।

उद्देश्य प्रस्ट नभएको र बैंकभन्दा बाहिरी च्यानलबाट युरो-डलर भित्रिन नदिने गरी सरकारले कडा कदम चाल्न जरुरी देखिएको छ। पछिल्लो समय नेपालमा गलत उद्देश्यसहित कसैको निर्देशनमा सामाजिक सद्भाव बिथोल्न दाताको रकम आइरहेको कुरा पनि बाहिर आउन थालेका छन्। सरकारले केही महिनाअघि एनजीओ/आईएनजीओमा कार्यरत सबैको सम्पत्ति विवरण भर्न लगाउने नीति लिएपछि एनजीओकर्मीले विरोधमा ठूलै दबाब दिएका थिए। तर अब सरकारले कानुनी व्यवस्था नै गरेर एनजीओ/आईएनजीओले सोझै पैसा ल्याउन नपाउने व्यवस्था गर्न जरुरी देखिन्छ।

नेपालमा अहिले लगभग आधा लाख एनजीओ र आईएनजीओ क्रियाशील छन्। र, ती सबै कुनै न कुनै मिसनमा छन्। पछिल्लो समय मुलुकमा कृश्चियन धर्मको प्रचारका लागि आईएनजीओहरूले ठूलै लगानी गरेको समाचार पनि आइरहेको छ। जसले माथिल्लो प्रशासनिक र राजनीतिक तहसम्म जरा गाडेको देखिन्छ। यसको सबैभन्दा बढी प्रभाव शिक्षा र स्वास्थ्यमा परेको देखिन्छ। यसको प्रत्यक्ष उदाहरणका रूपमा संसद्को बैठकलाई पनि लिन सकिन्छ, शिक्षा मन्त्रालय मातहतका सबै विभागमा सहयोगका नाममा घुसेका धर्म प्रचारकलाई लिन सकिन्छ। कर्णाली अञ्चलमा मात्र १८ हजारभन्दा बढी एनजीओ, आईएनजीओ कार्यरत छन्। उनीहरू दशकौंदेखि काम गरिरहेका छन्। तर कर्णालीवासीको अवस्था झन् दयनीय बन्दै गएको छ।

कतिपय उच्चपदस्थ सरकारी अधिकारी र राजनीतिक नेताहरू नै यसबाट प्रभावित भएको देखिन्छ। यसलाई सरकारले तत्काल रोक्नुपर्छ। दातृ निकायबाट आएको पैसा सरकारको खातामा आएपछि मात्रै खर्च गर्न पाउने कानुन बनाउनुपर्छ। यसलाई सरकारले गम्भीरतापूर्वक लिनै पर्छ। सरकारले यस विषयमा तत्काल ध्यान दिन जरुरी छ।

*- पूजा विक, कैलाली।*

### धनका लागि मान्छे हदैसम्म गिर्दो रहेछ

पैसाले मान्छेलाई कतिसम्म अन्धो बनाउँछ भन्ने कुरा मृगौला तस्करी समातिएपछि रहस्योद्घाटन भएको छ। मान्छेले पैसाको लागि मान्छेको मृगौलासमेत तस्करी गर्छ भन्दा पत्याउन गाह्रो हुन्छ तर यो यथार्थ हो। प्रहरीले चितवनबाट मृगौला तस्करीमा संलग्न चारजनालाई पक्राउ गरेको छ। मान्छे पैसाको पछाडि यसरी दौडिएको छ कि उसले आवश्यक परेमा जस्तो पनि अपराध गर्न पछि पर्दैन। पैसाकै कारण जघन्य अपराधसमेत हाम्रो समाजमा घटिरहेका छन्।

तर यही समाजमा यस्ता मनकारी मानव पनि छन् जसले पुण्य कमाउनको लागि आफूले दैनिक गुजारा चलाउँदै आएको छाक कटाएरसमेत सामाजिक क्षेत्रमा खर्च गरिरहेका छन्। यसले यो समाजमा मानवीयता पनि छ है भन्ने सन्देश दिएको छ। पैसा सबै थोक होइन, फेरि पनि मान्छे आज पैसाको लागि आफ्नो थालथलोसमेत छाडेर विदेशी भूमिमा पलायन भइरहेका छन् तर कतिपय यस्ता नागरिक छन् जसले गाउँघरमै दुःख-सुख गरेर जीवनयापनसँगै सामाजिक कार्यमा महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

समाजमा एउटा यस्तो वर्ग छ जसले छोराछोरीको न्वारन, पास्नी होस् वा जन्मदिन लाखौं रुपियाँ खर्च गरेर मनाउने गर्छन्। तर यही समाजमा यस्तो एउटा वर्ग छ जसले जन्मदिन होस् वा एनिभर्सरीमा हुने फजुल खर्च कटाएर समाजबाट अपेहित भई बाँचिरहेकाहरूको क्षेत्रमा खर्च गरिरहेका छन्। हाम्रो समाजमा यस्तो एउटा वर्ग पनि छ जसको ओत लाग्ने बास छैन भने भोक लाग्दा खाने अन्नसमेत छैन। यस्ता वर्गका नागरिक पनि हाम्रो समाजका सदस्य नै हुन। यिनीहरूलाई दुःख पर्दा मलहम लगाउने हाम्रो पनि दायित्व हो भन्ने कुरा भुल्नुहुँदैन।

मान्छेले धर्म गर्नको लागि केवल मठमन्दिर धाएर मात्रै हुँदैन। समाजमा पुण्य हुने केही काम गरे मात्र स्वर्गीय आनन्द प्राप्त गर्न सकिन्छ। यस्तै सामाजिक सेवाबाट ओतप्रोत भएका मानवबाट आज हाम्रो समाजबाट विमुख भएर बाँचेकाहरूले राहतको महसुस गर्न पाएका छन्। धन्य, यस्ता पात्रहरूलाई जसले आफूसँगै अरूको पनि भलो चिताउने गर्छ।

*- माधव रेग्मी, चितवन।*

## सामाजिक सञ्जाल



स्मरण रहोस्, दीपकराज जोशीलाई प्रधान न्यायाधीशका लागि उपयुक्त छन् भनेर सिफारिस गर्ने संवैधानिक परिषद्का अध्यक्ष प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी शर्मा ओली नै हुन्।

**Bipendra Karki**
**@Bipendraa**



अरुमाथि एक औंला उठाउँदा चारवटा औंला आफूतिर फर्किन्छन् भन्ने बुझेर मात्रै औंला उठाउनु राम्रो हुन्छ।

**Saru Dhakal**
**@Saru_Dhakal**



छिमेकीले अदृश्यरूपमा कुटिरहेको छ
नेताले खुल्लंखुल्ला लुटिरहेको छ
जनता जसले जे गरे पनि प्रतिकार गर्दैन
मेरो देश नबिउँझने गरी सुतिरहेको छ।

**Sabita Dhimal**
**@SabitaDhimal**

कतिपयले पार्टीको आन्तरिक झगडा मिलाउन नसकेर सरकारको विरोधमा नेता कार्यकर्तालाई अलमल्याएका छन्।

# नेपालीका दुःखका दिन गए : प्रधानमन्त्री



**नेपाल समाचारपत्र**

ललितपुर

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार नेपालीका सुखका चाहना पूरा गर्न प्रयासरत रहेको बताउनुभएको छ।

२१औं तुल्सीलाल स्मृति दिवसको अवसरमा बिहीबार तुल्सीलाल स्मृति प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्राकृतिक स्रोत साधन र परम्पराले धनी भएको देशका जनता गरिब हुन नसुहाउने प्रधानमन्त्री ओलीको भनाइ छ। 'सरकार हरेक क्षेत्रलाई उत्पादनसँग जोड्न चाहन्छ। उत्पादनमा आधुनिकीकरणका माध्यमबाट उत्पादकत्व वृद्धि गरी उपभोगमा पनि सामाजिक न्यायसहितको प्रबन्ध गरिन्छ।'

समृद्धिले मात्र सुख प्राप्त नहुने भन्दै प्रधानमन्त्री ओलीले समान अधिकार, समान अवसर, समान सुरक्षा र समान आत्मसम्मान प्राप्त भएमात्र सुख प्राप्त हुने प्रधानमन्त्रीको भनाइ छ। 'सामाजिक न्यायलाई स्थापित गर्दै नेपालीका सुखका चाहना पूरा गरिन्छ।'

केही राजनीतिक पार्टीहरू विचारमा प्रतिस्पर्धा गर्न नसकेर अधिनायकवादको हल्ला फिजाउँदै हिँडेको प्रधानमन्त्री ओलीको भनाइ छ। 'यस्ता हल्लालाई जनताले तिरस्कार गर्छन्', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'कतिपयले पार्टीको आन्तरिक झगडा मिलाउन नसकेर सरकारको विरोधमा नेता कार्यकर्तालाई अलमल्याएका छन्।'

प्रधानमन्त्री ओलीले तुल्सीलाललाई वाम आन्दोलनका पुराना नेताको रूपमा स्मरण गर्दै नेकपा आजको अवस्थामा आइपुग्न उहाँको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

# लोककुमारी स्मृति पत्रकारिता पुरस्कार पौडेललाई

काठमाडौं, (नेस)

प्रेस सेन्टर दाङमा स्थापना भएको 'लोककुमारी स्मृति पत्रकारिता पुरस्कार' यसवर्ष पत्रकार गोकर्ण पौडेललाई प्रदान गरिने भएको छ।

प्रेस सेन्टर, दाङ र प्रेस चौतारी दाङका पदाधिकारीहरूको संयुक्त बैठकले प्रेस चौतारीका साधारण सदस्यसमेत रहेका पौडेललाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको पुरस्कार छनोट समितिका संयोजक पाण्डव शर्माले जानकारी दिए। पौडेल एक दशकदेखि पत्रकारितामा क्रियाशील छन्।

प्रेस सेन्टर नेपालका संस्थापक अजयदीप शर्मा र उहाँका दाइहरू हरिप्रसाद रिजाल, गणेशप्रसाद रिजाल, अर्जुनकुमार रिजाल र भतिजी राधा रिजालले आफ्नो आमा/हजुरआमा स्व. लोककुमारी रिजालको स्मृतिमा उक्त पुरस्कार स्थापना गर्नुभएको थियो।

उक्त पुरस्कारको राशी ५ हजार रूपियाँ रहेको छ। सो पुरस्कार आगामी साउन २४ गते घोराहीमा एक कार्यक्रमका बीच प्रदान गरिने भएको छ। नेपाल पत्रकार महासंघ, दाङ शाखा, प्रेस सेन्टर दाङ र प्रेस चौतारी दाङको संयुक्त आयोजनामा पुरस्कार वितरण कार्यक्रम हुँदै छ।

बैठकमा प्रेस चौतारी दाङका अध्यक्ष जेएन सागर, प्रेस सेन्टर दाङका कार्यबहाक अध्यक्ष प्रकाश चौधरी, सेन्टर दाङका सचिव पाण्डव शर्मा र चौतारी दाङका सचिव प्रेम राम्जाको उपस्थिति रहेको थियो।

# चितुवाको छालासहित पक्राउ

काठमाडौं, (नेस)

संरक्षित वन्यजन्तु चितुवाको छाला २ थानसहित बागलुङ तमानखोला गाउँपालिका-६ घर भएका झलक छन्त्याल, देवेन्द्र रसाइली र ज्ञानेन्द्र सेन्चुरीलाई प्रहरीले बुधबार पक्राउ गरेको छ।

वन्यजन्तुसँग सम्बन्धित अपराध अनुसन्धान तथा रोकथामका लागि केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज र ४ नम्बर प्रदेश प्रहरी कार्यालय पोखराको क्षेत्रीय अनुसन्धान समूहबाट खटिएको संयुक्त प्रहरी टोलीले कास्की पोखरा लेखनाथ महानगरपालिका-७ अन्नपूर्ण टोलबाट उनीहरूलाई उक्त छालासहित पक्राउ गरेको हो।

# ठगी गर्ने समातियो

काठमाडौं, (नेस)

ठगी गरेको अभियोगमा काठमाडौं गोंगबु डेरा गरी बस्ने नुवाकोट पञ्चकन्या गाउँपालिका-५ घर भएका हरिप्रसाद सिटौलालाई प्रहरीले बुधबार पक्राउ गरेको छ।

आफूलाई कहिले सुवास सिटौला, पिताम्बर शर्मा र डा. सुरेश उप्रेती बताउने, कहिले भारतीय, पाकिस्तानी, जापनिज, अमेरिका र अस्ट्रेलियालगायत दुतावासको कर्मचारीसमेत हुँ भन्ने, कतै टिचिङ अस्पतालको हाडजोर्नी डाक्टर र कतै भरतपुर क्यान्सर अस्पतालको डाक्टर हुँ भनी मानिसलाई प्रलोभनमा पारी ठगी गरी सम्पर्कविहीन भएकोमा प्रहरीले खोजतलास गर्ने क्रममा काठमाडौं बालुवाटारबाट फेला पारी उनलाई पक्राउ गरेको हो।

# प्रधानसेनापतिद्वारा 'हल अफ फेम' उद्घाटन

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानसेनापति राजेन्द्र क्षेत्रीले लगनखेलस्थित सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रको पहलमा नवनिर्मित 'हल अफ फेम' को उद्घाटन गर्नुभएको छ।

नेपाली सेनाले विगतदेखि वर्तमानसम्म विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा हासिल गरेका सफलतालाई अभिलेखीकृत गर्ने उद्देश्यका साथ उक्त हल अफ फेमको निर्माण गरिएको हो।

उक्त हलमा विभिन्न राष्ट्रिय तथा सैनिक खेलकुद प्रतियोगिताका साथै ओलम्पिक, एसियन, दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सैनिक खेलाडीले हासिल गरेका उपाधिको अभिलेख, तस्वीर तथा सहभागितासम्बन्धी जानकारी समावेश गरिएको छ।

हल अफ फेमको निर्माणले खेलाडीहरूले विगतमा पुऱ्याएको योगदानको सम्मानका साथै



हाल विभिन्न खेलमा आबद्ध भएर योगदान पुऱ्याइरहेका र भविष्यमा खेलकुद क्षेत्रमा जोडिने समस्त खेलाडीलाई समेत प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको छ।

# रक्षामन्त्री पोखरेल र पाकिस्तानी राजदूत भेट

काठमाडौं, (नेस) । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलसँग नेपालका लागि पाकिस्तानका र ाजदूत डा. मजहर जावेदले शिष्टाचार भेट गर्नुभएको छ।

अवसरमा रक्षामन्त्री पोखरेलले नेपाल र पाकिस्तानबीच लामो समयदेखि रहीआएको सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ बनाउनुपर्नेमा जोड दिनुभएको रक्षा मन्त्रालयले जनाएको छ। पाकिस्तानमा हालै सम्पन्न निर्वाचनका लागि बधाई दिँदै उहाँले नयाँ प्रजातान्त्रिक सरकार गठन हुन लागेको प्रति खुसी व्यक्त गर्नुभयो। नेपाल र पाकिस्तानबीच सरकारीस्तरमा मात्र नभएर जनस्तरमा समेत सुमधुर सम्बन्ध रहेको उल्लेख गर्दै रक्षामन्त्री पोखरले सम्बन्ध विस्तारका लागि दुवै पक्ष मिलेर संयुक्तरूपमा काम गर्नुपर्ने बताउनुभयो।

# पहिरोले अलपत्र परेकी गर्भवती महिलाको उद्धार

काठमाडौं, (नेस)

पहिरोका कारण सडक अवरुद्ध भई अलपत्र परेकी एक गर्भवती महिलालाई एपीएफ टोलीले उद्धार गरी अस्पताल पठाएको छ।

गुल्मीको गुल्मी दरबार गाउँपालिका-७ मेलडाँडा बस्ने रीता कार्की रेसुंगा नगरपालिका-१३ मा बाटो अवरोध भई अलपत्र परेकी थिइन्।

वर्षाका कारण त्यस ठाउँमा पहिरो खसेर गुल्मी जिल्लाको रिडीबाट तम्घास जाने राजमार्गअन्तर्गत भंगेरीखोला भन्ने स्थानको सडकखण्ड अवरोध भएको थियो। त्यस ठाउँमा माथिबाट पहिरोको लेदो खसेर सडकमाथि करिब ५ फिट लेदो जम्मा भई बाटो अवरोध भएको थियो।

बिहान करिब पौने चार बजे सशस्त्र प्रहरी बल नेपाल गुल्मी, नम्बर ३७ गुल्मको इमिडियट रेस्पोन्स टिमलाई सोबारे खबर प्राप्त हुनासाथ करिब २ किलोमिटर टाढा रहेको त्यस ठाउँमा तत्काल एपीएफ टोली खटिएको थियो।

सोलगत्तै सशस्त्र प्रहरी नायब उपरीक्षक दिनेशबहादुर रायमाझीको कमान्डमा करिब ४० जनाको एपीएफ टोली बाटो अवरुद्ध भएको त्यस ठाउँमा पुगेर उद्धार कार्यमा जुटेको थियो।

घरबाट एम्बुलेन्स चढेर गुल्मी जिल्लाको सदरमुकाम तम्घासस्थित जिल्ला अस्पताल जान लागेकी ती महिला त्यस ठाउँमा अलपत्र परेपछि एपीएफ टोलीले स्ट्रेचरमा राखेर पहिरोको लेदोले अवरुद्ध सडकखण्ड पार गरी पारिपट्टि पुऱ्याएको थियो।

एपीएफ टोलीले त्यसबेला सो अस्पताललाई अनुरोध गरी पारीपट्टि एम्बुलेन्स बोलाएको तथा सो एम्बुलेन्सबाट करिब ९ किलोमिटर टाढा रहेको अस्पताल पठाएको हो।

त्यसपछि एपीएफ टोलीले पहिरो पन्छाउन प्रयास गरेको तथा बिहान करिब साढे सात बजे डोजरको सहायताले पहिरो हटाई बाटो सुचारु भएको थियो।

# गृहमन्त्री थापा र दक्षिण कोरियाली राजदूत भेटवार्ता

**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री रामबहादुर थापा 'बादल' सँग नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क योङ सिकले बिहीबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

गृहमन्त्रालयमा भएको भेटमा नेपाल-दक्षिण कोरिया द्विपक्षीय सम्बन्ध, आपसी हित र सहकार्यका विषयमा छलफल भएको थियो।

भेटमा गृहमन्त्री थापाले पछिल्लो समय दक्षिण कोरिया र उत्तर कोरियाबीच भइरहेको वार्ता र छलफलको स्वागत गर्दै यसले समग्र विश्वमै शान्ति कायम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले दक्षिण कोरियामा नेपालीहरूलाई रोजगारीको अवसर दिएकामा राजदूतलाई धन्यवाद व्यक्त गर्दै त्यहाँ कार्यरत नेपालीको सेवा, सुविधा तथा सुरक्षाका विषयमा राजदूतसँग छलफल गर्नुभयो।

भेटमा राजदूत सिकले नेपालको प्रवेशाज्ञा प्रक्रिया केही झन्झटिलो रहेका कारण यहाँ



कोरियालीहरू लगानी गर्न आउँदा केही समस्या रहेको बताएपछि गृहमन्त्री थापाले त्यसबारे खोजबिन गरेर तत्कालै त्यसमा सुधार गरीने जवाफ दिनुभयो।

राजदूत सिकले नेपालमा उर्जा, पर्यटनलगायतका क्षेत्रमा कोरियाली कम्पनीले लगानी गरिरहेको भन्दै त्यसमा थप लगानी गर्न कोरिया तयार रहेको बताउनुभयो।

उहाँले हाल ३५ हजार नेपाली दक्षिण कोरियामा कार्यरत रहेको र २० हजारले कार्य अवधी समाप्त गरी नेपाल फर्किसकेको जानकारी दिँदै कोरियामा कार्यरत नेपालीको हितको विषयमा आफूहरू संवेदनशील रहेको बताउनभयो।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : बिहान नराम्रो भए पनि १२ बजेदेखि धनलाभ, भाग्योदय।
**वृष** : पूर्वाह्न द्रव्यलाभ, मिष्ठान्न भोजन, मध्याह्नदेखि अपव्यय, विवाद।
**मिथुन** : कार्यसिद्धि, परिवार-सुख, धन प्राप्ति, स्वस्थता, लाभ।
**कर्कट** : मध्याह्नसम्म असफलता, राज्यभय, त्यसपछि सुख-शान्ति।
**सिंह** : कार्यमा बाधा, धन हानि, असफलता, अस्वस्थता, राज्यको भय।
**कन्या** : दिउँसोसम्म धनलाभ, यश वृद्धि, त्यसपछि हानि, बाधा-व्यवधान।
**तुला** : स्वास्थ्यलाभ, धनलाभ, प्रतिस्पर्धामा विजय, सुख-सन्तोष।
**वृश्चिक** : शुरूवातमा शोक-कष्ट भए पनि त्यसपछिको समयमा लाभ।
**धनु** : पेटको समस्या, पारिवारिक विवाद, यात्रामा व्यवधान, शोक-सन्ताप।
**मकर** : मध्याह्नसम्म प्रगति, लाभ, सम्मान, त्यसपछि अस्तव्यस्त, तनाव।
**कुम्भ** : बिहान मन चञ्चल, खर्च भए पनि त्यसपछि प्रसन्नता, मान-सम्मान।
**मीन** : कार्य सफल, धनलाभ तर दिउँसोबाट अपव्यय, मन अस्थिर।



# प्रदेश-३



मुलुकभर ९० हजार छ सय ३० रोपनी (चार करोड ६१ लाख १० हजार सात सय ४१ वर्गमिटर) जग्गा रहँदा मकवानपुरमा आठ हजार छ सय ६६ रोपनी सरकारी जग्गा रहेको बताइएको छ।

# नागरिकता लिने १४ हजार ३ थपिए

मोतीराम तिमल्सिना, काभ्रे

जिल्ला प्रशासन कार्यालय काभ्रेबाट बंशजका आधारमा १४ हजार ३ सय ५३ ले नयाँ नागरिकता लिएका छन्। अघिल्लो वर्ष १३ हजार १ सय ४६ ले नयाँ नागरिकता प्राप्त गरेका थिए। प्रशासन कार्यालयबाट प्रतिलिपि नागरिकता ६ हजार ३ सय १३ जनाले लिए भने अघिल्लो वर्ष ९ हजार २ सय ८० जनाले लिएका थिए। बैवाहिक अंगिकृत नागरिकता ७ जनाले प्राप्त गरेका छन्। अघिल्लो वर्ष बैवाहिक अंगिकृत नागरिकता ८ जनाले लिएका थिए। पुरानो नागरिकता अभिलेखिकरण २ सय ७५ जनाको गरिएको छ भने अघिल्लो वर्ष ४ सय ३८ जनाको गरिएको थियो।

जिल्ला प्रशासन कार्यालय काभ्रेबाट साधारण सिफारिसमा राहदानी लिनेको संख्या ८ हजार ६ सय ३५ भयो। अघिल्लो वर्ष ८ हजार ३ सय ९१ जनाले साधारण सिफारिसमार्फत् राहदानी लिएका थिए। द्रूत सिफारिस ३ हजार ५ सय २२ जनाले लिए भने अघिल्लो वर्ष ३ हजार ५ सय ८८ जनाले लिएका थिए। राहदानी वितरण प्रशासनले ८ हजार १ सय ८६ जनालाई गरेको छ। अघिल्लो वर्षभन्दा २ सय कम संख्यामा राहदानी वितरण भएको छ। सिफारिस गरेर वितरण गर्न बाँकी राहदानीको संख्या ४ सय ९९ रहेको छ।

प्रशासनमार्फत् संस्था दर्ताबापत ७४ हजार आम्दानी भएको छ। संस्था दर्ताका लागि एक हजार रुपियाँ राजश्व तोकिएको छ। हातहतियार नवीकरणबापत ९ हजार ७ सय ५०, राहदानी दस्तुर ४ करोड ४९ लाख ६० हजार संकलन भएको छ। प्रशासनले विभिन्न घटनामा संलग्नहरूबाट दण्ड जरिवनाबापत ४ लाख ११ हजार ५ सय राजश्व संकलन गरेको छ।

त्यस्तै धरौटीबापत् २ करोड २ लाख ५६ हजार २ सय ८८ रुपियाँ संकलन गरेको छ। संस्था नवीकरणबापत् ३ लाख ६३ हजार ३ सय रुपियाँ संकलन भएको छ। सामाजिक संघ संस्था ऐन अर्न्तगत दर्ता भएका २ हजार ५७ हजार संस्थामध्ये आर्थिक वर्षको अन्त्यमा २ सय ८३ वटा मात्रै नवीकरण भएका छन्। त्यही वर्ष प्रशासनमा ७४ वटा नयाँ संस्था दर्ता भएका थिए। चालु वर्षको शुरुआतीमै तीनवटा संस्था दर्ता भइसकेका छन्। पत्रपत्रिका दर्ता ५ वटा भए भने छापाखाना दर्ता भएनन्। हातहतियार नवीकरण १३ वटा भए। अघिल्ला वर्ष १२ वटा मात्रै हतियार नवीकरण भएका थिए। हतियार नामसारी गत वर्ष एउटा भएको छ। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतका अनुसार भुपु सैनिक पेन्सन सिफारिस ८३ जनाले लगेका छन् ।अघिल्लो वर्ष ८७ जनाले उक्त सिफारिस लगेका थिए। प्रशासनबाट प्राप्त हुने सेवामा विस्तारै नागरिकहरू कम हुँदै गएको तथ्यांकले देखाउँछ। प्रशासनमार्फत् चट्याङ परेकाहरूलाई ७ लाख २५ हजार भुक्तानी गरिएको छ। द्वन्द्वपीडितहरूका लागि १४ लाख ८८ हजार ८ सय रुपियाँ वितरण गरियो भने द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका परिवारहरूका लागि १ करोड १२ हजार ६ सय रुपियाँ वितरण गरिएको छ।

प्रशासन अर्धन्यायिक निकाय हो। प्रशासनले आर्थिक वर्षको अन्त्य सम्ममा १ सय ९८ वटा मुद्दा फछ्र्यौट गरेको छ। १ सय २० वटा मुद्दा फैसला हुन बाँकी रहेको प्रशासनले जानकारी दिएको छ। २ सय ३७ वटा मुद्दा नयाँ दर्ता भएकोमा पुरानो ७१ वटा मुद्दासमेत गरी ३ सय ८ वटा मुद्दा आर्थिक वर्षको अन्त्यमा कायम भएका थिए। सवारी सम्बन्धी २, खाद्य ३, केही सार्वजनिक अपराध २ सय २९ र हातहतियारका ३ वटा मुद्दा दर्ता भएका थिए।

# वर्षात्ले सिँचाइ नभएका क्षेत्रका किसानलाई राहत

## ८५ प्रतिशत रोपाइँ सकियो

चितवन, (नेस)

चितवनमा हालसम्म ८५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। जिल्ला कृषि विकास कार्यालय चितवनले दिएको जानकारीअनुसार जिल्लामा सिंचाइ सुविधा नभएको स्थानबाहेकका क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। कार्यालयका अनुसार पश्चिम चितवनमा सिंचाइ नभएका क्षेत्रमा धान रोप्न बाँकी छ।

जिल्लाको पश्चिम क्षेत्रमा पर्ने भरतपुर महानगरपालिका भित्र २५ प्रतिशत धान रोप्न बाँकी छ। कालिका र इच्छाकामना गाँउपालिकाका पनि केही क्षेत्रमा धान रोपाइँ हुन बाँकी छ।

केही दिन यता आकाशे पानी राम्रोसँग परेकाले धान रोप्न बाँकी रहेका ठाउँहरूमा पनि छिट्टै रोपाइँ हुने कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत सुधिर श्रेष्ठले जानकारी दिए। १ साताभित्र चितवनमा धान रोपाइँ सकिने उनले बताए।

चितवनमा यस वर्ष अधिकांश किसानले सावित्री, राधा ४, साँवा मन्सुलीलगायतका धान रोपेका छन्। जिल्लामा किसानमाँझ लोकप्रिय रहेको सावित्री धान करिब ३५ प्रतिशत क्षेत्रफलमा रोपिएको श्रेष्ठले बताए।

चितवनमा यस वर्ष २९ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने जिल्ला कृषि कार्यालयले जनाएको छ। अघिल्लो वर्ष चितवनमा २९ हजार १०० हेक्टर क्षेत्रफल धान रोपाइँ भएको थियो। जिल्लामा वार्षिक १ लाख मेट्रिक्टन धान उत्पादन हुँदै आएको छ।

पछिल्लो ५ वर्षमा ५ सय हेक्टर धान खेती हुने जमिन घटेको कार्यालयको तथ्यांकमा छ। माछापालन, केराखेती र प्लटिङका कारण चितवनमा वर्षेनी धान रोपाइँको क्षेत्रफल घटिरहेको छ। जिल्लाको पूर्वीक्षेत्रअन्तर्गत पर्ने बछौली, कठार, कुमरोज, खैरहनीलगायतको क्षेत्र धान खेतीका लागि पकेट क्षेत्र मानिन्छ।

# लागूऔषध ओसारपसारमा संलग्न २ सय ४० पक्राउ

नेपाल समाचारपत्र

हेटौंडा

मकवानपुरमा आर्थिक वर्षमा २०७४/०७५ मा अवैध लागूऔषध ओसारपसारमा संलग्न २ सय ४० जना पक्राउ परेका छन्। उनीहरूमध्ये २ सय १४ पुरुष, ११ महिला, १२ भारतीय पुरुष र ३ भारतीय महिला छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न अपराधमा आर्थिक वर्ष २०७४/०७५ मा १ हजार १ सय १८ जनालाई पक्राउ गरेको छ। जसमध्ये १ हजार ४० पुरुष, ५६ महिला, १९ विदेशी पुरुष र ३ विदेशी महिला छन्।

प्रहरीले विभिन्न अपराधका ९ सय ५१ वटा मुद्दा दर्ता गरेको छ भने ७ सय २१ वटा मुद्दा फछ्र्यौट भइसकेको प्रहरी विवरणमा उल्लेख छ। आर्थिक वर्ष २०७४/०७५ मा सार्वजनिक अपराधअन्तर्गत् स्वदेशी र विदेशी गरी ५ सय ५८ जना पक्राउ परेका छन् भने ६१ जना फरार छन्।

लागूऔषध मुद्दामा २ सय ४० जना पक्राउ परेका छन्, ५ जना फरार छन्। ज्यान मार्ने उद्योगमा ३ जना फरार छन् भने १० जनालाई पक्राउ गरिएको छ। चोरी मुद्दामा ४४ जना, जुवा सम्बन्धि मुद्दामा १ सय २३ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालयको अपराध अनुसन्धान शाखाले जनाएको छ।

हातहतियार खरखजानामा १४ अभियुक्त पक्राउ परेका छन् भने १६ जना फरार छन्। प्रहरीले जबर्जस्ती करणी मुद्दाअन्तर्गत् १८ जनालाई पक्राउ गरेको छ भने ७ जना फरार छन्। जबर्जस्ती करणी उद्योगअन्तर्गत् ७ जना पक्राउ परेका छन्, २ जना फरार छन्। जबर्जस्ती करणी उद्योगमा दर्ता भएका मुद्दाहरू फछ्र्यौट भइसकेको प्रहरीले जनाएको छ।

बहुविवाह घटनामा ११ वटा मुद्दामा ११ वटै फछ्र्यौट भएका छन्। कर्तव्य ज्यानका १० मध्ये ९ र सवारीज्यानका ४६ मध्ये ४३ मुद्दा किनारा लागेको छ। कर्तव्यज्यान मुद्दामा प्रहरीले १५ जनालाई पक्राउ गरेको छ भने सवारीज्यान मुद्दाअन्तर्गत् ३९ जनालाई पक्राउ गरेको छ। ६ जना हालसम्म फरार छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार गएका वर्षयता बढी लागूऔषध ओसारपसार गर्ने मानिस पक्राउ परेका छन्। प्रहरीले असारसम्म गाँजा १ हजार १ सय १० किलो ३ सय ६७ ग्राम बरामद गरेको छ। चरेश ७० किलो ८ सय ८६ ग्राम, खैरो हेरोइन ११ ग्राम, अफिम १ किलो २४ ग्राम, नाइट्राभेट २ हजार ९ सय ३६ ट्याब्लेट, डाइजेपाम ट्याब्लेट १ हजार ४ सय ४९ पत्ता, ब्युप्रोनोर्फिन १ हजार ३ सय ८ पत्ता, फेनारगन १ हजार ४ सय ७७ र नोर्फिन १ सय ४५ पत्तासहित कोरेक्स ४ सय ४६ बोतल बरामद गरिएको छ।

# श्रीमतीको कुटपिटबाट श्रीमान्को ज्यान गयो

दोलखा, (नेस)

दोलखाको जिरी नगरपालिका वडा नम्बर ३ मालीमा आपसी झगडामा श्रीमतीको कुटाइबाट श्रीमान्को मृत्यु भएको छ।

घरायसी झगडामा श्रीमती आङलुङ शेर्पाको कुटाइबाट घाइते भएका ५५ वर्षीय श्रीमान् नाङगेल शेर्पाको बिहीबार (आज) बिहान १० बजेतिर मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक बासुदेव पाठकले बताए।

बुधबार बेलुका आपसमा झगडा हुँदा नाङगेलले पहिले आफूलाई कुटपिट गरेपछि आफूले पनि उसलाई कुटेर बाहिर आई सुतेको र बिहीबार बिहान हेर्दा उसलाई मृत अवस्थामा देखेको आङलुङले बताइन्।

घट्नाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय जिरीबाट प्रहरी टोली गई पिडक आङलुङ शेर्पालाई नियन्त्रणमा लिएको र अहिले अनुसन्धान शुरु गरिएको प्रहरी नायब उपरीक्षक पाठकले बताए।

# हेटौंडामा समातिए गाँजाका मुख्य कारोबारी

हेटौंडा, (नेस)

जिल्ला प्रहरी कार्यालय मकवानपुरले २ सय किलो भन्दा बढी गाँजासहित ६ जनालाई पक्राउ गरेको छ।

प्रहरी अनुसन्धान ब्युरो र जिल्ला प्रहरीको संयुक्त टोलीले उदयपुरको ताप्ली गापा-१, पीपलभञ्ज्याङ बस्ने वर्ष ५८ का पदम हमाल ठकुरी, सिरहा बस्ने वर्ष ३५ का सुरेशकुमार महतो, सिरहा औरही गापा-२ बस्ने वर्ष ४४ का जिपचालक छेदी दास र मकवानपुरको राक्सिराङ गापा-१ बस्ने वर्ष ४२ का कृष्णबहादुर मोक्तानलाई बीआर-आईपी २३४५ नम्बर भारतीय बोलेरो जिपसहित नियन्त्रणमा लिएको हो।

जिपमा फल्स बटम बनाई लुकाइछिपाइ ओसारपसार गर्न लागिएको अवस्थामा ८८ केजी ७ सय २० ग्राम अवैध गाँजा (चिप्पड) सहित मकवानपुरको मनहरी-९, खरंगाबाट पक्राउ गरिएको छ।

पक्राउ परेका हमाल ४ वर्षदेखि मकवानपुरका विभिन्न स्थानबाट गाँजा तथा चरेस संकलन गर्ने र भारतमा अवैध कारोबार गर्ने मुख्य व्यक्ति रहेको प्रहरीको दाबी छ। ओसारपसार गर्न लागिएको गाँजा सिरहा जिल्ला हुँदै नेपाल-भारत सीमानाबाट भारततर्फ लैजान लागिएको अनुसन्धानका क्रममा अभियुक्तहरुले खुलाएका छन्।

पक्राउ परेका चालक दास पटक-पटक लागूऔषध गाँजा तथा चरेस कारोबारमा सक्रिय रहेको अनुसन्धानका क्रममा खुलेको छ। मोक्तान मकवानपुरका विभिन्न स्थानबाट गाँजा तथा चरेस संकलन गरी ओसारपसारमा सक्रिय रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको प्रहरीले जनाएको छ।

# सरकारी जग्गा सबैभन्दा बढी मकवानपुरमा

नेपाल समाचारपत्र

हेटौंडा

नेपालका अन्य जिल्लामध्ये मकवानपुरमा सरकारी स्वामित्वमा बढी जग्गा रहेको पाइएको छ। मुलुकभर ९० हजार छ सय ३० रोपनी (चार करोड ६१ लाख १० हजार सात सय ४१ वर्गमिटर) जग्गा रहँदा मकवानपुरमा आठ हजार छ सय ६६ रोपनी सरकारी जग्गा रहेको बताइएको छ।

पूर्वपश्चिम राजमार्गसँग जोडिएको हेटौंडा बजारस्थित वनविज्ञान अध्ययन संस्थान र भुटनदेवी मार्गबीचमा बसोबासको रूपमा प्रयोग भएको र चारैतिर कम्पाउन्डले घेरिएको महत्वपूर्ण व्यापारिक काममा प्रयोग हुनसक्ने नेपाल ट्रस्टको जग्गा उपयोगविहीन छ।

२०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्र शाह, रानी ऐश्वर्य शाह र उहाँको परिवारको सामूहिक हत्यापछि उहाँहरूको नाममा रहेको सम्पत्तिलाई ट्रस्ट मातहत ल्याउने निर्णयबमोजिम २०६४ मंसिर ६ गते नेपाल ट्रस्टको स्थापना भएको थियो।


तर, ट्रस्टमातहत आएको भौतिक संरचना र जग्गा/जमिनको व्यवस्थापन गर्न भने निकै गाह्रो परेको छ। आवश्यकता धेरै छ, बजेट निकै न्यून छ। जसका कारण अपेक्षाकृतरूपमा काम हुन सकेको छैन। ट्रस्टको स्वामित्वमा आएको सम्पत्तिको उचित व्यवस्थापन, सञ्चालन गरी राष्ट्रको सर्वोत्तम हितलाई ध्यान दिँदै शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग पुर्‍याउने मुख्य लक्ष्य ट्रस्टले लिएको छ।

तथ्यांकअनुसार मकवानपुरमा ५५ कार्यालय छन्। ल्यान्डरोभर गाडी मकवानपुरमा ३ वटा छ। पहिलो चरणमा सरकारी जमिन, भवन तथा सवारीसाधनको लगत तयार गरिएको हो। अब सार्वजनिक जमिन, वन/जंगललगायत प्राकृतिक स्रोतको लगत संकलन गर्ने सरकारी योजना छ। जिल्ला कोष तथा लेखानियन्त्रक कार्यालयमार्फत् सरकारी कार्यालय, जमिन र सवारीसाधनको तथ्यांक संकलन शुरु गरिएको हो।

तर, सरकारका विभिन्न निकायसँग भएका विभिन्न प्रकारका सम्पत्तिको एकीकृत विवरण नहुँदा यसको एकिन जवाफ सरकारसँग छैन। सरकारका विभिन्न निकायमा भएको सम्पत्ति चारैतिर छरिएर रहेका छन्।

## वर्गीकृत डिस्प्ले




## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५ साउन
शुक्रवार
१८

शाहीका अनुसार 'ठेक्का परेको हुनाले १५ रुपियाँमा चिया पनि नआउने तर बाध्यतावस खानासमेत खुवाउनुपरेको छ। '१५ रुपियाँमा कस्तो गुणस्तरयुक्त खाना खुवाउनु र ? अहिले बजारमा एक छाक खानाको १ सय ५० रुपियाँ लिन्छन् १५ रुपियाँको कस्तो खाना आउला आफैं विचार गर्नुस्।

# नेपाल

## गाउँपालिकामा बैंक नहुँदा सास्ती

विमल विष्ट, डोटी

डोटीको बडीकेदार गाउँपालिकाका लेखापाल दलबहादुर धामी बैंक नहुँदा भोग्नुपरेको समस्या शब्दमा उतार्न नसकिने बताउनुहुन्छ। उहाँले यतिसम्मको दुखेसो पोख्नुभयो कि कैलाली जिल्लाको धनगढीस्थित बैंकहरूमा काम लिएर जाँदा अवहेलना सहनुपर्ने समस्या भएको छ। बडीकेदारसहित यहाँका ५ वटा गाउँपालिकामा अझै पनि बैंक खुल्न सकेको छैन। सामान्य बैंकिङ कारोबारका लागि बाहिरी जिल्ला कैलाली जानुपर्ने बाध्यता रहेको धामीले बताउनुभयो। '५ हजारको चेक साट्न कम्तीमा ३ हजार खर्च गरेर धनगढी जानुपर्छ', धामीले भन्नुभयो- 'बैंक नहुँदा पुरै सेवा प्रवाह नै खल्बलिएको छ।'

जिल्लाको सबैभन्दा दुर्गम गाउँपालिका हो बडीकेदार। वर्षा शुरु भएपछि गाउँपालिकाबाट ४३ किलोमिटर कच्ची सडक पैदल हिँडेर भीमदत्त राजमार्गको सहजपुर आइपुगिन्छ। त्यहाँबाट धनगढी जान ६० किलोमिटर दक्षिणतिर तथा सदरमुकाम सिलगढी जान झण्डै १ सय ४० किलोमिटर उत्तरतिरको यात्रा गर्नुपर्ने बाध्यता छ कर्मचारीहरूलगायत अन्य स्थानीयलाई। कर्मचारीभन्दा बढी मारमा उपभोक्ता समितिहरू परेको स्थानीय रोजबहादुर कलेलले बताउनुभयो। बैंक नभएकाले योजनाहरूको लागत नै बढ्ने गरेको उहाँको गुनासो छ। 'एकपटक बैंकमा खाता खोल्न ३ जना अनिवार्य जानुपर्‍यो, जानेबित्तिकै काम हुन्न, कम्तीमा २ दिन गाउँका सर्वसाधारणलाई लाग्छ', बडीकेदार गाउँपालिका वडा नं. ४ का अर्का स्थानीय भोजबहादुर देउवाले भन्नुभयो- 'फटाफट काम भइहाल्यो भने नि ४ दिन लागेपछि ३ जनाको खर्च सामान्यतया १५ हजारभन्दा तल आउँदैन, त्यही भएर योजनाहरूमा लागत बढ्ने गरेको छ।'

उपभोक्ताहरू सयौंपटक धनगढी, अत्तरिया र सिलगढीका बैंकहरूले हस्ताक्षर मिलेन, सम्बन्धित मान्छे भएन जस्ता अनेकौं बहाना बनाएर फर्काइदिनाले झन् सास्ती हुने गरेको सुनाउँछन्।

उपभोक्ता झैं कर्मचारीहरूको पनि उस्तै गुनासो छ। नजिक धनगढी पर्ने भए पनि त्यहाँ बैंकले खातामा रकम जम्मा गर्ने, कर्मचारीहरूको तलब हालीदिने काममा बैंकका कर्मचारी आलटाल गर्ने गरेको गुनासो कर्मचारीहरूको छ। सदरमुकाम सिलगढी जानैपर्ने बाध्यता रहने प्रमुख प्रशासकीय अधिकृत दिपकराज पाण्डेयले बताउनुभयो। 'नियमले संकलन भएको राजश्व दैनिक जम्मा गर्नुपर्ने प्रावधान छ। महिनामा एकपटक गएर बैंकमा दाखिला गर्नुपर्ने स्थिति छ', पाण्डेयले भन्नुभयो- 'जम्मा भएको राजस्व महिनाभरि कर्मचारीसंगै राखिदा चोरी डकैती हुने, मासिने अनियमितता गर्ने चुनौती पनि बढी छ।'

प्रत्येक चौमासिकमा सामाजिक सुरक्षाभत्ताको लाखौं रकम बोकेर कर्मचारीहरूले लामो दुरी पार गरेर आउनुपर्दा असुरक्षित महशुस हुने गरेको उहाँले दुखेसो गर्नुभयो। 'जंगल खोलाको बाटो छ, लाखौं रुपियाँसंगै बोक्नुपर्छ', पाण्डेयले थप भन्नुभयो- 'बैंक नहुँदा सामाजिक आर्थिक रुपले समस्या ल्याएको छ, सेवा प्रवाहमाथि नै सर्वसाधरण असन्तुष्टी व्यक्त गर्न लागेका छन्। डोटीका कतिपय गाउँपालिकामा प्रहरी चौकी नभएका कारण पनि बैंक जान मानिरहेका छैनन्।

सर्वसाधरणले लामो समयदेखि गाउँपालिकामा प्रहरीचौकी र गाउँपालिकाको माग गरेका भए पनि पुरा हुन सकेको छैन। त्यस्तै जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझाले आफ्नो गाउँपालिकामा प्रहरीचौकी स्थापना भए पनि बैंक नआउँदा निकै समस्या भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'हाम्रो गाउँपालिकामा त प्रहरी चौकी स्थापना भएको वर्षौं बितिसक्यो अहिले बैंक ल्याउन प्रयास गरे पनि आउन मानेका छैनन्।'

## बाढीपहिरो पीडितलाई लायन्सको सहयोग

नेपाल समाचारपत्र

पर्वत

बाढी र पहिरोका कारण नराम्रोसंग प्रभावित बनेको पर्वतको जलजला गाउँपालिकाका पीडितहरूलाई लायन्स क्लब अफ डिस्ट्रिक्ट ३२५ बी अर्न्तगतका लायन्स क्वलहरूले आर्थिक र खाद्यान्न सामग्री सहयोग गरेका छन्।

लायन्स क्लब अफ डिस्ट्रिक्ट ३२५ बी अर्न्तगतका सदस्यहरूबाट नगद २ लाख २४ हजार, कुस्मास्थित लायन्स क्लबबाट २५ हजार गरी नगद २ लाख ५० हजार पीडितहरूको सामूहिक आवास निर्माणका लागि सहयोग गरिएको छ भने लायन्स क्लब अफ पोखरा अन्नपूर्णले १ लाख रुपियाँभन्दा बढीको खाद्यान्न सामग्री र त्रिपाल वितरण गरेको छ।



बाढीपहिरो पीडितहरूका लागि सकंलन गरिएको नगद र खाद्यान्न सामग्री जलजला गाउँपालिकाका अध्यक्ष रामकृष्ण मल्ललाई हस्तान्तरण गरिएको छ। अध्यक्ष मल्ललाई लायन्स क्लब अफ डिस्ट्रिक्ट ३२५ बी का चिफ डिस्ट्रिक्ट एड्भाइजर काशीकुमार जोशी, डिस्ट्रिक्ट डिसेबल एड डिर्पाटमेन्ट चिफ सोनाम स्याङपो, सिनियर डिस्ट्रिक्ट एड्भाइजर दिनबन्धु पौडेललगायतले संयुक्त रूपमा हस्तान्तरण गरेका थिए।

गएको साउन १ गते राति जलजला गाउँपालिका वडा नं ७ र ८ मा गएको बाढीपहिरोमा परि १ जनाको ज्यान गएको छ भने १४ घर पुर्णरुपमा बिस्थापित बनेका छन्। लस्दीखोलामा भएको कटान र अन्य क्षेत्रमा गएको पहिरोका कारण धेरै घर परिवार जोखिममा छन्। बाढीपहिरोमा परेर घरबारविहीन भएकाहरू आफन्त र स्थानीय निजी विद्यालयमा आश्रय लिएर बस्दै आएका छन्। पहिरो गएको जलजला -८ बेरनेटामा घर बनाउने जमिनसमेत नभएका कारण पीडित सुकुम्बासी दलितहरूका लागि सुरक्षित स्थान खोजेर सामूहिक आवास बनाउने आवश्यकता देखिएको छ।

लायन्स क्बल अफ शिवालय कुस्माकी अध्यक्ष मानकुमारी गिरीको अध्यक्षतामा भएको राहत हस्तान्तरण कार्यक्रममा सिनियर डिस्ट्रिक्ट एड्भाइजर लेखनाथ उपाध्याय, इमर्जेन्सी एक्सन कमिटी सह-संयोजक बालकृष्ण बराल र ऋषि गिरी, जोनचेर्यर पर्सन टंकराज अधिकारी र सन्तोष घिमिरे र लायन्स क्लब अफ कुस्मा सिटीकी अध्यक्ष सरस्वती शर्मा जिज्ञासुलगायतले आफ्ना धारणा राखेका थिए।

## ट्याक्टर दुर्घटनामा दुईको मृत्यु

रोल्पा, (नेस)

रोल्पामा गएराति भएको ट्याक्टर दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ। रा१त १५०७ नम्बरको उक्त ट्याक्टर बुधबार राति दुर्घटना भएको बताइएको थियो। दुर्घटनामा परि दाङ तुल्सीपुर उपमहानगरपालिका ७ का २७ वर्षीय चालक आशाराम चौधरी र रोल्पा गंगादेव गाउँपालिका १ का १८ वर्षीय सहचालक डम्बरबहादुर वलीको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घर्तीगाउँ बजारबाट ओततर्फ सिमेन्ट ढुवानी गरेर जाँदै गरेको ट्याक्टर माडी १ धारावाङमा दुर्घटना ग्रस्त भएको प्रहरीले जानकारी दिएको छ। दुर्घटना भएको खबर सुन्नेबित्तिकै इलाका प्रहरी कार्यालय घर्तीगाउँका प्रहरी निरीक्षक राजकुमार पहाडी नेतृत्वको टोली घटनास्थल पुगी शव निकालेको थियो।

शव हाल इलाका प्रहरी कार्यालय घर्तीगाउँमा राखिएको छ। शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पताल रेउघामा लैजाने तयारी भइरहेको प्रहरीले बताएको छ।

सडकबाट ५ सय मिटर तल खसेको ट्याक्टरसमेत पूर्णरुपमा क्षतिग्रस्त भएको बताइएको छ। भिरालो कच्ची सडकका कारण अनियन्त्रित भई ट्याक्टर दुर्घटना भएको हुन सक्ने औंल्याइएको छ।

इन्जिनियरिङ डिजाइन बिनाउपभोक्ता समितिले आफूखुसी खनेका सडकका कारण रोल्पामा ट्याक्टर दुर्घटनाको मात्रा बढिरहेको छ। साघुँरा सडकमा बनेका साँघुरा मोडका कारण दुर्घटना बढिरहेको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। जिल्लामा गतवर्ष भएको सवारी दुर्घटनामा १४ जनाले ज्यान गुमाएका थिए। त्यसरी ज्यान गुमाएका मध्ये सबै ट्याक्टर दुर्घटनामा परि मृत्यु भएको बताइएको छ।

अधिकांश दुर्घटना जिल्लाका भित्री सडकमा हुने गरेको छ। विगतमा राजनीतिक पहुँचका आधारमा छुट्याएको बजेटबाट खनिएका त्यस्ता सडक मापदण्डअनुसार नहुँदा दुर्घटना बढिरहेका छन्। सडक निर्माणका लागि छुट्याएको बजेटबाट कार्यकर्ता पोस्न सजिलो हुने भएकाले जनप्रतिनिधिहरूले समेत त्यही शीर्षकमा बजेट छुट्याउने गरेको स्थानीयहरूले आरोप लगाउने गरेका छन्।

## भारतीय क्याम्प अफिस अझै खुला

सरोज यादव, विराटनगर

विराटनगरमा एक दशकदेखि अवैधानिक रूपमा सञ्चालित भारतीय 'क्याम्प अफिस'को सेवा बन्द भए पनि कार्यालय भने खुला रहेको छ।

भारतीय दूतावासले एक प्रेस बताए पनि कार्यालयभित्र कर्मचारीको चहलपहल भने पहिलेको जस्तै छ। सम्पर्क कार्यालयका प्रमुख निरज जैसवालले सम्पर्क कार्यालयबाट सेवा बन्द गरिएको भए पनि कार्यालयभित्रका सम्पूर्ण सामग्रीहरू लिएर कर्मचारी जान समय लाग्ने नेपाल भ्रमणको समयमा सो कार्यालय बन्द गर्ने सहमति भएको थियो।

सम्पर्क कार्यालय बन्द भएको बारे जानकारी लिन पुगेका इलाका प्रहरी कार्यालय रानीका प्रमुख प्रहरी निरीक्षक सन्तोष निरौलालाई कार्यालय प्रमुख जैसवालले कार्यालय



विज्ञप्ति जारी गरेर अगस्ट १ अर्थात् साउन १६ गतेदेखि विराटनगरको क्याम्प अफिसले गर्दै आएका सबै काम काठमाडौंस्थित दूतावासबाटै हुने जनाएको थियो।

दूतावासले कार्यालयबाट प्रदान गर्दै आएको सम्पूर्ण सेवा बन्द गरेको भएकाले कार्यालय खोल्नुपरेको बताउनुभयो। यसअघि दूतावासले अगस्ट १ बाट कार्यालय बन्द गर्ने जनाएको थियो।

सेवा बन्द गरिएको कार्यालयमा राखिएको भारतीय झण्डा पनि हटाइएको छैन। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पूर्ण रुपमा बन्द गर्न अझै दुई साता लाग्ने बताएका थिए।

सप्तकोशीको बाँध फुटेपछि नेपाली गाडीलाई रुट अनुमति प्रदान गर्न स्थापना भएको भारतीय अफिस प्रयोजन सकिएपछि पनि जबरजस्ती बसिरहेको थियो।

## जिल्ला अस्पतालका बिरामीलाई १५ रुपियाँको खाना

कालीबहादुर मल्ल, कालिकोट

यहाँको एक मात्र जिल्ला अस्पतालमा भर्ना भएका बिरामीहरूलाई १५ रुपियाँ बराबरको खाना दिने गरिएको छ। अस्पतालमा भर्ना भएका बिरामीहरूलाई जिल्ला अस्पताल कालिकोटबाट सञ्चालित क्यान्टिनले १५ रुपियाँको खाना खुवाउने गरेको हो।

जिल्ला अस्पताल कालिकोटको सहयोगमा बिरामीहरूलाई खाना खुवाउनका लागि वार्षिक रूपमा घटिघटाउमा ठेक्का आह्वान गर्ने, जसले घटेर हाल्यो तेसैले खाना खुवाउने जिम्मा लिने गरेको क्यान्टेन सञ्चालक नानी शाहीले बताइन्।

शाहीका अनुसार 'ठेक्का परेको हुनाले १५ रुपियाँमा चिया पनि नआउने तर बाध्यतावस खानासमेत खुवाउनुपरेको छ। '१५ रुपियाँमा कस्तो गुणस्तरयुक्त खाना खुवाउनु र ? अहिले बजारमा एक छाक खानाको १ सय ५० रुपियाँ लिन्छन् १५ रुपियाँको कस्तो खाना आउला आफैं विचार गर्नुस्।' -उनले भनिन्।

नेपाल सरकारको नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रमअनुसार जिल्ला अस्पताल कालिकोटमा भर्ना भएका बिरामीहरूले खाना पाउने व्यवस्थाअनुसार वर्षेनी लाखौं रकम आउने गरेको छ।

क्यन्टेनबाट आएको खानाले सिकिस्त बिरामीबाहेक अन्य हातखुट्टामा चोट लागेका बिरामीहरूलाई पेटभरि पनि पुग्दैन। जिल्ला अस्पतालमा उपचार गर्न आएकी वाटु भट्टराईका अनुसार खाना जिल्ला अस्पतालले दिने र उक्त खाना खाँदा अझै बिरामी सञ्चो हुनुभन्दा रोग बढ्ने सम्भावना रहेको छ। उनका अनुसार जिल्ला अस्पतालले दिने खानामा कुनै गुणस्तरको नभएको छैन। बिरामीहरूले क्यान्टिनको खानाभन्दा अस्पतालबाहिरको होटेलबाट खाँदै आएका छन्।

जिल्ला अस्पताल कालिकोटका प्रमुख डाक्टर विवश पराजुली आफू भर्खरै कार्यालय प्रमुख भएर आएको र खानाको गुणस्तर बारे आफूलाई नै चित्त नबुझेको बताउँछन्। जिल्ला अस्पतालका प्रमुख पराजुलीले खानामा क्वालिटी नभएको न्युन रकमका बारेमा सोचेर बिरामीलाई खाना राम्रो उपलब्ध गराइने प्रतिवद्धता जनाए।

## छाडा पशु व्यवस्थापनमा समस्या

नेपाल समाचारपत्र

बाँके

नेपालगन्जबाट छाडा पशु समातेर चारवटा ट्रकमा राखी दाङको अमेलिया जंगलमा छोड्न गएको टोलीलाई बाँके राष्ट्रिय निकुञ्जले रातभरि थुनेर फिर्ता पठाएको छ।

नेपालगन्ज उपमहानगरपालिका र वडा प्रहरी कार्यालय, नेपालगन्जको टोलीलाई स्थानीयको अवरोधपछि निकुञ्जको आर्मीले ल्याएर रातभरि थुनेको हो। मंगलबार अपरान्ह निकुञ्जको मुख्य कार्यालय कटेर अगैयामा पुगेको टोलीलाई स्थानीयले अवरोध गरेर निकुञ्ज प्रशासनलाई खबर गरेको थियो। नेपालगन्ज उपमहानगरपालिका र प्रहरीको टोलीले निकुञ्जमै पर्ने खैरीखोलानजिक छाडा पशु छोड्न थालेको पाइएपछि उनीहरूलाई त्यहाँ पशु छोड्न नदिएर राति निकुञ्जमा ल्याएर राखेको वार्डेन दिलबहादुर पुनले बताउनुभयो।

नेपालगन्ज उपमहानगरपालिकाले भने निकुञ्जपारि अमेलियामा छाडा पशुलाई छोड्न जादा केही स्थानीयले अवरोध गरेर निकुञ्जमा खबर गरेको बताएको छ। उपमहानगरपालिका निरीक्षण शाखाका हवल्दार पवन कनोजियाले छाडा पशुलाई निकुञ्जलाई नछोड्ने कुरा बताएर जाँदा पनि समातेर रातभरि थुनेको बताउनुभयो।

नेपालगन्ज बजारमा छाडा रहेका पशुलाई समातेर उपमहानगरपालिकाले जंगलमा लगेर छोड्ने नीति अघि बढाएको थियो। साउनमा मात्रै ६ वटा ट्रकमा छाडा पशु लगेर अमेलिया छेउमा छोडिएको छ। अहिले चारवटा ट्रकमा ७० वटा पशु लिएर जादा स्थानीयको अवरोध र निकुञ्जले रातभरि थुनेको कनोजियाले बताउनुभयो।

उपमहानगरपालिकाबाट अनिरुद्र शर्मा, चन्द्र राना र अजय यादव तथा वडा प्रहरी कार्यालयबाट एकजना जवान छाडा पशु भरिएको ट्रक लिएर गएका थिए। पशुले भरिएको ट्रक र चार जनालाई निकुञ्जले रातभरि थुनेपछि बुधबार फिर्ता भएका छन्। हवल्दार कनोजिया गएर उनीहरूलाई बुझेर ल्याएका छन्।

नेपालगन्ज बजारमा छाडा रहेका पशुलाई जंगलमा लगेर छोड्दा जंगल छेउछाउका बासिन्दाले विरोध गर्दै आएका छन्। बजारमा बस्ने बानी परेका पशु जंगलभित्र नबसी बस्तीको छेउछाउमा आउने र उनीहरूले लगाएको बालीनाली खाइदिने गर्दछन्। निकुञ्जका वार्डेन पुनले निकुञ्जका आसपासका मानिसहरूले जंगली जनावरभन्दा विभिन्न ठाउँबाट छोडिएका पशुका कारण आफूहरू मारमा परेको भन्दै उजुरी गर्न आउने गरेको बताउनुभयो। 'निकुञ्जमा छाडा पशुलाई लगेर छोड्न पाइँदैन, निकुञ्जबाहिर छोड्दा आसपासका मानिसहरूले विरोध गर्छन्, वार्डेन पुनले भन्नुभयो- 'छाडा पशु र त्यसमा पनि गाईको व्यवस्थापन बडो मुश्किल भएको छ।'

नेपालगन्ज बजारमा रहेका छाडा पशुलाई कान्जीहाउमा लगेर थुन्दा पनि मालिक लिन नआएपछि जनावरलाई जंगलमा लगेर छोड्ने नीति बनाइएको हो। जंगलमा पनि छोड्न नपाउने भएपछि उपमहानगरपालिकालाई छाडा पशु व्यवस्थापन साह्रै चुनौती देखिएको छ। उपमहानगरपालिका हवल्दार कनोजियाले छाडा पशु लिएर गएको टोलीलाई स्थानीय केही व्यक्तिले हातपातसमेत गरेको बताउनुभयो। उनीहरूका विरुद्धमा प्रहरीमा उजुरी दिने कुरा भएको कनोजियाले बताउनुभयो।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर, स्तर निर्धारण महाशाखाको**
**बिराटनगर अस्पताल प्रा.ली बिराटनगर मोरङको नामसारी स्वामीत्व हस्तान्तर तथा कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०४/१८

यस परिषद् कार्यालयबाट सम्बन्धन/स्वीकृति प्राप्त गरी PCL तहको सामान्य चिकित्सा (३ बर्षे) कार्यक्रम सञ्चालन गर्ने संस्था बिराटनगर अस्पताल प्रा.लि. बिराटनगर मोरङले आफुले सञ्चालन गर्दै आएको PCL तहको सामान्य चिकित्सा (३ बर्षे) कार्यक्रम अव उप्रान्त बिराट हेल्थ कलेज, बिराटनगर मोरङले सञ्चालन गर्ने गरी नामसारी, स्वामीत्व हस्तान्तरण तथा कार्यक्रम समायोजन गराई पाउँ भनी दिएको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०७५/०४/१३ गतेको निर्णय अनुसार आवश्यक प्रकृया थालनीका लागि उक्त संस्था प्रति कोही कसैको लेनदेन, हकदावी सम्बन्धी कुनै प्रकारको उजुरी भएमा यो सूचना प्रकाशित मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित हकदावी उजुरी गर्नु हुन सम्बन्धीत सरोकारवाला सबैमा यसै सूचनाद्धारा जानकारी गराईन्छ। उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा बिराटनगर अस्पताल प्रा.लि. बिराटनगर मोरङले संचालन गर्दै आएको PCL तहको सामान्य चिकित्सा (३ बर्षे) कार्यक्रम बिराट हेल्थ कलेज, बिराटनगर मोरङको नाममा नामसारी, स्वामीत्व हस्तान्तरण तथा कार्यक्रम समायोजन प्रकृया अगाडि बढ्ने व्यहोरा जानकारी गराईन्छ। साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर। फो.नं. ०१-६६३०४०८**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर, स्तर निर्धारण महाशाखाको**
**बिराट हेल्थ कलेज बिराटनगर मोरङको नामसारी, ठाउँसारी, स्वामीत्व हस्तान्तर तथा कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०४/१८

यस परिषद् कार्यालयबाट सम्बन्धन/स्वीकृति प्राप्त गरी TSLC तहको ल्याव असिस्टेन्ट (१८ महिने) कार्यक्रम सञ्चालन गर्ने संस्था बिराट हेल्थ कलेज बिराटनगर मोरङले आफुले सञ्चालन गर्दै आएको TSLC तहको ल्याव असिस्टेन्ट (१८ महिने) कार्यक्रम अव उप्रान्त गोल्डन पार्क कलेज, बिराटनगर मोरङले सञ्चालन गर्ने गरी नामसारी, ठाउँसारी तथा स्वामीत्व हस्तान्तरण गराई पाउँ भनी दिएको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०७५/०४/१३ गतेको निर्णय अनुसार आवश्यक प्रकृया थालनीका लागि उक्त संस्था प्रति कोही कसैको लेनदेन, हकदावी सम्बन्धी कुनै प्रकारको उजुरी भएमा यो सूचना प्रकाशित मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित हकदावी उजुरी गर्नु हुन सम्बन्धित सरोकारवाला सबैमा यसै सूचनाद्धारा जानकारी गराईन्छ। उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा बिराट हेल्थ कलेज बिराटनगर मोरङले संचालन गर्दै आएको TSLC तहको ल्याव असिस्टेन्ट (१८ महिने) कार्यक्रम गोल्डन पार्क कलेज, बिराटनगर मोरङको नाममा नामसारी, ठाउँसारी, स्वामीत्व हस्तान्तरण तथा कार्यक्रम समायोजन प्रकृया अगाडि बढ्ने व्यहोरा जानकारी गराईन्छ। साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर। फो.नं. ०१-६६३०४०८**

**कम्पनी गाभिएको (मर्ज भएको) सूचना**

नेपाल बुलियन कम्पनी प्रा.लि.मा नेपाल रेमिटान्स प्रा.लि.र ईन्स्टेन्ट ट्रेडिङ् कम्पनी प्रा.लि.एक आपसमा गाभिएर (मर्ज) बनेको नेपाल बुलियन कम्पनी प्रा.लि. कायम गर्न श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५।०४।११ मा निर्णय भै नेपाल बुलियन कम्पनी प्रा.लि. कायम भएको ब्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

रजिष्टर्ड कार्यालय
का.म.न.पा. - ३३, सानोगौचरण, ज्ञानेश्वर, काठमाण्डौं।

हार्दिक श्रद्धाञ्जली

जन्म
स्वर्गारोहण
२०७५ साउन ८



नेपाल स्काउट्स राष्ट्रिय संघ, परिवार
सातदोबाटो, ललितपुर



# विश्व

**हत्या**
अफगानिस्तानको राजधानी काबुलमा तिनजना विदेशीको अपहरणपछि हत्या भएको अधिकारीहरूले बिहीबार बताएका छन्।



**आह्वान**
पोप फ्रान्सिसले कुनै पनि परिस्थितिमा दिइने मृत्युदण्डको विरोध गर्न इसाई समुदायलाई आह्वान गरेका छन्।



2018, AUG
Friday
3

## विश्व २ मिनेट

### भारत

#### पानीपुरीमाथि रोक

बडोदरा, (एजेन्सी)

भारतको गुजरात राज्यको बडोदरामा १ सय २० भन्दा बढीलाई पखाला तथा वान्ता हुने समस्या देखिएपछि त्यहाँको प्रशासनले पानीपुरी बिक्रीमा रोक लगाएको छ। बडोदरा नगर निगमको ट्विट ह्यान्डलबाट भएको एक ट्विटमा भनिएको छ- 'बडोदरा फुड डिपार्टमेन्टले पानीपुरी बनाउने ५० स्थानमा आकस्मिक जाँच गरेको छ। ४ हजार किलो पानीपुरी, ३ हजार ३ सय ५० किलो आलु र चना र १२ हजार लिटर पानी जफत गरी नष्ट गरिएको छ। शहरमा झाडापखाला तथा वान्ता हुने समस्या बढेपछि नगर निगमले यसको बिक्रीमा रोक लगाउने निर्णय लिएको छ।

### पाकिस्तान

#### चार भारतीय आमन्त्रित

इस्लामावाद, (एजेन्सी)

इमरान खानले पाकिस्तानको प्रधानमन्त्रीका रूपमा अगस्ट ११ मा शपथ लिँदै छन्। अन्तर्राष्ट्रियस्तरमा सफल क्रिकेटर खान राजनीतिक जीवनमा पनि शिखरमा पुग्न सफल भएका छन्। इमरानको उक्त समारोहका लागि भारतका ४ चर्चित हस्तीलाई सहभागी हुन निमन्त्रणा प्राप्त भएको छ। ती ४ भारतीयमा चलचित्र अभिनेता अमिर खान, क्रिकेटर सुनिल गावस्कर, कपिल देव र नवजोत सिंह सिद्धु हुन्। नवजोत सिद्धुले बीबीसीसँग भने- 'म सम्मानित महसुस गरिरहेका छु। जुन ४ जनालाई बोलाइयो, त्यसमा म पनि परेको छु। मैले त अत्यन्तै सम्मानित महसुस गरिरहेको छु।'

### अफगानिस्तान

#### अपहरण र हत्या

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलमा ३ जना विदेशीको अपहरणपछि हत्या भएको अधिकारीले बिहीबार बताएका छन्। ती ३ जना भारत, मलेसिया र मेसोडेनियाका नागरिक भएको प्रहरीले पुष्टि गरेको छ। अनुसन्धानकर्ताले तिनीहरूलाई विमानस्थलतर्फ जाँदै गर्दा बीच बाटोमा तिनीहरूको कार रोकेर अपहरण गरिएको र यसमा आतंककारीको हात हुनुपर्ने बताएका छन्। पछि तिनीहरूको शव काबुल प्रान्तको मुस्साही जिल्लामा फेला पारिएको थियो। तिनीहरू फ्रेन्च फुड सर्भिसेज कम्पनी सोडेक्समा कुकको रूपमा काम गर्ने विश्वास गरिएको छ।

### अस्ट्रेलिया

#### कुकुरको आक्रमण

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियामा एउटी १४ महिने बच्चीको कुकुरको आक्रमणमा परेर मृत्यु भएको बिहीबार प्रहरीले जनाएको छ। भिक्टोरिया राज्यको मेलबर्नदेखि १ सय २० किमी पूर्वमा पर्ने निरिम जक्सनमा ती बच्चीलाई जर्मन वायरहेयर्ड प्वाइन्टरले नराम्ररी टोकेको थियो। बुधबार बिहान सो दुर्घटना हुनासाथ घरमै तत्काल स्वास्थकर्मी बोलाइए पनि उनको ज्यान जोगाउन नसकिएको बताइएको छ। अस्ट्रेलियाली सञ्चार माध्यमले कुकुरले बच्चीको अनुहारमा टोकेको जनाएको छ। बच्चीको आमाको आक्रमण रोक्ने प्रयास असफल भएको थियो। कुकुरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# काश्मिर मुद्दाको समाधान यूएन प्रस्तावअनुरूप हुनुपर्छ : इमरान

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको चुनावमा जित हासिलपछि इमरान खान पाकिस्तानका भावी प्रधानमन्त्री बन्न गइरहेका छन्।


सन् १९९६ देखि राजनीतिमा प्रवेश गरेर कठिन संघर्ष पार गर्दै दुई दशकपछि अन्ततः उनको पार्टी पीटीआईले चुनावमा अभूतपूर्व सफलता हासिल गरेको छ। इमरान खानले चुनावमा जितेपछि प्रशासन र छिमेकी मुलुकसँगको राम्रो सम्बन्ध कायम गर्ने आशयको भाषण दिएका छन्। यो प्रष्ट शब्दमा थियो भने सकारात्मक पनि।

तर केही मुद्दामा भने इमरान खानको विचार विगत कैयौं वर्षदेखि कुनै परिवर्तन देखिएको छैन।

बेलायतको अक्सफोर्ड युनिभर्सिटीमा शिक्षा हासिल गरेका इमरान खान जब १९७० र १९८० को दशकमा क्रिकेट खेल्थे, उनी स्वच्छन्द जीवनशैलीका लागि चर्चित थिए।

लन्डनका केही विशेष नाइट क्लबमा इमरान खानको विशेष सदस्य हुने गरेका थिए। उनका कथित प्रेम सम्बन्धलाई लिएर बेलायत टेब्लोइड भरिएका हुन्थे। सन् २०१६ मा हिन्दूस्तान टाइम्ससँगको एक अन्तर्वातामा इमरान खान आफैंले भनेका थिए- 'मैले जुन तरिकाले जवानी बिताएँ, त्यसबाट कैयौंलाई इर्ष्या हुने गर्थ्यो। धेरैले मजस्तै जीवन बिताउन चाहन्थे।'

तर अब यी सबैमा धेरै परिवर्तन आइसकेका छन्। अब इमरान खान राजनीतिकरूपमा संरक्षणवादी र धर्मनिष्ठ व्यक्तिका रूपमा देखिएका छन्।



### उदारवादीका कडा आलोचक

राजनीतिकरूपमा उनी पाकिस्तानका उदारवादीका कडा आलोचक हुन्।

सन् २०१२ मा समाचार च्यानल एनडी टिभीसँग इमरान खानले भनेका थिए- 'यी उदारवादीहरू गाउँमा बमबारीको समर्थन गर्छन्। यिनीहरू ड्रोन हमलाको समर्थन गर्छन्। मेरो हिसाबले यिनीहरू उदारवादी होइनन्, फासिस्ट हुन्। यिनीहरू पाकिस्तानका फोहर दुर्गन्ध हुन् जो आफूलाई उदारवादी भन्छन्।' ५ वर्षपछि सन् २०१७ मा इमरान खानले पाकिस्तान र पश्चिमी देशका उदारवादीमा अन्तर स्थापित गर्ने प्रयास गरे।

इस्लामावादमा धार्मिक पार्टीहरूको आन्दोलनमा प्रहरी कारबाहीपछि एक प्रेस सम्मेलनमा इमरानले भने- 'उदारवादी त्यो हो जसले मानवीय अधिकारलाई महत्त्व दिन्छन्। एक उदारवादी सधैं युद्धको विरुद्ध हुन्छन्। मैले यहाँजस्ता रक्त पिपासु उदारवादी कहीं देखेको छुइन। उनीहरूलाई मात्र रक्तपात चाहिएको छ।'

तालिबानप्रति प्रायः सहानुभूतिपूर्ण विचार राख्ने गरेको इमरानमाथि आरोप छ। त्यसैले उनका आलोचकहरू उनलाई तालिबान खान भन्ने गर्छन्। जुलाई २६ मा दिएको आफ्नो भाषणमा कट्टरपन्थी र तालिबान मुद्दा सल्टाउने विषयमा आफ्नो कुनै योजना अगाडि उनले राखेनन्। तर उनको नियमित बयानले उनी ती संगठनका पक्ष हुन् भन्ने देखिन्छ।

सन् २००२ मा इमराखनले उनी तालिबानको न्याय व्यवस्थाबाट अत्यन्त प्रभावित भएको र यदि उनको सरकार बनेमा उसले पनि त्यस्तै शासन प्रक्रिया अपनाउने बताएका थिए।

पाकिस्तान न्युज च्यानल द न्युजले उनलाई उद्धृत गर्दै लेखेको थियो- 'मैले सरकार बनाएपछि त्यही शासन प्रक्रिया लागू गर्नेछु।' केहि वर्षअगाडि सरकार तहरिक ए तालिबान पाकिस्तानसँग वार्ता प्रक्रिया शुरू गर्न गम्भीर हो भने उसलाई पाकिस्तानमा कार्यालय खोल्न अनुमति दिनुपर्ने उनले बताएका थिए। कतारमा अफगान तालिबानलाई आफ्नो कार्यालय खोल्न अनुमति दिएको उनले उदाहरण दिएका थिए।

### काश्मिर र भारतप्रतिको दृष्टिकोण

चुनाव जितेलगत्तै इमरान खानले भने- 'यदि भारतसँग हाम्रो सम्बन्ध राम्रो हुन सक्यो भने त्यो हाम्रो लागि अत्यन्त राम्रो हुन्छ भन्ने मलाई लागेको छ। हामीबीच व्यापारिक सम्बन्ध हुनुपर्छ। हामीबीच जति धेरै व्यापार हुन्छ, त्यति नै दुई देशलाई फाइदा हुनेछ। दुई देशबीच शान्ति कायम गर्ने मुद्दामा इमरान खानले भने- 'यदि तपाईं एक पाइला अगाडि बढाउनुहुन्छ भने हामी दुई पाइला अगाडि साछौं।'

सन् २००२ मा एक पत्रकार सम्मेलनमा इमरानले भनेका थिए- 'काश्मिरमा शान्ति कायम गर्ने वश एक मात्र तरिका छ- काश्मिरको मामिला युएनको प्रस्तावको पालना गुर्नपर्छ, जसअनुसार काश्मिरी जनतालाई जनमत संग्रह गर्ने अधिकार छ। जनमत संग्रहको यो विचारलाई भारतले कहिल्यै समर्थन गरेको छैन किनभने यसमा काश्मिरमा बस्ने नागरिकका लागि भारत, पाकिस्तानमा विलय वा स्वतन्त्र हुने अधिकार हुन्छ।

हालै मात्र इमरान खानले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विषयमा टिप्पणी गर्ने क्रममा मोदी सरकारको नीति पाकिस्तानलाई एक्ल्याउनु रहेको बताएका थिए। उनको पाकिस्तानविरुद्धको व्यवहार अत्यन्त आक्रामक रहेको र काश्मिरमा भइरहेको बर्बरताका लागि पनि उसले पाकिस्तानलाई नै जिम्मेवार ठहऱ्याउन चाहेको इमरानले बताएका थिए।

# चिनियाँ कानुनअनुसार गुगलको सर्च इन्जिन विकास

बेइजिङ, (एजेन्सी)

गुगलले चीनको सेन्सरसिप कानुनलाई मेल खाने गरी नयाँ संस्करणको सर्च इन्जिन विकास गरिरहेको छ। स्वतन्त्र अभिव्यक्तिको अधिकारलाई संकुचन गरिएको गुनासो गर्दै गुगल कम्पनीले सन् २०१० मा इन्जिन बन्द गरेको थियो।

तर अनलाइन न्युजसाइट द इन्टरसेप्टले गुगलले मानवअधिकार र धर्मजस्ता सामग्रीलाई रोक्ने गरी ड्रागनफ्लाई कोड दिइएको परियोजनामा अहिले काम गरिरहेको र यसका कारण अधिकारवादी अभियन्ताहरू आक्रोशित हुने निश्चित देखिएको जनाएको छ। तर चीनको एउटा सरकारी मुखपत्र सेक्युरिटिज डेलीले भने यो प्रतिवेदन झुठो भएको स्पष्ट पारेको छ।

यसबारे प्रश्न गरिँदा गुगलका प्रवक्ताले संक्षिप्त विवरण दिएका छन्, 'हामीले चीनमा उपलब्ध गराएको गुगल ट्रान्स्लेट र फाइल्स गोलगायतका कोवाइ एपहरूले चिनियाँ डेभलपरलाई मद्दत पुगेको छ। साथै हामीले जेडी डट कमजस्ता चिनियाँ कम्पनीमा महत्त्वपूर्ण लगानी गरेका छौं तर हामी भावी योजनाको हल्लाबारे केही पनि टिप्पणी गर्दैनौं।'

इन्टरनेट गुगल दस्ताबेजका अनुसार गुगलको कार्यकारिणी अधिकारी सुन्दर पिचाइले एकजना चिनियाँ सरकारी अधिकारीलाई भेटेपछि सन् २०१७ को डिसेम्बरमा ड्रागनफ्लाई परियोजनाले तीव्र गति लिएको हो। साथै गुगलले यदि चिनियाँ सरकारको अनुमोदन प्राप्त भएको खण्डमा माओताइ र लोंगफेइ एउटा एन्ड्रोइडका विकसित संस्करणहरू ९ महिनाभित्र सञ्चालनमा ल्याइन सकिने पनि जनाएको छ।




# युरोपको गर्मीले नयाँ कीर्तिमान राख्ने संकेत

म्याड्रिड, (एजेन्सी)

युरोपमा गर्मी चढिरहेका बेला मौसम भविष्यवाणीकर्ताहरूले केही दिनमै तापक्रमले अहिलेसम्मकै कीर्तिमान तोड्ने अनुमान बिहीबार गरेका छन्। अहिलेसम्म युरोपको अधिकतम तापक्रमको कीर्तिमान ४८ डिग्री सेल्सियस रहेको छ।

सन् १९७७ मा ग्रिसको राजधानी एथेन्समा यो तापक्रम मापन गरिएको थियो। अफ्रिकाबाट तातो हावा बगेर आउने क्रम जारी रहेको र स्पेन र पोर्च्युगलमा दिनदिनै तापक्रम बढ्ने क्रम जारी रहेको छ। मौसमविदहरूले यही क्रममा तापक्रम बढिरहने हो भने ४२ वर्षअघिको युरोपेली कीर्तिमान तोडिन सक्ने बताएका छन्। स्पेनको राष्ट्रिय मौसम सेवाले कम्तीमा आगामी आइतबारसम्म विशेष गरी देशको दक्षिण पश्चिमी भागमा तापक्रम निकै बढ्ने चेतावनी दिएको छ।

युरोपको मौसम चेतावनी समूह मेटियोअलार्मले यसअघि नै अत्यन्तै खतराको सूचना दिँदै दक्षिणी पोर्च्युगल र स्पेनको बादाजोज प्रान्तमा मानिसमाथि धेरै खतरा रहेको जनाइसकेको छ।

अहिले दक्षिण-पश्चिमी स्पेन र दक्षिण-पूर्वी पोर्च्युगलमा ४५ डिग्री सेल्सियस तापक्रम पुगिसकेको छ। सन् २००३ मा पोर्च्युगलको राष्ट्रिय कीर्तिमान ४७ दशमलव ४ र गतवर्षको जुलाईमा स्पेनको तापक्रम ४७ दशमलव ३ डिग्री सेल्सियस पुगेको थियो।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Central Regional Road Directorate
**Division Road Office, Kathmandu -1**
Minbhawan

**Amendment to Invitation for Bids No: 01-075-76**

This is to inform all the concerned bidders that the Revenue and Deposit Account Detail published on 2075-04-06 in the Samacharpatra daily has been amended as follow;

| | | | |
|---|---|---|---|
| Revenue a/c No. | 00100106200000 | Office code | 337023501 |
| Revenue Heading No. | 14229 Bank | Everest Bank Ltd | |
| Name of Office | Financial Comptroller General Office | | |

| | | | |
|---|---|---|---|
| Deposit A/c No. | 135001 | Office code | 2733709 |
| Name of Office | District Treasury Controller Office, Singhdurbar | | |
| Bank | Everest Bank Ltd, Singhdurbar | | |

Similarly, the deadline for bid purchasing, submission and Date of bid opening for Contract No. 22 and 23 have also been amended as follows:

Deadline for Bid Purchasing : office hour of 2075/04/21
Deadline for Bid Submission : 12:00 hrs of 2075/04/22
Date of Bid Opening : 13:00 hrs of 2075/04/22

**Division Chief**

# हरारेमा दैनिक जीवन ठप्प, सेना र प्रहरीको गस्ती

## राष्ट्रपतीय चुनाव परिणाम आउनै बाँकी

हरारे, (एजेन्सी)

जिम्बावेका जनता त्यहाँको अत्यन्तै विवादास्पद राष्ट्रपतीय चुनावको परिणामको प्रतिक्षमा रहेका बेला बिहीबार राजधानी हरारेको व्यापार व्यवसाय ठप्प हुन पुगेको छ। जनतालाई शान्त र अनुशासित रहन आदेश दिँदै शसस्त्र प्रहरी र सेनाले गस्ती गरिरहेका छन्।

विपक्षी राजनीतिक पार्टीका नेता नेल्सन चामिसाका समर्थकहरू र सुरक्षा फौजबीच बुधबार भएको भीडन्तमा ३ जना मानिसको ज्यान गएको थियो। चामिसाले सोमबार सत्तारुढ पार्टी जानु-पीएफका राष्ट्रपति इम्मर्सन नान्गाग्वालाई विजयी बनाउन चुनावमा धाँधली भइरहेको आरोप लगाएका थिए।

लामो समयदेखि जिम्बावेको सत्तामा रहेका रोवर्ट मुगावे गत नोभेम्बरमा अपदस्थ भएयता भएको यो पहिलो आम निर्वाचन हो। मुगावेको दमनकारी शासनकालपछि यस चुनावले जिम्बावेलाई नयाँ पथमा डोऱ्याउने आशा राखिएको छ। तर चामिसाको एमडीसी गठबन्धनले बुधबार आयोजित प्रदर्शनमा सेनाले अत्यधिक बल प्रयोग गरेकाले हिंसात्मक घटना भएको आरोप लगाएको छ।



नान्गग्वाले सरकारले वर्तमान समस्या समाधानका लागि चामिसासँग वार्ता गरिरहेको र हिंसामा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन स्वतन्त्र अनुसन्धान भइरहेको बताएका छन्। ट्विटरमार्फत उनले भनेका छन्, 'यो राष्ट्र हामी सबैको साझा घर भएकाले हामी सँगै डुब्छौं वा सँगै पौडिन्छौं। जिम्बावेको चुनाव आयोगले नान्गाग्वाको जानु-पीएफ पार्टीले दुई तिहाइ बहुमतसहित संसदीय चुनाव जितेको जनाएको छ। तर यसले राष्ट्रपतीय चुनावको परिणाम भने घोषणा गरेको छैन। यसले बरु अझै चुनावी परिणामको रुजु भइरहेको जनाएको छ।

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) का प्राथमिकता क्षेत्रलाई परिणाममुखी बनाउन विज्ञहरूले जोड दिएका छन्।

# मेडिसिटी-एल सम्मेलन सम्पन्न

**नेपाल समाचारपत्र**

काठमाडौं



नेपाल मेडिसिटी अस्पतालमा सोमबारबाट शुरू भएको ब्रेस्ट तथा एसोफेगस सम्मेलन बुधबार सम्पन्न भएको छ। 'उपचार, पुनर्स्थापना र भविष्यका आधारहरू' मूल नारासहित आयोजना भएको सम्मेलनमा २ सयभन्दा बढी क्यान्सर विशेषज्ञ तथा रेडियोलोजिस्टको सहभागिता रहेको थियो।

नेपाल मेडिसिटी अस्पतालका अध्यक्ष डा. उपेन्द्र महतोले नेपालबाट विदेशमा गएर केही चिकित्सकले ज्ञान हासिल गर्नु र विदेशका चिकित्सक नेपाल आएर ज्ञान-अनुभव साटासाट गर्नुमा निकै ठूलो फरक पर्ने भएका कारण यस किसिमका सम्मेलनको महत्त्व अत्यधिक मात्रामा रहेको प्रस्ट पार्नुभयो।

सञ्चारकर्मी माझ प्रतिक्रिया दिँदै डा. महतोले स्तन क्यान्सरको न्यूनीकरण र विश्वस्तरीय उपचारका लागि अस्पताल सक्षम रहेकोमा समेत जोड दिनुभयो।

त्यस्तै, अस्पतालका महाप्रबन्धक विजय रिमालले यस सम्मेलनले केवल नेपाल मेडिसिटीका चिकित्सकलाई मात्र नभई मुलुकभरका क्यान्सर रोग विशेषज्ञलाई समेटेको बताउनुभयो। क्यान्सर रोगको जनचेतना र उपचारलाई दूर-दराजमा पुऱ्याउने उद्देश्य प्राप्तिका लागि यो एक हातोमालो हुने विश्वास उहाँले राख्नुभयो।

अमेरिकास्थित विश्वप्रसिद्ध येल न्यु हेभन हस्पिटल र नेपाल मेडिसिटी अस्पतालले स्तन र खाना नलीको क्यान्सर रोग सम्बन्धमा विश्वस्तरीय सम्मेलनको आयोजना गरिरहँदा क्यान्सर रोग विशेषज्ञ, शल्यचिकित्सक, फिजिसियन, रेडियोलोजिस्टहरूले ज्ञान तथा अनुभवको साटासाट गर्ने अवसर पाएको बताएका छन्।

अमेरिकाबाट डा. डिकरम्यान होलिस्टरको नेतृत्वमा ग्रिनविच र एल न्यु हेभेन अस्पतालका डा. बार्बरा वार्ड, डा. बेरी बोइड्, डा. अस्वथा नारायण, डा. पउल वेटर्स, र डा. एल्सा रास्किन जस्ता विशेषज्ञ टोलीहरूको सम्मेलनमा सहभागिता रहेको थियो।

सम्मेलन अवधिमा स्तन क्यान्सर र खानेनलीको क्यान्सरका जटिल शल्यक्रियाको नेपाल मेडिसिटी अस्पतालको अपरेसन थिएटरदेखि सम्मेलनस्थलमा प्रत्यक्ष प्रशारण गरिएको थियो जसका माध्ययमबाट न्युयोर्क र नेपालमा हुने शल्यक्रियाका समानता र भिन्नता एवं प्रविधिको विषयमा बृहत् अन्तरक्रियासमेत गरिएको थियो।

सम्मेलनमा सर्जिकल, मेडिकल, रेडिएसन क्यान्सर विशेषज्ञ र क्यान्सरसँग सम्बन्धित अन्य सबै विशेषज्ञ र सरोकारवालाको सहभागिता रहेको थियो।


# 'सरकारको ६ महिने कार्यकाल निरासाजनक'

विराटनगर, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले सरकारको ६ महिने कार्यकाल अत्यन्त निराशाजनक रहेको टिप्पणी गरेका छन्।

विराटनगरमा बिहीबार पार्टीको प्रदेश कार्यालय उद्घाटनपछि आयोजित पत्रकार सम्मेलनमा उहाँले सरकार सानातिना विषयमा अलमलिएका कारण महत्त्वपूर्ण कामहरू गर्न नपाएको बताएका हुन्।

उनले सानातिना विषयमा अल्मलिएकै कारण सरकारले महत्त्वपूर्ण सामाजिक, आर्थिक र राजनितिक रूपान्तरणका काममा प्रवेश गर्न नसकेको बताए। सोही कारण पछिल्लो समय सरकारको लोकप्रियतामा तीव्ररूपमा ह्रास आएको उनको भनाइ थियो। उनले राप्रपा भने सरकारलाई काम गर्न दिनुपर्ने पक्षमा रहेको बताए। ०६२/६३ को आन्दोलनपछि परिवर्तनलाई संस्थागत गर्ने नाममा लादिएको गलत नीतिको कारण देश अहिले एकदलीय सर्वसत्तावादतर्फ उन्मुख भएको थापाको भनाइ थियो। उनले सोही नीतिका कारण व्यापक धर्मपरिर्वतनका कारण नेपालको सांस्कृतिक धार्मिक पहिचान संकटमा पर्नुका साथै अनियमितता र भ्रष्टाचार मौलाएको दाबी गरे।



कहिले डाक्टर गोविन्द केसी र कहिले प्रधानन्यायाधीशको मुद्दा उठाएर कांग्रेसले शुरू गरेको सतही संघर्षले देशलाई समाधान दिन नसक्ने बताउँदै थापाले कांग्रेसले यसअघि अवलम्बन गरेको नीति र मार्गचित्रमा पुनर्विचार गर्नुपर्ने बताए। प्रस्तावित प्रधानन्यायाधीशको सम्बन्धमा सञ्चारकर्मीले राखेको जिज्ञासामा अध्यक्ष थापाले संसदीय सुनवाइ समिति पार्टीको छायाँका रूपमा देखिएको दाबी गरे।

# भीमदत्त पन्तको ६५औं स्मृति दिवस मनाइयो



कञ्चनपुर, (नेस)

'कि त जोत हलो कि त छोड थलो, यदि होइन भने अब छैन भलो, अब त कोई छैन सानो-ठूलो' भन्ने मूल नारा बोकेका किसान नेता भीमदत्त पन्तको ६५औं स्मृति दिवस मनाइएको छ। भीमदत्त नगरपालिका-१८ महेन्द्रनगर बजारस्थित पार्कमा रहेको भीमदत्त पन्तको शालिकमा नेकपाका नेता तथा कार्यकर्ताले फूलमाला अर्पण शहीद पन्तको स्मृति दिवस मनाएका छन्।

भीमदत्त पन्तको स्मृति दिवसमा किसान आन्दोलनको मूल मर्म र उद्देश्यअनुसार कार्य गर्न सकेमा मात्र दिवस मनाएको सार्थक हुने स्मृति प्रतिष्ठानका संस्थापक गोविन्द कलौनीले बताए। स्मृति दिवसको अवसरमा नेकपाका नेता तथा पूर्वउपसभामुख भोजराज जोशी, भीनपा नगर प्रमुख सुरेन्द्र विष्ट, पूर्वउपमेयर ईश्वरी खरेल, नेकपा सदस्य रणबहादुर महरालगायत कार्यकर्ताको उपस्थिति रहेको थियो।

# बिमस्टेकलाई परिणाममुखी बनाउन जोड

काठमाडौं, (नेस)

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) का प्राथमिकता क्षेत्रलाई परिणाममुखी बनाउन विज्ञहरूले जोड दिएका छन्।

आर्थिक समृद्धि र सशक्त क्षेत्रीय सहकार्यका लागि कनेक्टिभिटी, स्वतन्त्र व्यापार, ऊर्जा, पूर्वाधार जस्ता विषयलाई उच्च प्राथमिकतामा राख्न उनीहरूले सुझाएका छन्। 'बिमस्टेकपूर्वको सम्मेलन परामर्श बैठक' विषयक अन्तरक्रियामा बोल्दै बिमस्टेक सदस्य राष्ट्रका राजदूत र विज्ञले क्षेत्रीय सहकार्यका लागि शान्ति र समृद्धिमा पनि जोड दिए।

परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बिमस्टेक दक्षिण एसिया र दक्षिणपूर्वी एसियालाई जोड्ने सशक्त पुल भएको बताउँदै भन्नुभयो- 'नेपाल जस्तो भू-परिवेष्ठित मुलुकको व्यापार र समृद्धिका लागि बिमस्टेक सशक्त मञ्च बन्नुपर्छ।' बिमस्टेका विगतका सम्मेलनले गरेको प्रतिबद्धताअनुसार परिणाम आउन नसक्नुका कारण पहिल्याउन जरुरी भएको उहाँको भनाइ थियो। बिमस्टेको चौथो शिखर सम्मेलन आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुँदै छ।

सोही अवसरमा नेपालका लागि भारतीय राजदूत मन्जिम सिंह पुरीले बृहत् र तीव्र आर्थिक गतिमा अघि बढिरहेका सदस्य राष्ट्रहरूबीच स्वतन्त्र व्यापार, यातायात र पूर्वाधार सहज बन्नुपर्ने बताउनुभयो। नेपालका लागि बंगलादेश र श्रीलंकाका राजदूतद्वय मास्फी विन्ते साम्स र वेलएज स्वरनालथा परेराले विश्वको २२ प्रतिशत जनसंख्या ओगट्ने बिमस्टेक राष्ट्रले सोहीअनुसारको आर्थिक समृद्धि हासिल गर्न सशक्त हातेमालो गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

श्रीलंकाका लागि नेपाली राजदूत प्राडा विश्वम्भर प्याकुरेलले सार्क र बिमस्टेकको छुटाछुट्टै महत्त्व रहेकोमा जोड दिँदै एकको विकल्प अर्को हुन नसक्ने बताउनुभयो। वर्षौंअघिदेखि अन्तर क्षेत्रीय सहकार्य कमजोर भइरहेको अवस्थामा सार्कलाई ओझेल पारेर बिमस्टेक अघि बढ्न नसक्ने उहाँको भनाइ थियो।

# स्तनपान कक्षको उद्घाटन

काठमाडौं, (नेस)

विश्व स्तनपान सप्ताह-२०७५ मा स्वास्थ्य सेवा विभागमा स्नतपान कक्षको शुभारम्भ गरियो। स्तनपान जीवनको आधार भन्ने मूल नाराका साथ यो वर्षको विश्व स्तनपान सप्तह शुरू गरिएको छ। सप्ताहको पहिलो दिन स्वास्थ्य सेवा विभागमा स्तनपान कक्षको शुभारम्भ गरिएको छ।

विभागमा कार्यरत स्तनपान गराइरहेका कर्मचारी र सेवाग्राहीलाई ध्यानमा राख्दै कक्षको शुरुआत गरिएको स्वास्थ्य तथा नजसंख्या मन्त्रालयका निमित्त सचिव डा. सुशील प्याकुरेल, विभागका महानिर्देशक डा. गुणराज लोहनी र युनिसेफ नेपालका प्रतिनिधि टोमो होजुमीले संयुक्तरूपमा कक्षको उद्घाटन गर्नुभएको थियो।

'विभाग परिसरमा स्तनपान कक्ष स्थापा भएपछि यहाँ सेवा लिन आउने स्तनपान गराइरहेका महिलालाई मात्र होइन, नजिकै रहेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा सेवा लिन आउने महिला र उनीहरुको बालबालिकालाई पनि फाइदा पुग्नेछ।' -डा. प्याकुरेलले बताउनुभयो।

दुईजना महिलाले एकैचोटी स्तनपान गराउन सक्ने क्षमता रहेको यो कक्षमा हात धुने ठाउँ, बच्चा सुताउने ठाउँ र सनदेशमूलक सामग्रीहरू राखिएको छ। युरोपियन युनियन र युनिसेफको सहयोगमा चालू आर्थिक वर्षमा देशका विभिन्न ३० स्थानमा स्तनपान कक्षको स्थापना गरिने डा. लोहनीले जानकारी गराउनुभयो। यसबाहेक देशका ३० स्थानमा अस्पतालहलाई मातृ तथा बालमैत्री अस्पतालको रुपमा विकास गर्न लागिएको पनि उहाँले जानकारी गराउनुभयो।

नेपाल जनसाङ्ख्यिक स्वास्य सर्वेक्षण-२०१६ को तथ्यांकअनुसार नेपालमा पूर्णस्तनपान गराउनेको संख्या ६६ प्रतिशत र शिशु जन्मेको १ घन्टाभित्र स्तनपान गराउनेको संख्या ५५ प्रतिशत छ। यसै गरी स्तनपान गराउनुअघि १० नवजात शिशुमध्ये ३ जना नवजात शिशुलाई घ्यू, मह, चिनी चटाउने गरेको पाइएको छ। तथापि, शल्यक्रिया गरेर जन्माइएका शिशुलाई भने आमाको दूधलाई प्रतिस्थापन गर्ने फर्मुलाहरू खुवाइने गरेएको छ।

यस्ता फर्मुलाको बिक्री-वितरण र नियमन गर्न ल्याएको आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नियन्त्रण ऐन-२०४९ को कडा कार्यान्वयनका लागि सरकारले हालै मात्र ६ वटै प्रदेशमा निरीक्षकको तालिम सम्पन्न गरेको छ। त्यस्तै, प्रदेशस्तरमा स्तनपान सम्वर्द्धन, प्रवर्द्धन र संरक्षण उपसमिति गठन गरी त्यसका सदस्य तथा प्रदेशस्तीय निरीक्षकहरूको सक्षमता अभिवृद्धि गर्दै निरीक्षणमा परिचालन गर्ने कार्यक्रम रहेको छ।

स्तनपानको साथसाथै अरू थप आहार खुवाइएको संख्या भने १२ प्रतिशत छ भने स्तनपानका साथसाथै अरू झोलिलो खाना खुवाइएको संख्या २२ प्रतिशत छ।

# लागूऔषध बिक्री गर्ने गिरोह पक्राउ

**नेपाल समाचारपत्र**

ललितपुर



महानगरीय प्रहरी परिसर ललितपुरले लागूऔषधसहित ललितपुरबाट ४ जनालाई पक्राउ गरेको छ। लागूऔषध कारोबार गरिरहेको अवस्थामा प्रहरीले कीर्तिपुर नगरपालिकाका विनोद मानन्धर, ललितपुर महालक्ष्मी नगरपालिका-१० का विजय लामा, वीरगन्ज महानगरपालिका ११ का धनञ्जय पुनमगर र शत्रुघन पासवानलाई पक्राउ गरेको हो।

प्रहरीले उनीहरूको साथबाट नियन्त्रित लागूऔषध डाइजेल्याब एम्पल ७ सय ७८ पिस, नुफिन एम्पल ७ सय ७८ पिस, फेरागन ७ सय ७८ पिस गरी जम्मा २३ सय ३४ पिस लागूऔषध बरामद गरेको परिसरका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक गणेशबहादुर ऐरेले जानकारी दिनुभयो।

प्रहरीले यति परिमाणमा लागूऔषध बरामद गरेको यो नै पहिलोपटक भएको पनि प्रहरी वरिष्ठ उपरीक्षक ऐरेले बताउनुभयो।

कीर्तिपुरका विनोद मानन्धर ललितपुर महानगरपालिका-४ अफलडोलमा शंकास्पद अवस्थामा भेटेपछि प्रहरीले उनलाई पक्राउ गर्दा पोल खुलेको हो। प्रहरीले उनलाई डाइजेल्याब ३० पिस, नुफिन एम्पुल ३० पिस, फेरागन ३० पिससहित पक्राउ गरेको हो। तेलको जर्किनबाट पानीसहित सो औषधि भरेर उनीहरूले कारोबार गर्दै आएको पनि खुलेको छ।

उनले आफूलाई उक्त लागूऔषध महालक्ष्मी नगरपालिका-१० लाकुरीभञ्ज्याङ बस्ने विजय लामाले बिक्री गर्न दिएको बताएका थिए। त्यसपछि प्रहरीले लामाको खाजी गर्दा ललितपुरको मानभवनमा लामाको साथबाट डाइजेल्याब ३ सय ५५ पिस, नुफिन एम्पुल ३ सय ५५, फेरागन ३ सय ५५ पिस फेला पारेको थियो। मानन्धर र लामा पक्राउ परेपछि उनीहरूको माध्यमबाट प्रहरीले थप दुई जना कारोबारी पनि पक्राउ गरेको छ।

प्रहरीले वीरगन्जका धनञ्जय पुनमगर र शत्रुघन पासवानलाई ललितपुर महानगरपालिका-२ बाट पक्राउ गरेको हो। उनीहरूले २ वटा ग्यालेनमा डाइजेल्याब ३ सय १८ पिस, नुफिन ३ सय १३ पिस र फेरागन ३ सय १३ पिस बोकेका थिए। अहिले उनीहरूमाथि अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक खनालले जानकारी दिनुभयो। उनीहरूले सो लागूऔषध १५ सय रुपियाँमा बिक्री गर्दै आएको र सो आधारमा बरामद गरिएको लागूऔषध ११ लाख ६० हजारको रुपियाँ बराबर रहेको प्रहरीले जनाएको छ।

## हात-हातमा...

रामकलीको पनि दोस्रो विवाह हो। उनका पहिलाका पतिबाट पाँच सन्तान छन्। दोस्रो विवाह गरेको साढे पाँच वर्ष भए पनि बच्चा भइसकेको छैन। रामकलीलाई काठमाडौंको दलालसमक्ष पुऱ्याउने दलबहादुर श्रीमान्का आफन्त नै हुन्। आफन्तलाई बचाउन श्रीमान् लागेका छन्। केआई नेपालको सहयोगमा यतिबेला रामकली दलाललाई कारबाही गराउन लागिपरेकी छन्।

## पाँच...

समितिको सभापतिको भागवण्डा नमिल्दासम्म कांग्रेसले नाम नदिने जनाएको थियो।

तर, अध्यक्ष तिमिल्सिनाले आफैं नाम घोषणा गर्ने चेतावनी दिएपछि कांग्रेसले नाम बुझाएको थियो। राष्ट्रिय सभामा कांग्रेसका १३ सांसद् छन्।

राष्ट्रिय सभामा दिगो विकास तथा सुशासन समिति (१४ जना), विधायन व्यवस्थापन समिति (१४ जना), प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति (१३ जना) र राष्ट्रिय सरोकार तथा समन्वय समिति (१४ जना) सदस्य रहेका छन्। कुल ५९ सदस्य रहेकामा अध्यक्ष, उपाध्यक्ष र २ मन्त्री समितिमा रहनुभएको छैन।

## गृहमन्त्री...

महिला सांसद्हरूले बलात्कारीलाई मृत्युदण्डको सजाय दिनुपर्ने माग गरेका थिए। नेकपाकी सांसद् तथा संसदीय सुनुवाइ समितिकी सदस्य निरुदेवी पालले मंगलबार राति ८ बजेर १५ मिनेट जाँदा घरबाट बाहिर निस्किएको बेला आफूमाथि ज्यान मार्ने धम्की दिएको बताउनुभयो।

घाँटीमा लागेको दाग देखाउँदै उहाँले उक्त समितिको भोलिपल्टको बैठकमा गए ज्यान मार्ने धम्की आएकाले सरकार र सदनको ध्यानाकर्षण गराएको दाबी गर्नुभएको थियो। उहाँलाई सामाजिक सुरक्षा प्रदान गरिएको छ। कांग्रेससहित अन्य दलका सांसदले सांसदको सुरक्षा गर्न नसक्नु सरकारको कमजोरी भएको टिप्पणी गरेका थिए।

## दुर्लभ...

'विभिन्न ८ वटा घाटको पानीको नमुना संकलन गरिएको छ, विस्तृत विश्लेषण केही दिनमा हुनेछ।' -त्रिचन्द्र क्याम्पसका प्राणीशास्त्रका अध्यापकसमेत रहनुभएका उहाँले भन्नुभयो। गत वर्ष हिउँद याम शुरू हुनुअघिको गणनामा मोहना र आसपासमा २४ वटा डल्फिन फेला परेका थिए। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ले डल्फिनसहित विभिन्न २७ स्तनधारी जन्तुलाई संरक्षित सूचीमा सूचीकृत गरेको छ। कर्णाली र त्यसका सहायक नदी, सप्तकोशी र नारायणी नदीमा 'ग्याङ्गेटिक रिभर डल्फिन'का प्रजातिको चहल-पहल हुने गरे पनि मोहना र आसपासबाहेक अन्यत्र यो जन्तुको संख्या उत्साहजनक छैन।

२ वर्षअघिको राष्ट्रियस्तरको गणनामा मोहना र आसपासमा करिब ३ दर्जन, सप्तकोशीमा १ दर्जन र नारायणीमा २ वटा डल्फिन भेटिएका थिए। नारायणीको भेलौजी आसपासको क्षेत्रमा हरेक वर्ष १/२ वटा डल्फिन देखिने गरेको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ। बढ्दो नदी प्रदूषणका कारण २ दशकयता नारायणी नदीमा डल्फिनको चहल-पहल घटेको विज्ञहरू बताउँछन्।

## अझै...

सरकारले यस योजनाका लागि चालू आर्थिक वर्षमा ६० करोड बजेट छुट्याएको छ। विसं २०१३ सालमा ट्र्याक खोलिएको यस मार्गमा २०७१/०७२ देखि बहुवर्षीय ठेक्का लगाइएको थियो। बहुवर्षीय ठेक्का शुरु भएदेखि यस सडक खण्डमा अहिलेसम्म १ अर्ब ३४ करोड ७६ लाख रुपियाँ खर्च भएको जनाइएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
औद्योगिक सम्पत्ति शाखा

सूचना

यस विभागमा ट्रेडमार्क दर्ताको लागि प्राप्त भएका आवेदनहरु मध्ये पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ (१) बमोजिम दर्ता प्रयोजनका लागि मिति २०७५।०३।२० मा औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गरिएको छ। उक्त औद्योगिक सम्पत्ति बुलेटिन देहायका स्थानमा समेत सर्वसाधारणका लागि उपलब्ध गराइएको छ। प्रकाशित ट्रेडमार्क चिन्ह उपर कसैको दाबी विरोध भए औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन भएको मितिले ९० दिन भित्र उद्योग विभागमा रीतपूर्वक उजुरी दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १४ बमोजिम यस विभागमा दर्ता भएको डिजाइनहरुको विवरण सोही ऐनको दफा २१ क. बमोजिम प्रकाशन गरिएको छ। उक्त विवरण उपर कसैको विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ऐनको दफा २१क. को उपदफा (२) बमोजिम ३५ दिन भित्र आफ्नो सबुद प्रमाण सहित विभागमा उजुरी गर्न हुन सूचित गरिन्छ।

तपसिल
१) उद्योग मन्त्रालयको पुस्तकालय, सिंहदरबार।
२) उद्योग विभाग, त्रिपुरेश्वरको पुस्तकालय।
३) घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर।
४) नेपाल उद्योग वाणिज्य महासंघ, टेकु।
५) नेपाल उद्योग परिसंघ, ट्रेड टावर, थापाथली।
६) घरेलु तथा साना उद्योग महासंघ, माइतीघर।
७) नेपाल चेम्बर अफ कमर्स, कान्तिपथ।
८) उद्योग विभागको Website: www.doind.gov.np




2018, AUG
Friday
3

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो उडानमा दोहा जान लागेका यात्रुलाई निगमका महाप्रबन्धक सुगतरत्न कंसाकार र नायब महाप्रवन्धक गणेशबहादुर चन्दले बिदाई गर्नु भएको थियो।

# दोहा पुगेर फर्कियो नयाँ एयरबस

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल वायुसेवा निगमले हालै खरिद गरेको एयरबस ३३०-२०० वाइडवडी विमानले बुधबारदेखि व्यावसायिक उडान शुरू गरेको छ। निगमले खरिद गरेका दुईवटा वाइड वडी विमानमध्ये यो पहिलो हो। नागरिक उड्डयन प्राधिकरणबाट उडानयोग्य प्रमाणपत्र (एओसी) प्राप्त गरेपछि दोस्रो विमानले पनि व्यावसायिक उडान गर्नेछ।

बुधबार साँझ साढे ९ बजे दोहाका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको 'अन्नपूर्ण नाम दिइएको उक्त विमान करिब ५ घण्टाको उडानपछि दोहा पुगेको थियो।

२७४ सीट क्षमताको उक्त विमानबाट २४६ यात्रुले यात्रा गरेको निगमले जनाएको छ।

उक्त विमान बिहीबार दोहाबाट काठमाडौं फर्किएका छ। सो उडानमा २५९ यात्रु सवार रहेको निगमले जनाएको छ। निगमका अनुसार विमानलाई क्या. फ्रास्वाँ फेनार्ट र क्या. श्रवण रिजालले उडाउनु भएको थियो।


## गण्डकी विकास बैंक लिमिटेडको निक्षेप उपर हकदावी सम्बन्धी सुचना

नवलपरासी जिल्ला, साविक कोल्हुवा गा.बि.स वडा नं. ५, हाल मध्यबिन्दु न.पा. वडा.नं ४ पनौती बस्ने बिकराम कुम्हालको नाती, मान सिंह कुम्हालको छोरा नाथुराम कुम्हालले मिति २०७४/०६/२० मा यस बैंकको शाखा कार्यालय चोरमारामा जेष्ठ नागरिक बचत खाता खोली कारोबार गरि आउनु भएकोमा उहाको मिति वि.सं. २०७४/११/०६ गतेका दिन मृत्यु भएकाले उहाको नाममा यस बैंकको शाखा कार्यालय चोरमारामा रहेको खाता नं ०३९०१६००१९९०८२९००००००१ मा भएको सम्पूर्ण रकम खाता खोल्दा ईच्छाईएको व्यक्ति दिपा कुमारी बोटे ना.प्र.प अनुसार दिमा कुमारी बोटे म निजको छोरी भएकोले उपलब्ध गराई पाऊँ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय चोरमारा, नवलपरासीमा वा बैंकको केन्द्रीय कार्यालय चिप्लेढुङ्गा पोखरामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ । पुनश्चः उक्त अवधिमा कसैको रित पूर्वकको हकदावी नपरेमा निवेदकको नाउँमा उल्लेखित खातामा रहेको रकम कानून बमोजिम भुक्तानी गरीने व्यहोरा जानकारी गराईन्छ ।

GANDAKI BIKAS BANK LIMITED
गण्डकी विकास बैंक लिमिटेड
Head Office : Chipledhunga (B.P. Chowk), Pokhara, Kaski, Nepal
Tel.: 061-528001, 528002, Fax: 061-528003
Branch Choormara, Tel.: 078-410005
E-mail: info@gandakibank.com.np


# 'दिगो विकासको लक्ष्य हासिल गर्न सम्भव'

**नेपाल समाचारपत्र**

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले मुलुकले अंगीकार गरेको तीव्र र दिगो विकासको लक्ष्य हासिल गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सहयोग, सद्भावले समृद्धिको मार्गमा नेपाललाई थप ऊर्जा प्रदान गर्नेमा आफू विश्वस्त रहेको बताउनु भएको छ। नेपाल उद्योग परिसंघ प्रवुद्ध परिषद्का संयोजक शम्भुराम सिंखडाद्वारा लिखित 'नेपाल, भारत, चीन : २१औं शताब्दीमा सम्बन्ध विस्तार' विषयक पुस्तकको विमोचन गर्दै अर्थमन्त्री खतिवडाले सो कुरा बताउनु भएको हो।

अर्थमन्त्री खतिवडाले नेपाल, भारत, चीनबीचको त्रिपक्षीय आर्थिक सम्बन्ध सुदृढ एवम् विस्तार गर्न 'नेपाल, भारत, चीन : २१औं शताब्दीमा सम्बन्ध विस्तार' पुस्तक उपयोगी हुनेसमेत विश्वास व्यक्त गर्नुभयो। उहाँले निजी क्षेत्र र अन्तर्राष्ट्रिय व्यापारिक/औद्योगिक समुदायबीचमा भएको समझदारीबाट समेत मुलुकमा थप लगानी आउने सन्देश प्रवाह हुनेमा आफू विश्वस्त रहेको धारणा राख्नुभएको थियो।

त्यस क्रममा 'समृद्धिको मार्गचित्रको कार्यान्वयन: अन्तर्राष्ट्रिय समुदायको भूमिका' विषयक अन्तर्क्रियासमेत गरिएको थियो। सो अवसरमा नेपाल उद्योग परिसंघका तर्फबाट अध्यक्ष हरिभक्त शर्मा र पीएचडी चेम्बर अफ कमर्सका अध्यक्ष अनिल खेतानबीच नेपालमा र भारतमा दुवै चेम्बरमा भारत नेपाल सेन्टरको स्थापना गर्ने कुरामा सहमति भएको छ।

उक्त स्टेरिङ कमिटीमा पीएचडी चेम्बरका तर्फबाट पूर्वराजदूत केभी राजन तथा नेपालका तर्फबाट परिसंघका उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय समितिका संयोजक निर्वाण चौधरीले नेतृत्व गर्ने तय भएको छ। समितिको उद्देश्यमा पूर्वाधार, जलस्रोत, साना तथा घरेलु उद्योग, रेल्वे, पर्यटन, कृषि आदिमा दुई मुलुकबीच आर्थिक सदृढीकरण गर्ने उल्लेख छ। भारत-नेपाल केन्द्रको उद्देश्यमा आगामी दिनका योजना र कार्यदिशा तय गर्ने, आवश्यकताअनुसार उपसमिति गठन गर्ने, दुवै समितिको कार्य स्पष्ट किटान गर्ने, दुवै मुलुकमा आर्थिक सम्बन्धमा कार्यक्रम गर्ने र कम्तिमा वर्षमा एउटा 'मेगा' कार्यक्रम गर्ने योजना लक्षित गरिएको छ।

सो अवसरमा परिसंघका अध्यक्ष हरिभक्त शर्माले नेपालमा धेरै पुराना ऐनहरुको संशोधन आवश्यक भएको र मुलुकमा स्थायित्व भइसकेको हुँदा आर्थिक वृद्धि हुने अपेक्षा राख्नुभयो। लगानी अभिवृद्धि गर्न कर्णाली प्रदेशमा १० वर्षको आयकर छुटको व्यवस्था सह्राहनीय रहेको बताउँदै संघीय प्रणालीअन्तर्गत प्रदेश र स्थानीय निकाय बलियो हुँदै गएमा यसबाट समृद्धिको फल प्राप्त हुने अपेक्षा रहेको बताउनुभयो।

मुलुकमा हाल रहेको १५ प्रतिशत घरेलु बचत र ४५ प्रतिशत लगानी आवश्यकताको खाडल पूर्ति गर्न पनि विद्यमान नीति र विदेशीलाई लगानी गर्न आमूल परिवर्तनको खाँचो रहेको उल्लेख गर्नुभयो। पीएचडी चेम्बर अफ कमर्शका अध्यक्ष अनिल खेतानले नेपालले समृद्धिको लागि लिएको नारा समृद्ध नेपाल सुखी नेपाली र भारतमा भारत सरकारले लिएको समान नाराले समेत दुई मुलुक समृद्धिको मार्गमा लम्किरहेको बेलामा दुई व्यापारिक/औद्योगिक प्रतिनिधि मूलक संस्थाबीच भएको यो समझदारीपत्र हस्ताक्षरको सवल र सफल कार्यान्वयनमा दुवै पक्ष गम्भीर रहेको धारणा राख्नुभयो।

नेपालका पूर्वराजदूत तथा पीएचडी चेम्बर अफ कमर्सका स्टेरिङ कमिटिका संयोजक केभी राजनले दुई मुलुकबीच आर्थिक सम्बन्ध सुदृढको अपार सम्भावनालाई प्रयोग गरी त्यसको प्रतिफल जनतासम्म पुर्‍याउने आजको वास्तविकता रहेको बताउनुभयो।













## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन १८, अगस्ट ३, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।२० | १०९।८० |
| युरो १ को रू. | १२७।५८ | १२८।२९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।४३ | १४४।२२ |
| स्विस फ्रन्क १ को रू. | ११०।१८ | ११०।७८ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।९९ | ८१।४४ |
| क्यानाडियन डलर १ को रू. | ८३।८७ | ८४।३४ |
| सिङ्गापुर डलर १ को रू. | ८०।२१ | ८०।६६ |
| जापानी यन १० को रू. | ९।७६ | ९।८२ |
| चिनियाँ युआन १ को रू. | १६।०६ | १६।१५ |
| साउदी अरब रियाल १ को रू. | २९।१२ | २९।२८ |
| कतारी रियाल १ को रू. | २९।९९ | ३०।१६ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३० | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७३ | २९।८९ |
| मलसियन रिङ्गिट १ को रू. | २६।८६ | २७।०० |
| दक्षिण कारियन वन १०० को रू. | ९।७६ | ९।८२ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३९ |
| डेनिस क्रानर १ का रू. | १७।१२ |
| हङकङ डलर १ का रू. | १३।९१ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

**2 AUGUST THURSDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 5188.00 | 327.00 | 321.00 | 327.00 | 5.00 |
| 2 | Api Power Company Ltd. | 314.00 | 271.00 | 268.00 | 271.00 | -1.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 634.00 | 634.00 | 634.00 | 12.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1032.00 | 260.00 | 252.00 | 255.00 | 4.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1544.00 | 142.00 | 139.00 | 139.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1536.00 | 635.00 | 626.00 | 632.00 | 0.00 |
| 7 | Bank of Kathmandu Ltd. | 9139.00 | 265.00 | 257.00 | 258.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1143.00 | 142.00 | 138.00 | 138.00 | -2.00 |
| 9 | Best Finance Company Ltd. | 1905.00 | 104.00 | 99.00 | 102.00 | 4.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1000.00 | 125.00 | 125.00 | 125.00 | -1.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 100.00 | 5400.00 | 5400.00 | 5400.00 | 0.00 |
| 12 | Butwal Power Company Limited | 2079.00 | 442.00 | 436.00 | 440.00 | 3.00 |
| 13 | Central Finance Co. Ltd. | 1887.00 | 116.00 | 114.00 | 116.00 | 0.00 |
| 14 | Century Commercial Bank Ltd. | 4939.00 | 167.00 | 165.00 | 167.00 | -1.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 1833.00 | 868.00 | 860.00 | 868.00 | 3.00 |
| 16 | Chilime Hydropower Company Limited | 3020.00 | 752.00 | 743.00 | 743.00 | -3.00 |
| 17 | Citizen Bank International Limited | 10187.00 | 233.00 | 230.00 | 233.00 | 3.00 |
| 18 | Citizen Investment Trust | 725.00 | 2490.00 | 2420.00 | 2421.00 | -23.00 |
| 19 | City Express Finance Co. Limited | 1520.00 | 122.00 | 112.00 | 112.00 | -12.00 |
| 20 | Civil Bank Ltd | 18583.00 | 149.00 | 147.00 | 149.00 | 1.00 |
| 21 | Civil Bank Ltd Promoter Share | 101650.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 11.00 | 720.00 | 720.00 | 720.00 | 3.00 |
| 23 | Corporate Development Bank Limited | 1000.00 | 100.00 | 100.00 | 100.00 | -2.00 |
| 24 | Deprosc Laghubitta Bittiya San. Limited | 1091.00 | 707.00 | 697.00 | 703.00 | -5.00 |
| 25 | Deva Bikas Bank Limited | 5752.00 | 131.00 | 125.00 | 129.00 | 0.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 30.00 | 105.00 | 105.00 | 105.00 | -1.00 |
| 27 | Everest Bank Limited | 5867.00 | 670.00 | 665.00 | 665.00 | -4.00 |
| 28 | Everest Bank Limited Con. Pref. | 64.00 | 604.00 | 604.00 | 604.00 | -12.00 |
| 29 | Everest Insurance Co. Ltd. | 337.00 | 1310.00 | 1280.00 | 1280.00 | -20.00 |
| 30 | Excel Development Bank Ltd. | 643.00 | 323.00 | 317.00 | 323.00 | 4.00 |
| 31 | First Micro Finance Dev. Bank Ltd. | 11038.00 | 506.00 | 500.00 | 500.00 | -5.00 |
| 32 | Forward Community Mic. Bittiya San. Ltd. | 816.00 | 2120.00 | 2080.00 | 2080.00 | -38.00 |
| 33 | Gandaki Bikas Bank Limited | 1105.00 | 195.00 | 192.00 | 193.00 | -2.00 |
| 34 | Garima Bikas Bank Limited | 3586.00 | 183.00 | 179.00 | 181.00 | -2.00 |
| 35 | Global IME Bank Limited | 37623.00 | 294.00 | 287.00 | 293.00 | 7.00 |
| 36 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 34.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 37 | Goodwill Finance Co. Ltd. | 340.00 | 125.00 | 125.00 | 125.00 | 2.00 |
| 38 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 4080.00 | 579.00 | 572.00 | 574.00 | 0.00 |
| 39 | Green Development Bank Ltd. | 120.00 | 130.00 | 128.00 | 128.00 | -4.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 916.00 | 860.00 | 835.00 | 835.00 | -17.00 |
| 41 | Gurkhas Finance Ltd. | 625.00 | 109.00 | 105.00 | 105.00 | -4.00 |
| 42 | Hathway Finance Company Limited | 40.00 | 129.00 | 129.00 | 129.00 | -1.00 |
| 43 | Himalayan Bank Limited | 532.00 | 562.00 | 557.00 | 557.00 | -5.00 |
| 44 | Himalayan Distillery Limited | 174.00 | 1290.00 | 1270.00 | 1270.00 | 5.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 1028.00 | 443.00 | 430.00 | 431.00 | -4.00 |
| 46 | Himalayan Power Partner Ltd. | 260.00 | 275.00 | 270.00 | 270.00 | -3.00 |
| 47 | ICFC Finance Limited | 1235.00 | 163.00 | 161.00 | 163.00 | 0.00 |
| 48 | IME General Insurance Ltd. | 320.00 | 848.00 | 816.00 | 848.00 | 18.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 15133.00 | 165.00 | 163.00 | 163.00 | -4.00 |
| 50 | Janaki Finance Ltd. | 3433.00 | 194.00 | 187.00 | 191.00 | 1.00 |
| 51 | Janata Bank Nepal Ltd. | 12319.00 | 157.00 | 152.00 | 154.00 | 0.00 |
| 52 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 14.00 | 2920.00 | 2920.00 | 2920.00 | 27.00 |
| 53 | Jebils Finance Ltd. | 1000.00 | 100.00 | 100.00 | 100.00 | -2.00 |
| 54 | Jyoti Bikas Bank Limited | 3280.00 | 141.00 | 138.00 | 138.00 | -2.00 |
| 55 | Kabeli Bikas Bank Limited | 85.00 | 213.00 | 209.00 | 213.00 | 4.00 |
| 56 | Kailash Bikas Bank Ltd. | 2877.00 | 225.00 | 220.00 | 220.00 | -2.00 |
| 57 | Kalika Microcredit Development Bank Ltd. | 33.00 | 1301.00 | 1301.00 | 1301.00 | -10.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 3014.00 | 142.00 | 140.00 | 142.00 | 1.00 |
| 59 | Kankai Bikas Bank Ltd. | 316.00 | 128.00 | 127.00 | 128.00 | 1.00 |
| 60 | Karnali Development Bank Limited | 238.00 | 110.00 | 106.00 | 108.00 | 2.00 |
| 61 | Khanikhola Hydropower Co. Ltd. | 112.00 | 108.00 | 105.00 | 108.00 | 3.00 |
| 62 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 68.00 | 1569.00 | 1539.00 | 1569.00 | -1.00 |
| 63 | Kumari Bank Limited | 7845.00 | 200.00 | 199.00 | 200.00 | -1.00 |
| 64 | Laxmi Bank Limited | 6526.00 | 249.00 | 245.00 | 246.00 | -4.00 |
| 65 | Laxmi Equity Fund | 1000.00 | 8.16 | 8.16 | 8.16 | 0.16 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 214.00 | 1040.00 | 1030.00 | 1030.00 | 0.00 |
| 67 | Laxmi Value Fund-1 | 200.00 | 10.40 | 10.40 | 10.40 | 0.00 |
| 68 | Life Insurance Co. Nepal | 6860.00 | 1601.00 | 1588.00 | 1590.00 | -16.00 |
| 69 | Lumbini Bikas Bank Ltd. | 10749.00 | 155.00 | 153.00 | 155.00 | 0.00 |
| 70 | Lumbini General Insurance Co. Ltd. | 8989.00 | 529.00 | 520.00 | 520.00 | -10.00 |
| 71 | Machhapuchhre Bank Limited | 3031.00 | 207.00 | 204.00 | 207.00 | 2.00 |
| 72 | Mahalaxmi Bikas Bank Ltd. | 5852.00 | 189.00 | 184.00 | 186.00 | 0.00 |
| 73 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 865.00 | 676.00 | 650.00 | 650.00 | -20.00 |
| 74 | Mahuli Samudayik Lag. Bittiya San. Ltd. | 215.00 | 2620.00 | 2592.00 | 2595.00 | 0.00 |
| 75 | Manjushree Finance Ltd. | 3006.00 | 123.00 | 119.00 | 119.00 | 0.00 |
| 76 | Mega Bank Nepal Ltd. | 14036.00 | 164.00 | 162.00 | 164.00 | 2.00 |
| 77 | Mero Microfinance Bittiya Sanstha Ltd. | 147.00 | 1050.00 | 1031.00 | 1032.00 | -14.00 |
| 78 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 53.00 | 1452.00 | 1452.00 | 1452.00 | -29.00 |
| 79 | Miteri Development Bank Limited | 1561.00 | 280.00 | 271.00 | 276.00 | -4.00 |
| 80 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 46.00 | 960.00 | 925.00 | 925.00 | -30.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 7936.00 | 380.00 | 376.00 | 376.00 | -2.00 |
| 82 | Nabil Bank Limited | 5552.00 | 909.00 | 904.00 | 906.00 | -2.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 3656.00 | 705.00 | 702.00 | 704.00 | -4.00 |
| 84 | Nabil Equity Fund | 13471.00 | 9.00 | 9.00 | 9.00 | 0.00 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 698.00 | 1142.00 | 1120.00 | 1123.00 | 3.00 |
| 86 | National Hydro Power Company Limited | 600.00 | 82.00 | 81.00 | 81.00 | -2.00 |
| 87 | National Life Insurance Co. Ltd. | 1012.00 | 770.00 | 761.00 | 761.00 | -7.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 90.00 | 2199.00 | 2121.00 | 2161.00 | 5.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 300.00 | 735.00 | 721.00 | 721.00 | -15.00 |
| 90 | Neco Insurance Co. Ltd. | 1396.00 | 525.00 | 518.00 | 521.00 | -3.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 3146.00 | 210.00 | 205.00 | 207.00 | 0.00 |
| 92 | Nepal Bank Limited | 7872.00 | 292.00 | 287.00 | 289.00 | 0.00 |
| 93 | Nepal Community Dev. Bank Ltd. | 275.00 | 120.00 | 120.00 | 120.00 | -2.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 11035.00 | 184.00 | 179.00 | 182.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 1710.00 | 734.00 | 717.00 | 720.00 | -2.00 |
| 96 | Nepal Hydro Developers Ltd. | 110.00 | 167.00 | 164.00 | 165.00 | -1.00 |
| 97 | Nepal Insurance Co. Ltd. | 1230.00 | 559.00 | 541.00 | 550.00 | 3.00 |
| 98 | Nepal Investment Bank Limited | 5179.00 | 625.00 | 621.00 | 624.00 | 0.00 |
| 99 | Nepal Investment Bank Ltd. Pro. Share | 13911.00 | 555.00 | 547.00 | 550.00 | 5.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. | 2871.00 | 1014.00 | 1009.00 | 1011.00 | -1.00 |
| 101 | Nepal SBI Bank Limited | 1337.00 | 505.00 | 500.00 | 502.00 | -3.00 |
| 102 | Nepal Seva Laghubitta Bittiya San. Ltd. | 10.00 | 388.00 | 388.00 | 388.00 | 7.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1339.00 | 628.00 | 621.00 | 628.00 | 4.00 |
| 104 | Ngadi Group Power Ltd. | 385.00 | 165.00 | 160.00 | 165.00 | 4.00 |
| 105 | NIBL Pragati Fund | 2525.00 | 8.06 | 8.06 | 8.06 | 0.16 |
| 106 | NIBL Samriddhi Fund 1 | 6400.00 | 10.50 | 10.48 | 10.50 | 0.05 |
| 107 | NIC Asia Bank Ltd. | 5531.00 | 317.00 | 314.00 | 317.00 | 1.00 |
| 108 | NIC Asia Growth Fund | 2000.00 | 9.07 | 9.07 | 9.07 | 0.18 |
| 109 | Nirdhan Utthan Laghubitta Bit. San. Ltd | 605.00 | 987.00 | 968.00 | 971.00 | -18.00 |
| 110 | NLG Insurance Company Ltd. | 1538.00 | 870.00 | 843.00 | 843.00 | -22.00 |
| 111 | NMB Microfinance Bittiya Sanstha Ltd. | 620.00 | 1520.00 | 1515.00 | 1520.00 | 4.00 |
| 112 | NMB Bank Limited | 7604.00 | 328.00 | 316.00 | 318.00 | 1.00 |
| 113 | Om Development Bank Ltd. | 6567.00 | 171.00 | 169.00 | 169.00 | -3.00 |
| 114 | Oriental Hotels Limited | 3201.00 | 500.00 | 496.00 | 497.00 | 0.00 |
| 115 | Pokhara Finance Ltd. | 2040.00 | 139.00 | 135.00 | 139.00 | 2.00 |
| 116 | Prabhu Bank Limited | 3692.00 | 188.00 | 184.00 | 186.00 | 0.00 |
| 117 | Prabhu Insurance Ltd. | 1664.00 | 505.00 | 498.00 | 499.00 | -9.00 |
| 118 | Premier Insurance Co. Ltd. | 1452.00 | 1083.00 | 1060.00 | 1061.00 | -13.00 |
| 119 | Prime Commercial Bank Ltd. | 5644.00 | 287.00 | 285.00 | 286.00 | 1.00 |
| 120 | Prime Life Insurance Company Limited | 6908.00 | 521.00 | 516.00 | 516.00 | -2.00 |
| 121 | ProgressiveFinance Limited | 110.00 | 114.00 | 112.00 | 114.00 | 4.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 2741.00 | 741.00 | 730.00 | 731.00 | -10.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 138.00 | 172.00 | 170.00 | 172.00 | 3.00 |
| 124 | Radhi Bidyut Company Ltd | 280.00 | 232.00 | 224.00 | 224.00 | -6.00 |
| 125 | Rairang Hydropower Dev. Company Ltd. | 1630.00 | 160.00 | 154.00 | 160.00 | 1.00 |
| 126 | Rastriya Beema Company Limited | 50.00 | 10402.00 | 10356.00 | 10356.00 | -94.00 |
| 127 | Reliance Finance Ltd. | 3542.00 | 124.00 | 120.00 | 121.00 | -1.00 |
| 128 | Ridi Hydropower Dev. Company Ltd. | 1488.00 | 120.00 | 117.00 | 119.00 | 0.00 |
| 129 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1252.00 | 628.00 | 620.00 | 621.00 | -5.00 |
| 130 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 671.00 | 530.00 | 523.00 | 524.00 | 1.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 945.00 | 1330.00 | 1320.00 | 1320.00 | -10.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 2200.00 | 199.00 | 196.00 | 196.00 | 1.00 |
| 133 | Samata Microfinance Bittiya Sanstha Ltd. | 466.00 | 1311.00 | 1304.00 | 1304.00 | -33.00 |
| 134 | Sana Kisan Bikas Bank Ltd | 341.00 | 1092.00 | 1090.00 | 1091.00 | -9.00 |
| 135 | Sanima Bank Limited | 5989.00 | 317.00 | 315.00 | 316.00 | 2.00 |
| 136 | Sanima Mai Hydropower Ltd. | 105634.00 | 319.00 | 310.00 | 319.00 | 0.00 |
| 137 | Saptakoshi Development Bank Ltd. | 932.00 | 117.00 | 115.00 | 116.00 | -1.00 |
| 138 | Shangrila Development Bank Ltd. | 3070.00 | 148.00 | 144.00 | 144.00 | -3.00 |
| 139 | Shikhar Insurance Co. Ltd. | 2022.00 | 928.00 | 920.00 | 925.00 | -2.00 |
| 140 | Shine Resunga Development Bank Ltd. | 2252.00 | 280.00 | 272.00 | 273.00 | -2.00 |
| 141 | Shree Investment Finance Co. Ltd. | 915.00 | 148.00 | 147.00 | 147.00 | -3.00 |
| 142 | Shrijana Finance (Bittaya Sanstha) | 100.00 | 274.00 | 274.00 | 274.00 | -3.00 |

Total Amount Rs. 207,921,471 Total Quantity 672,368 Total No of Transactions 2,992

२०७५ साउन
शुक्रबार
१८

> त्रिभुवन विमानस्थल, गौतमबुद्ध विमानस्थल, मेलम्ची खानेपानी आयोजना र काठमाडौं उपत्यका खानेपानी वितरण आयोजनाको लक्ष्य प्राप्तिमा आशंका देखिएकाले समय सीमाभित्र काम सक्न सरकारी हस्तक्षेप गर्नुपर्ने अवस्था आए पनि त्यसका लागि पछि पर्न हुदैन।




# एडीबीको सहयोगमा बनिरहेका आयोजनाको काम सुस्त

**नेपाल समाचारपत्र**

काठमाडौं

एसियाली विकास बैंक (एडीबी) को सहयोगबाट नेपालमा सञ्चालित आयोजनाहरुको कार्यप्रगति स्थिति सन्तोषजनक नदेखिएपछि बैंकले ती आयोजनाको काम समयमै पूरा गर्न तथा सकारात्मक नतिजाका लागि सरकारले पहल गर्न सचेत गराएको छ।

बिहीबार काठमाडौंमा आयोजना भएको एसियाली विकास बैंकको सहयोगमा नेपालमा सञ्चालित आयोजनाहरुको स्थितिबारे समीक्षा गर्न त्रिपक्षीय पोर्टफोलियो बैठकमा एडीबी प्रतिनिधिहरुले उक्त धारणा राखेका हुन्।

एडीबी, सरकार र सम्बन्धित आयोजनाका पदाधिकारीबीचको त्रिपक्षीय पोर्टफोलियो समीक्षा बैठकमा एडीबीले लगानी गरेका आयोजनाको कार्यप्रगतिका विषयमा प्रश्न उठेको हो।

एडीबी सहयोगका निर्माण भईरहेका मेलम्ची खानेपानी आयोजना, त्रिभुवन विमानस्थल सुधार आयोजना, गौतम बुद्ध विमानस्थल, भूकम्प आकस्मिक सहयोग आयोजना, सडक सुधार आयोजनालगायत सबै आयोजनामा प्रभावकारी ढंगले कार्यप्रगति हुन नसकेको भन्दै सरकारलाई सचेत गराएको हो। एडीबीको लगानी रहेका पर्यटन तथा हवाई उड्डयन र सिँचाइ तथा खानेपानीका आयोजनाको कार्यप्रगति अन्य क्षेत्रका आयोजनाभन्दा कम सन्तोषजनक देखिएको बैंकका प्रतिनिधिहरुको भनाइ छ।

एडीबी दक्षिण एसिया विभागका उपमहानिर्देशक दिवेश शरणले गत वर्ष सबै आयोजनाको काम सन्तोषजनक भएको तथा नेपालको कार्यसम्पादन राम्रो भए पनि यस वर्ष केही खस्किएको बताउनुभयो। सन्तोषजनक कार्यसम्पादन तथा आयोजना निर्माणको लक्ष्य प्राप्तिका लागि नेपालले थप प्रयास गर्नुपर्ने उपमहानिर्देशक शरणको भनाइ छ।




त्रिभुवन विमानस्थल, गौतमबुद्ध विमानस्थल, मेलम्ची खानेपानी आयोजना र काठमाडौं उपत्यका खानेपानी वितरण आयोजनाको लक्ष्य प्राप्तिमा आशंका देखिएकाले समय सीमाभित्र काम सक्न सरकारी हस्तक्षेप गर्नुपर्ने अवस्था आए पनि त्यसका लागि पछि पर्न नहुने उहाँको भनाइ छ। 'अहिलेकै गतिमा काम अगाडि बढाउँदा लक्ष्य प्राप्ति हुन नसक्ने देखिएको छ। आयोजना निर्माणको काममा ढिलाइ हुँदा विनियोजित बजेट खर्चमा समेत प्रभाव पर्ने र लागत बढ्ने हुन्छ। यस विषयमा सरकार र आयोजना दुवैको समन्वयात्मक भूमिकाबाट सकारात्मक नतिजा निस्किन्छ।' उपमहानिर्देशक शरणले भन्नुभयो।

त्यसैगरी नेपालका लागि एडीबीका देशीय निर्देशक मुख्तर खामुदाखानोभले अन्य विकासशील मुलुकको तुलनामा नेपालमा काम गर्नु चुनौतीपूर्ण रहेको बताउनुभयो। हरेक काममा ढिलासुस्ती नरोकिनु नेपालको मुख्य समस्या रहेको भन्दै उहाँले एडीबीको सहयोगप्रति सरकार संवेदनशील हुन सक्नुपर्ने धारणा राख्नुभयो। 'हामी नेपालमा थप काम गर्न इच्छुक छौं। तर, यसमा नेपालले दृढ प्रतिबद्धताका साथ काम गर्नुपर्छ। एकसाथ काम गर्दा हामी सबैका उद्देश्य प्राप्त हुन्छन्।' मुख्तरले भन्नुभयो।

उक्त कार्यक्रममा अर्थसचिव राजन खनालले एडीबीको सहयोगका निर्माण भइरहेका आयोजनाको काम समयमै सम्पन्न गर्न सबै पक्ष सजग हुनुपर्ने बताउनुभयो।

एडीबीलगायत अन्य दातृ निकायको सहयोगमा निर्माण भइरहेका आयोजना तथा कार्यक्रम लक्ष्य अनुरुप नै अगाडि बढाउन अर्थ मन्त्रालय उचित कार्ययोजना सहित अघि बढेको खनालको भनाइ छ। 'कुनै पनि बहानामा आयोजनाको नीति तथा कार्यक्रम कार्यान्वयनमा ढिलाइ गर्न कसैलाई छुट छैन। यस्ता योजनाको कार्यान्वयनका लागि नियमित छलफलले सरकारलाई पनि नीति तथा कार्यक्रम समयभित्रै कार्यान्वयन गरिसक्न थप दबाब सिर्जना भएको छ।' खनालले भन्नुभयो। पछिल्लो समय मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएकाले पनि आयोजना निर्माणले उल्लेखनीय गति लिने उहाँको भनाइ छ।

सन् २०१८ मा एडीबीमार्फत् विभिन्न आयोजनाका लागि १ अर्ब ५० करोड ८० लाख अमेरिकी डलर अर्थात् कुल ऋण तथा लगानी परिचालनको ६४ प्रतिशत आयोजना सम्झौता भइसकेको र ३६ प्रतिशतको सम्झौता हुन बाँकी रहेको छ।

त्यसैगरी खर्चतर्फ ४० प्रतिशत अर्थात् १३ करोड ५० लाख अमेरिकी डलर खर्च भएको छ भने ६० प्रतिशत रकम खर्च हुन सकेको देखिँदैन। एडीबीले नेपालमा सबैभन्दा बढी शहरी विकास र खानेपानी आयोजनामा ऋण तथा अनुदान सहयोग परिचालन गरेको छ। यो क्षेत्रमा नेपालमा एडीबीबाट परिचालित कुल पोर्टफोलियोको ७५ करोड ८० लाख अमेरिकी डलर अर्थात् ३२ प्रतिशत ऋण तथा अनुदान परिचालन भएको छ। ऊर्जा क्षेत्रमा कुल पोर्टफोलियोको २३ प्रतिशत अर्थात् ५४ करोड ३० लाख अमेरिकी डलर परिचालन भएको छ।

त्यसैगरी यातायातका क्षेत्रमा ४१ करोड ६० लाख अमेकिरी डलर, कृषिका क्षेत्रमा २३ करोड अमेरिकी डलर, पुनर्निर्माणका क्षेत्रमा २० करोड २० लाख डलर र शिक्षा क्षेत्रमा १४ करोड डलर ऋण तथा सहायता परिचालन भएको छ।

एडीबीका ऋण तथा अनुदान सहयोगमा नेपालमा सञ्चालित ३३ परियोजनामध्ये १० वटा परियोजना निर्माणको अन्तिम चरणमा छन् भने २० वटा कार्यान्वयनमा चरणमा छन् भने ३ वटा स्थापना चरणमा रहेका छन्।

## PRESS RELEASE

### एनआईसी एसिया र सिटिजन लाइफबीच सम्झौता



काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीसँग बैंकास्योरेन्स सम्झौता गरेको छ।

सम्झौताअनुसार अब बैंक ग्राहकले बैंकको २३३ वटै शाखाबाट सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा पोलिसीहरु खरिद गर्नु सक्नेछन्। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले हस्ताक्षर गर्नुभयो।

बैंकको २३३ शाखा कार्यालय, २२२ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् १५ वटा शाखारहित बैंकिङ इकाईमार्फत् बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १७५ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५१ अर्ब तथा कुल कर्जा करिब १२१ अर्ब पुगेको छ।

### बीओके गृहलक्ष्मी सेभिङ खाता

BOK GRIHALAXMI SAVINGS

काठमाडौं (नेस)

बैंक अफ काठमाण्डूले महिला ग्राहकलाई लक्षित गरी गृहलक्ष्मी सेभिङ खाता सञ्चालनमा ल्याएको छ। यस खातामा ५ दशमलव २५ प्रतिशत ब्याज भुक्तानी गरिनेछ। साथै नि:शुल्क एटीएम कार्ड (३ वर्षको अवधि), नि:शुल्क बीओके स्मार्ट (सुरुको पहिलो वर्ष), लकर सुविधामा ५० प्रतिशत छुट, नि:शुल्क ब्यालेन्स सर्टिफिकेट र रिटेल कर्जा प्रवाह शुल्कमा शून्य दशमलव २५ प्रतिशत को छुटको व्यवस्था गरिएको बैंकले जनाएको छ।

त्यस्तै तीजको शुभकामनासहित विशेष डिजाइनको कि-रिङ नि:शुल्क प्रदान गरिने बैंकले उल्लेख गरेको छ।

### हुन्डाई एक्सचेन्ज शुरु

HYUNDAI EXCHANGE

काठमाडौं, (नेस)

नेपालका लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले बिहीबारदेखि हुन्डाई एक्सचेन्ज कार्यक्रम ल्याएको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले साउन १७ गते शुरू भएको उक्त हुन्डाई एक्सचेन्ज साउन २० गते आइतबारसम्म सञ्चालन हुनेछ। एक्सचेन्ज अफरका साथै सहज फाइनान्स र इन्योरेन्स सुविधा रहेको कम्पनीले जनाएको छ।

२० हजार रुपियाँ १ लाख ५० हजार रुपियाँसम्म एक्सचेन्ज बोनस साथै चार वर्षको फ्रि सर्भिस, ३ वर्षको वारेन्टी र आकर्षक उपहार हरेक टेस्ट ड्राइभमा प्रदान गरिनेछ। त्यसअन्तर्गत टेस्ट ड्राइभ गर्ने चार लक्की विजेतालाई टेस्ट ड्राइभ एन्ड वीन योजनाअन्तर्गत कुलप्याड सिक्स स्मार्टफोन प्रदान गरिने छ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिका सहायक महाप्रबन्धक बिक्री तथा बजार व्यवस्थापक रुपेश शर्मा भट्ट भन्नुहुन्छ-'ग्राहकलाई सधैं उत्कृष्ट सुविधा प्रदान गर्न लक्ष्मी हुन्डाई तल्लीन रहेको छ।'

### मेगा बैंक र सानिमा लाइफबीच सम्झौता

काठमाडौं (नेस)

मेगा बैंक नेपाल र सानिमा लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्स सम्झौता भएको छ।



मेगा बैंकको प्रधान कार्यालयमा मेगा बैंककी सहायक नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र सानिमा लाइफ इन्स्योरेन्सका नायब महाप्रबन्धक केशवराज केसीले बैंकास्योरेन्स सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो।

सम्झौताअनुसार अब ग्राहकले मेगा बैंकका देशभरिका शाखाबाट सानिमा लाइफ इन्स्योरेन्समा जीवन बीमा गर्नुका साथै प्रिमियम भुक्तानी, दाबी भुक्तानीलगायत सबै सेवा प्राप्त गर्न सक्नेछन्। यो सम्झौताले जीवन बिमा गर्न चाहने र गरिरहेका ग्राहकलाई थप सुविधा प्राप्त हुने मेगा बैंकको विश्वास छ।

### कंगारू एजुकेसन फेयर सम्पन्न

काठमाडौं, (नेस)

कंगारु एजुकेसन फाउन्डेसनले वैदेशिक अध्ययन




गर्न चाहने विद्यार्थीलाई लक्षित गरी आयोजना गरेको कंगारु एजुकेसन फेयर बुधबार काठमाडौंमा सम्पन्न भएको छ।

मेलामा अस्ट्रेलिया, न्युजील्यान्ड, अमेरिका, क्यानडा र युरोपका गरी २६ वटा विश्वविद्यालय, सरकारी कलेज, तथा प्राइभेट कलेजहरुको सहभागिता रहको थियो।

मेला अवलोकनमा आएका विद्यार्थी तथा अभिभावकहरुलाई एकै ठाउँबाट विभिन्न देशको शैक्षिक प्रणाली, विद्यार्थीलाई दिइने सुविधा, काम गर्न पाउने अधिकार, पढ्ने विषय, पढाइपछिको अवसरका विषयमा पूर्ण जानकारी दिइएको कंगारु एजुकेसन फाउन्डेसनका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत महेश बाबु तिमल्सिनाले बताउनुभयो।

# पर्यटन प्रवर्द्धनमा सरकारको ५ वर्षे कार्यदिशा

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले आगामी ५ वर्षभित्र २५ लाख पर्यटन भित्र्याएर कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत बढी पुऱ्याउने महत्वाकांक्षी योजना अघि सारेको छ।

सबै प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सहभागी रहेको कार्यक्रममा बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले 'पर्यटन क्षेत्रको विकासको पाँच वर्षीय कार्यदिशा' सार्वजनिक गरेको हो। उक्त कार्यदिशामा त्यस क्षेत्रको नीतिगत सुधार, पूर्वाधार विस्तार र विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम बनाएर आर्थिक समृद्धि हासिल गर्ने जनाइएको छ।



नेपाल समाचारपत्र जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# सर्वाधिक पुरस्कार राशीको महिला भलिबल हुने

काठमाडौं, (नेस)

नेपाल भलिबल संघले पहिलोपटक फ्रेन्चाइजी महिला भलिबल प्रतियोगिता गर्ने भएको छ। संघले भारतको गैरसरकारी संस्था आधिआवाधी फाउन्डेसनसँग सहकार्य गरेर महिला भलिबल लिग प्रतियोगिता संयुक्तरूपमा आयोजना गर्न लागेको हो।

बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा संघका अध्यक्ष मनोरञ्जनरमण शर्मा र आधिआवाधी फाउन्डेसनका सीईओ दिनेशकुमार सिंहबीच प्रतियोगिता आयोजनासम्बन्धी सम्झौता भएको छ। १० वर्षसम्म कायम हुने सम्झौताअनुसार प्रतियोगिता आयोजनाको सम्पूर्ण जिम्मेवारी आधिआवाधीको हुनेछ। यससँगै प्रतियोगिता सञ्चालनका लागि आधिआवाधीले प्रायोजकसमेत आफैं खोज्नेछ। यस्तै नेपाल भलिबल संघलाई प्रत्यक वर्ष १५ लाखसमेत प्रदान गर्नेछ। यसैबीच सीईओ सिंहले ८ लाखको चेकसमेत हस्तान्तरण गरे।

प्रतियोगिताको विजेताले ६ लाख पाउनेछन् भने दोस्रो हुनेले ३ लाख र तेस्रो हुनेले १ लाख ५० हजार हात पार्नेछन्। यो रकम नेपाल नेपालकै सर्वाधिक पुरस्कार राशीसमेत हो। यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीले एक थान टीभीएस स्कुटर र नगद ५० हजार जित्नेछन्। प्रतियोगितामा तीन विभागीय टिमसहित ६ टिमको सहभागिता रहनेछ। विभागीयबाहेक बाँकीलाई फ्रेन्चाइजी टिमको संरचनामा लगिनेछ।

# नेपालले आज दोस्रो खेल खेल्दै

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली क्रिकेटको एकदिवसीय अन्तर्राष्ट्रिय करिअरमा डेब्यु भएको छ। बुधबार नेदरल्यान्डस्सँग खेलेको खेलबाट नेपाली क्रिकेटले नेपाली खेलकुदमा ठूलो उपलब्धि दिलाएको हो। एक दिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गर्न नेपालले २२ वर्ष लामो समय कुर्नुपरेको थियो। नेपाल यसअघि प्राय:जसो डिभिजनकै चक्करमा परिरहेको थियो। तर, गत मार्चमा जिम्बाबेमा भएको आईसीसी विश्वकप क्रिकेट छनोटमा नेपालले एक दिवसीय अन्तर्राष्ट्रिय यानिकि वानडेमा मान्यता पाएको थियो।



फाइल तस्वीर : अनिल आङदेम्बे

नेपालले ऐतिहासिक वानडे खेलमा जितेर खुसी भने मनाउन पाएन। नेदरल्यान्डस्लाई १ सय ८९ रनमा समेटेर नेपालले जित्ने संकेत गरेको थियो। तर, नेपालको पूरै टोली १ सय ३४ रनमै रोकियो र ५५ रनले हार स्वीकार गर्नुपरेको थियो। नेपालको तर्फबाट ब्याटिङमा वानडे डेब्यु गरेका खेलाडीमध्ये ज्ञानेन्द्र मल्ल भाग्यमानी सावित भए। उनले ५१ रनको अर्धशतकीय पारी खेले। तर, उनको यो रनले नेपाललाई जित दिलाउन सकेन। पारस खड्का १२, अनिल साह २० र दीपेन्द्रसिंह ऐरी ३३ रनमा आउट भए भने अन्य खेलाडी दोहोरो अंकमा नपुग्नु नै नेपालको हारको कारण भएको थियो।

आज हुने खेलमा नेपालका लागि नेदरल्यान्डस्सँग जितेर २ खेलको वानडे सिरिज १-१ बराबरी गर्ने मौका छ। नेपालका बलरमा सोमपाल कामी जमेका छन्। उनले ३ विकेट लिएका थिए। कप्तान पारसले ४ विकेट लिएका थिए। बलिङ र ब्याटिङको प्रदर्शनले नेपालका लागि पारस नै महत्त्वपूर्ण खेलाडी रहेका छन्। उनको बलिङ चल्दा नेपालले विपक्षीलाई मध्यम स्कोरमै प्याकअप गरायो। उनको ब्याट नचल्दा नेपालको ब्याटिङ धरमराएको थियो। तर, दोस्रो खेलमा शरद् भेषवाकर नखेल्ने भएपछि नेपाली ब्याटिङमा समस्या पर्ने सम्भावना पनि त्यतिकै छ। शरद्को पहिलो खेलमा फिल्डिङ गर्ने क्रममा उनको हातमा चोट लागेको थियो। मध्यक्रममा ब्याटिङ गर्ने शरद् बुधबारको खेलमा ११औं नम्बरमा ब्याटिङ गर्न आएका थिए। तर, उनी चल्न सकेनन् र अन्तिम विकेटका रूपमा आउट भए।

### शक्तिको अन्तिम खेल

यो खेल स्पिनर शक्ति गौचनका लागि अन्तिम अन्तर्राष्ट्रिय खेल हुनेछ। युरोप भ्रमणअगाडि नै शक्तिले अन्तिम अन्तर्राष्ट्रिय भ्रमण भनेर घोषणा गरेका थिए। उनको बिदाइ सुनौलो बनाउन नेपालले यो खेल जित्नै पर्ने दबाब पनि रहेको छ। सन् २००२ देखि नेपाली राष्ट्रिय टोलीबाट खेलेका ३५ वर्षीय शक्तिले पहिलो वानडेमा विकेट लिन भने सकेनन्। लिस्ट 'ए' मा उनले कूल १८ विकेट लिएका छन्।

## धरहरा

### नेकपा (जबरा)



एउटा धरहराले कतातिर मात्रै हेरेर भ्याउनु ? मुलुकमा समाजवाद उन्मुखीहरूको शासन छ तर सबैले तनाव खेपिरहनुपरेको छ।

सर्वसाधारण मानिसको त के कुरा गर्नु ? समाजवादकै लागि लडेका बडे-बडे नेतासमेत समाजवाद उन्मुख शासकको 'कू' मा पर्दारहेछन्। मुलुकमा राणाशासन गयो भन्थे होइन रहेछ। काजी नै पाजीहरूको हुकुमी-प्रमाङ्गीको चपेटामा परेका छन्। विचरा गोरखाका काजीले त्यस्तो नहुँदो बिठ्याइँ के नै गरेका थिए र ? भोकभोकै सुतेका केसी मरे भने आफ्नै पार्टी र सरकारको अन्तर्राष्ट्रिय बेइज्जत होला भनेर भेटेको निहुँमा 'कू' मा पर्नुपरेको छ। तर, काजी कसैको कूमा परे पनि लगलग कापेर कट्टुमै सु गर्ने मान्छे भने होइन र'छन्।

त्यसैले उनले प्रवक्ता पद उतै माथिल्लो दरबारलाई फिर्ता गरिदिएछन्। मान्छेले मुखले जे भने पनि व्यवहारमा देखिने दिमागमै भएको कुरा त हो नि। उखानेबा मुखले त आफूलाई लोकतन्त्रवादी भन्छन् प्रधानमन्त्री र पार्टी अध्यक्ष भएदेखिका उनका क्रियाकलाप हेर्‍यो भने 'अधिनायकवादी' नै देखिन्छ। कति पाजीसँग नडराएका काजीलाई त घोक्रेठ्याक लगाउन सक्ने उखानेबाले अरूलाई झन् के टेर्थे ? त्यसैले अब उनको नामको पछाडि जबरा थपेर यो पार्टीको नामै नेकपा (जबरा) राख्नुपर्छ कि भन्ने धरहरालाई लाग्या छ।

# जुडो खेलाडीको प्रशिक्षण बैंककमा हुने

नेपाल समाचारपत्र

काठमाडौं

इन्डोनेसियामा हुने १८औं एसियाली खेलकुदमा सहभागिता जनाउन जुडो टोलीले बैंककमा प्रशिक्षण लिने भएको छ। बिहीबारै त्यसतर्फ प्रस्थान गरेको १४ सदस्यीय टोलीमा एसियाडमा छनोट भएका ७ खेलाडी रहेका छन्। उनीहरू थाइल्यान्ड इन्टरनेसनल जुडो नर्थ बैंकक युनिभर्सिटी च्याम्पियनसिपमा सहभागी हुनेछन्। यही साउन १९ र २० गते हुने उक्त प्रतियोगितामा उनीहरूले नेपालको तर्फकाट चुनौती प्रस्तुत गर्नेछन्।



पुरुषको ६६ केजीमुनि इन्द्रबहादुर श्रेष्ठ, ७३ केजीमुनि सन्जित डंगोल, ९० केजीमुनि श्रीराम मकाजु र १ सय केजीमाथि रविन श्रेष्ठले प्रतिस्पर्धा गर्नेछन्। महिलातर्फ ५२ केजीमुनि देवीका खड्का, ५७ केजीमुनि मनीता श्रेष्ठ प्रधान र ७८ केजीमुनि पुनम श्रेष्ठले भाग लिनेछन्। यीबाहेक एसियाडमा छनोट नभएका सुमित्रा राईले महिला ४८ केजीमुनि तथा पुरुषतर्फ उमेश मगरले ६० केजीमुनि र ८१ केजीमुनि सञ्जय महर्जनले सो प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन्।

### फुपू जापानतिर

१२औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक दिलाएकी फुपूल्हामु खत्री भने नेपाली टोलीमा सहभागिता रहने छैनन्। फुपू एसियाड र जापानको टोकियोमा हुने ओलम्पिक-२०२० को तयारीमा रहेकी छिन्। उनी जापानमा हाल विशेष तयारी लिइरहेकी नेपाल जुडो संघका अध्यक्ष दीपकहर्ष वज्राचार्यले जनाएका छन्। वज्राचार्यले उनीबाट पदक जिताउन विशेष तयारी गरेको पनि बताएका छन्। फुपूले यसअघि ब्राजिलमा भएको ओलम्पिक खेलकुदमा सहभागिता जनाएकी थिइन्। हालसम्म नेपाली जुडोले एसियाडमा पदक जितेको छैन। कराँते, तेक्वान्दो, बक्सिङ खेलबाट नेपालले एसियाडमा पदक जितिसकेको छ।

### हंगेरीको सम्भावना

एसियाली खेलकुदका लागि छनोट भएका खेलाडीलाई हंगेरीमा प्रशिक्षण गराउन लागेको पनि अध्यक्ष वज्राचार्यले जानकारी गराएका छन्। उनले हंगेरीको बुडापेस्टमा यही साउन २५ गतेदेखि २७ गतेसम्म हुने तीनदिने बुडापेस्ट ग्रान्ड प्रिक्स्समा सहभागिता गराउने आशा गरेका छन्। 'यदि साउन २२ गते भिसा उपलब्ध भएमा साउन २३ गते बुडापेस्टका लागि प्रस्थान गर्छौं। खेलाडीले प्रशिक्षणका साथै प्रतिस्पर्धा गर्न पाएमा खेलाडीको स्तर मापन गर्न आधार बन्ने विश्वास हो।' -उनले बताए।

# हालका लागि खेलाडीलाई राहत

नेपाल समाचारपत्र

काठमाडौं

मादक पदार्थ सेवन गरी हो-हल्लाको आरोपमा परेका पाँच खेलाडीलाई राहत मिलेको छ। नेपाली राष्ट्रिय फुटबल टोली र नेपाली यु-२३ राष्ट्रिय फुटबल टोलीको थाइल्यान्ड भ्रमणमा ती पाँचै खेलाडी जान लागेका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा) ले ७२ घन्टाभित्र उनीहरूसँग लिखित जवाफ माग गरेको थियो। उनीहरूको लिखित जवाफ पनि आइसकेको तर सुरक्षा कम्पनी गरुडको स्पष्टीकरण आउन बाँकी रहेको एन्फाले जनायो।

एन्फाका प्रवक्ता किरण राईले जनाएअनुसार सुरक्षा कम्पनीको लिखित जवाफ आएपछि थप छलफल गरिने र छानविनका लागि अनुशासन समितिलाई जिम्मा दिइने जानकारी गराएका छन्। उनले बताए- 'प्रक्रिया चलिरहेको छ।' खेलाडीको भ्रमण भने रोकिने छैन। गत शुक्रबार राति पाँच खेलाडी विमल घर्तीमगर, अञ्जन विष्ट, हेमन्त थापामगर, विशाल राई र छिरिङ गुरुङ शेर्पाले हो-हल्ला गरेको सीसीटीभी क्यामेरामा देखिएको थियो। उनीहरूसँग एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पा र पदाधिकारीले मौखिक जवाफ लिए पनि चित्तबुझ्दो नभएपछि लिखित जवाफ लिएको हो। सुरक्षा कम्पनीसँग ७ दिनको म्याद दिएकाले त्यताबाट एन्फाले जवाफ पाएको छैन।

खेलाडीहरूले साथीकहाँ गएको र कुनै डिस्कोमा नगएको भन्ने जवाफ दिएका थिए। तर, बन्द प्रशिक्षणमा रहेकाले यी खेलाडीले कुनै पनि अप्रिय व्यवहार देखाउन पाउँदैनन्। उनीहरूले किन यस्तो अनुशासनहीन कार्य गरेको यसको छानविन हुनैपर्ने भएकाले एन्फाले यसलाई गम्भीरताका साथ लिएको पनि प्रवक्ता राईले बताएका छन्।

नेपालका दुवै टोली आज थाइल्यान्डका लागि प्रस्थान गर्दै छन्। नेपाली राष्ट्रिय फुटबल टोलीले बंगलादेशमा हुने साफ च्याम्पियनसिपका लागि तयारी गर्नेछ। त्यस्तै नेपाली राष्ट्रिय यु-२३ फुटबल टोलीले इन्डोनेसियामा हुने एसियाली खेलकुदमा सहभागिता जनाउनका लागि अनुभव बटुल्नेछ। जसमा राष्ट्रिय टोलीका ३ खेलाडी पनि सम्मिलित गरिने प्रावधान रहेको छ। तर, अहिलेसम्म को-को सिनियर ३ खेलाडीले खेल्ने छनोट समितिले निर्धारण गरेको छैन। थाइल्यान्डमा नेपालले दुई अभ्यास खेल खेल्नेछ। नेपाली सिनियर टोलीले साउन २२ गते पुलिस टिरोसँग खेल्नेछ। त्यस्तै नेपाली जुनियर टोलीले साउन २५ गते थाइल्यान्डकै यु-२३ टोलीसँग प्रतिस्पर्धा गर्नेछ।

# नेपाललाई भारतमा ५ स्वर्ण



लमजुङ, (नेस)

भारतको राजस्थानमा आयोजना भएको तेस्रो अन्तर्राष्ट्रिय कराँते प्रतियोगिता (थर्ड आईएमएस) च्याम्पियनसिप प्रतियोगितामा नेपालले ५ स्वर्ण जितेको छ।

लमजुङका खेलाडीकै बाहुल्यता भएको नेपाली टोलीले १ रजत र २ कांस्य पनि जित्यो। यही साउन १२ र १३ गते आयोजित प्रतियोगितामा पदक जितेर आएका खेलाडीलाई गृहजिल्लामा लमजुङबासीले स्वागत गरे। उक्त प्रतियोगिताको ७-८ वर्ष उमेर समूहमा कविन गुरुङ, ९-१० वर्ष उमेर समूहमा लाप्साङ तामाङ, १३-१४ वर्ष उमेर समूहमा सुनिल घले, १७-१८ वर्ष उमेर समूहमा विकास गुरुङले स्वर्ण पदक जिते। त्यस्तै उनीहरूका प्रशिक्षक प्रेमबहादुर गुरुङले ६० केजी तौल समूहमा स्वर्ण पदक हात पारेका थिए।

यसै गरी ११-१२ वर्ष उमेर समूहमा प्रियन्स परियार र खुला तौल समूहमा विक्रम घलेले रजत पदक हासिल गरे। ७-८ वर्ष उमेर समूहमा छात्रातर्फ सलिना सुनार र ९-१० वर्ष उमेर समूहमा सरस्वती गुरुङले कांस्य पदक प्राप्त गरेका थिए।

भारतीय मार्सलआर्ट जयपुरको आयोजनामा भएको प्रतियोगितामा नेपाल र भारतका अतिरिक्त भुटान, श्रीलंका, बङ्लादेश, इरानलगायत ११ देशका करिब ४ सय खेलाडीले भाग लिएका थिए। सुन्दरबजार नगरपलिका-९ स्थित भोटेओडारका ती विजेता खेलाडीलाई विशेष कार्यक्रम राखेर नगरपालिकाको तर्फबाट सम्मान गरिने सुन्दरबजार नगरपालिकाका मेयर जनक मिश्रले बताएका छन्।

# इंग्ल्यान्डमा कोहलीको पहिलो शतक

लन्डन, (एजेन्सी)

भारतीय क्रिकेट टोलीका कप्तान विराट कोहलीले इंग्ल्यान्डविरुद्धको पहिलो टेस्टमा शतक प्रहार गरेका छन्।

यो कोहलीको इंग्ल्यान्डमा पहिलो टेस्ट शतकसमेत हो। बर्मिङ्घमस्थित एड्जबास्टनमा पहिलो टेस्टको दोस्रो दिन बिहीबार आफ्नो २२ औं टेस्ट शतक प्रहार गरेका थिए। २९ वर्षीय कोहलीले १ सय ७२ बलको सामना गरेर शतकमा पुग्दा १४ चौका हानेका थिए। कोहली दुईपटक आउट हुनबाट जोगिएका थिए।



पहिलो टेस्टअन्तर्गत पहिलो दिन इंग्ल्यान्ड २ सय ८७ रनमा अलआउट भएको थियो। यसको जवाफमा भारतको ब्याटिङ खराब भएको थियो। यो समाचार तयार गरुन्जेल भारत ९ विकेटको क्षेतिमा २ सय ५३ रनमा रहेको छ। जसमा कोहली १ सय २२ रन बनाएर क्रिजमा जमेका छन्।






कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ